## राष्ट्रिय मानव अधिकार आयोगका कार्यालयहरू

### केन्द्रीय कार्यालय

हरिहर भवन, पुल्चोक, ललितपुर
फोन: ०१—५०१००१५, (हटलाइन: ०१—५०१००००)
फ्याक्स: ०१–५५४७९७३, पोष्ट बक्स नं. ९१८२, काठमाण्डौ, नेपाल
ई–मेल: nhrc@nhrcnepal.org

### प्रदेश कार्यालयहरू:

**कोशी प्रदेश कार्यालय, विराटनगर,मोरङ्ग**
फोन: ०२१–५९०९९३, ५१२९३१  फ्याक्स: ०२१–५११९००
ई–मेल: nhrcbrt@nhrcnepal.org

**मधेश प्रदेश कार्यालय, जनकपुर,धनुषा**
फोन: ०४१–५९०३१३÷१४, फ्याक्स: ०४१–५९०३१५
ई–मेल: nhrcjnk@nhrcnepal.org

**बागमती प्रदेश कार्यालय, हेटौंडा, मकवानपुर**
फोन: ०५७–५९१२११, ५९१३११, फ्याक्स: ००९७७–०५७–५९१३१३
ई–मेल: nhrcsnp@nhrcnepal.org

**गण्डकी प्रदेश कार्यालय, पोखरा,कास्की**
फोन: ०६१—५८६०८१, ५८६०५९, फ्याक्स: ०६१—५३५८७५
ई–मेल: nhrcpkr@nhrcnepal.org

**लुम्बिनी प्रदेश कार्यालय, बुटवल,रुपन्देही**
फोन: ०७१–४१०१७५, फ्याक्स: ०७१–४१०१७६
ई–मेल: nhrcbtl@nhrcnepal.org

**कर्णाली प्रदेश कार्यालय, बिरेन्द्रनगर, सुर्खेत**
फोन: ९८५८०२०२५४
ई–मेल: nhrcskt@nhrcnepal.org

**सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी,कैलाली**
फोन: ०९१–५२५६२१, ५२५६२२, फ्याक्स: ९८५८४२३६२१ (Whatapps,Viber)
ई–मेल: nhrcdhn@nhrcnepal.org ,nhrcdhn.nepal@gmail.com

### प्रदेश शाखा कार्यालयहरू

कोशी प्रदेश शाखा कार्यालय, दिक्तेल,खोटाङ
फोन: ०३६–४२०२८४
ई–मेल: nhrckht@nhrcnepal.org

लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज,बाँके
फोन: ०८१–५२६७०७, ५२६७०८
ई–मेल: nhrcnpj@nhrcnepal.org

कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला
फोन: ०८७–५२०२२२
ई–मेल: nhrcjum@nhrcnepal.org

National Human Rights Commission
Dignity,Equality & Justice for All

# वार्षिक गतिविधि

आ.व. २०८२/८३




## राष्ट्रिय मानव अधिकार आयोग

सुदूरपश्चिम प्रदेश कार्यालय
धनगढी, कैलाली

फोन नं. : ०९१-५२५६२१, ५२५६२२
मो. ९८५८४२३६२१
वेब साईट : www.nhrcnepal.org



राष्ट्रिय मानव अधिकार आयोग सुदूरपश्चिम प्रदेश कार्यालयको आयोजनामा धनगढी, कैलालीमा भएको विश्वव्यापी आवधिक समीक्षा (UPR) को स्थानीयकरणमा प्रदेश तथा स्थानीय सरकारको भुमिका विषयक छलफल कार्यक्रम




राष्ट्रिय मानव अधिकार आयोग सुदूरपश्चिम प्रदेश कार्यालयको आयोजनामा धनगढी, कैलालीमा भएको विश्वव्यापी आवधिक समीक्षा (गएच) को स्थानीयकरणमा प्रदेश तथा स्थानीय सरकारको भुमिका विषयक छलफल कार्यक्रमको तस्विर




राष्ट्रिय मानव अधिकार आयोग सुदूरपश्चिम प्रदेश कार्यालयको आ.व. २०८१/८२ को वार्षिक गतिविधि प्रतिवेदन सुदूरपश्चिम प्रदेशका माननीय प्रदेश प्रमुख नजिर मियाँज्यूसमक्ष पेश गरे पश्चातको सामुहिक तस्विर




राष्ट्रिय मानव अधिकार आयोग सुदूरपश्चिम प्रदेश कार्यालय, सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, यातायात व्यवस्था कार्यालय धनगढी कैलालीको समन्वयमा सार्वजनिक यातायातमा अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिकलगायतका व्यक्तिहरुलाई सहुलियत दिनु पर्ने भन्ने कानूनी व्यवस्थाको कार्यान्वयनको अवस्थाको कैलाली जिल्लाको अत्तरीया वसपार्कमा अनुगमन गर्दाको तस्विर

"जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकारः दिगो शान्ति र समृद्धिको आधार"

## राष्ट्रिय मानव अधिकार आयोग, सुदूरपश्चिम प्रदेश कार्यालयको

# वार्षिक प्रतिवेदन

## आ.ब.२०८२/८३

राष्ट्रिय मानव अधिकार आयोग
सुदूरपश्चिम प्रदेश कार्यालय
धनगढी, कैलाली

**सम्पादन मण्डल**

संरक्षक : प्रकाश दत्त भट्ट

लेखन / सम्पादन : मान बहादुर कार्की

**सदस्य**

मन्दिरा श्रेष्ठ

भूपेन्द्रबहादुर धामी

विदेशराम चौधरी

दैवज्ञराज न्यौपाने

**प्रकाशक**

राष्ट्रिय मानव अधिकार आयोग
सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली
प्रकाशन मिति : २०८३ असार
संस्करण : सोहौं
प्रति :२००

@ सर्वाधिकार: राष्ट्रिय मानव अधिकार आयोग
सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली

---

*आयोगको यस कार्यालयको पूर्व स्वीकृति विना यस प्रतिवेदनलाई बौद्धिक वा शैक्षिक प्रयोजन बाहेक व्यापारिक वा अन्य प्रयोजनका लागि पुनः उत्पादन एवम मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाईने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू साभार गरी प्रयोग गर्न सकिने छ ।*

# आयोगका पदाधिकारीहरू



राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# मन्तव्य

आयोगको सुदूरपश्चिम प्रदेश कार्यालयले आ.ब.२०८२/०८३ को वार्षिक गतिविधि पुस्तिका प्रकाशन गर्न लागेको थाहा पाउँदा मलाई खुसी लागेको छ ।

मानव अधिकार उल्लङ्घनका घटनाहरू हुँन नदिन, राज्यका संयन्त्रहरुलाई मानव अधिकारको सुनिश्चितताका लागि जवाफदेही बनाउन तथा मानव अधिकार संस्कृतिको निर्माण गर्न यस क्षेत्रमा कार्यरत सबैको हातेमालो अपरिहार्य छ ।

प्रस्तुत प्रकाशनले सुदूरपश्चिम प्रदेश अन्तर्गतका जिल्लाहरुको आ.व.२०८२/०८३ को मानव अधिकारको समग्र स्थिति चित्रण गर्ने मेरो विश्वास छ ।

अन्त्यमा, यो वार्षिक गतिविधि पुस्तिका प्रकाशनको कार्यमा संलग्न सुदूरपश्चिम प्रदेश कार्यालयका प्रमुखसहित सम्पूर्ण कर्मचारीहरुको म हार्दिक सराहना गर्दछु ।

(तप बहादुर मगर)
अध्यक्ष

असार २०८३

# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission
सुदूरपश्चिम प्रदेश कार्यालय, Sudurpaschim Province Office
धनगढी, कैलाली, Dhangadhi, Kailali


### मन्तव्य

राष्ट्रिय मानव अधिकार आयोग, सुदूरपश्चिम प्रदेश कार्यालय धनगढीले आ.व. २०८२/८३ मा मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्दन लगायतका विभिन्न क्रियाकलापहरु समेटी वार्षिक गतिविधि प्रतिवेदन प्रकाशन गर्न लागेकोमा खुशी लागेको छ । राज्यका हरेक निकाय आमजनता प्रति जिम्मेवार र जवाफदेही हुन्छन । आफुले सम्पादन गरेका क्रियाकलाप/गतिविधिहरु जनतालाई कुनै न कुनै माध्यमबाट जानकारी गराउनु उनीहरुको कर्तव्य हो ।

यो वार्षिक गतिविधि प्रतिवेदनले आफ्नो प्रदेश भित्रका जिल्लाहरुको समग्र मानव अधिकारको अवस्थालाई चित्रण गर्नुका साथै मानव अधिकार अनुसन्धान तथा प्रबर्धनात्मक कार्यहरु मार्फत आम जनमानसलाई सुसूचित हुन पाउने हक समेतको सम्मान गर्नेमा म विश्वस्त रहेको छु ।

यो प्रतिवेदनले यस प्रदेशको मानव अधिकारको अवस्था, मानव अधिकार संरक्षण र समवर्धनका लागि भएका कार्य विवरण, मानव अधिकार सम्बन्धी सचेतना अभिवृद्धि गर्न, मानव अधिकार संस्कृतीको विकास गर्न, राज्यका विभिन्न निकायको काम कारबाहीबाट जनताको मानव अधिकारमा पर्न गएको प्रभावको चित्रण गर्न तथा मानव अधिकार संरक्षण र संवर्धनका लागि यस प्रदेशमा गर्नु पर्ने थप प्रयासको समेत उजागर गर्न सहयोगी हुनेछ भन्ने मैले विश्वास लिएको छु ।

अन्त्यमा, यो वार्षिक गतिविधि प्रतिवेदन तयार गर्न संलग्न आयोगको सुदूरपश्चिम प्रदेश कार्यालयका प्रमुख सहसचिव श्री प्रकाश दत्त भट्ट सहित सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु ।

मुरारी प्रसाद खरेल

सचिव


फोन नं ००९७७-९१- ५२५६२१, ५२५६२२ , मो ९८५८४२३६२१ 525623
Website: www.nhrcnepal. or Email:nhrcdhn@nhrcnepal.org

# विषय-सूची


**परिच्छेद-१** १
१.१ पृष्ठभूमि १
१.२ राष्ट्रिय मानव अधिकार आयोगको स्थापना र प्रष्ठभूमि ३
१.३ आयोगको संगठनात्मक संरचना र कार्यदिश ५
१.४ उजूरी, छानविन र अनुसन्धान सम्बन्धी व्यवस्था ८
**परिच्छेद-२** ११
२.१. सुदूरपश्चिम प्रदेश कार्यालयको अधिकार क्षेत्र ११
२.२. सुदूरपश्चिम प्रदेशमा आयोगको स्थापना १२
२.३. कार्यालयको संरचनागत अवस्था र कार्यदिश १३
२.४. कार्यक्षेत्र १५
**परिच्छेद-३** १६
३.१. आ.व.२०८२/०८३ को स्वीकृत बजेट तथा कार्यक्रम १६
३.२. अनुगमन सम्बन्धी कार्य १७
३.३. अनुसन्धान सम्बन्धी कार्य १९
३.४. संवर्धन सम्बन्धी कार्य २६
**परिच्छेद-४** ३६
**प्रमूख गतिविधिहरु** ३६
४.१. विश्वव्यापी आवधिक समीक्षा (UPR) बाट सिफारिसहरुको कार्यान्वयन विषय परामर्श कार्यक्र ३६
४.२.कारागार अनुगमन ३७
४.३. कानुनी सचेतना ३८
४.४. Local Youth Conference ३८
४.५. मानव बेचबिखन कार्यशाला गोष्ठी ३९
४.६. व्यवसाय र मानव अधिकार विषयमा छलफल तथा अन्तर्क्रिया कार्यक्रमः- ३९
४.७. प्रादेशिक राष्ट्रिय जाँचबुझ परामर्श कार्यक्रम ४०
४.८.अन्तर्राष्ट्रिय मानव अधिकार दिवस ४०
४.९. मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनको अनुगमनका लागि खटाइएका विद्यार्थीसँग छलफल तथा अन्तर्क्रियाः- ४१
४.१०. अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको सन्दर्भमा छलफल कार्यक्रम ४२
४.११. मानव अधिकारका सवालमा स्थानीय तहको भूमिका ४२
४.१२. आयोगको स्थापना दिवस ४३
४.१३. प्रतिनिधि सभा सदस्य निर्वाचन छलफल ४३
४.१४. दलित महिला र सीमान्तकृत समुदायको मानव अधिकार ४४
४.१५. लागु प्रदार्थ प्रयोग र मानव अधिकार ४४
४.१६. प्रदेश सचिवहरुसँग समन्वय बैठक ४५
४.१७. शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका कारण विस्थापित पीडितहरूको आन्दोलन अनुगमन ४६
४.१८. कैलाली कारागार अनुगमन ४६

४.१९. सार्वजनिक सवारीमा सहुलियत सम्बन्धी व्यवस्थाको कार्यान्वयनको अवस्था अनुगमनः- ४७
४.२०. जेनजी पुस्ताको प्रदर्शनको अनुगमन ४७
४.२१. प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को अनुगमन ४८
४.२२. दिवाखाजा अवस्था अनुगमन ४८
४.२३. कानून कार्यान्वयनको अवस्थाको अनुगमन ४९
४.२४. स्वास्थ्य सस्थाको अनुगमनः- ४९
४.२५. एकद्वार संकट व्यवस्थापन केन्द्र र सुरक्षि आवास गृहको अनुगमनः- ५०
**परिच्छेद-५** **५१**
**मानव अधिकारका प्रमूख सवालहरु** ५१
५.१.आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका सवालहरु ५१
५.२. उपभोक्ता अधिकार ५४
५.३. आदिवासी जनजातिहरूको अधिकार ५६
५.४. वातावरण र विकासको अधिकार ५६
५.५. सबै किसिमका जातीय भेदभावको अवस्था ५७
५.६.ज्येष्ठ नागरिकको अधिकार ५८
५.७. न्याय प्रशासन र सेवा प्रवाह ५९
५.८. महिलाको मानव अधिकार ६०
५.९. आप्रवासी कामदार र शरणार्थीको अधिकार ६१
५.१०. कैदीबन्दीहरुको अधिकार ६३
५.११. यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको अधिकार ६४
५.१२.अपाङ्गता भएका व्यक्तिहरुको अधिकार ६६
५.१३. पेशा व्यवसाय र रोजगारीको अधिकार ६७
५.१४. विचार र अभिव्यक्तिको स्वतन्त्रताको अधिकार ६८
५.१५.उपयुक्त बासस्थान तथा आवासको अधिकार ६९
५.१६. बालबालिकाको अधिकार ७०
५.१७.मुक्त कमैया, कम्लहरी, हलिया र भूमिहिन सुकुम्वासीहरुको अवस्था ७३
५.१८. मानव अधिकार रक्षकहरुको अधिकार ७५
५.१९. विपद् र मानव अधिकार ७६
५.२०. मानव अधिकार राष्ट्रिय कार्ययोजना र विश्वव्यापी आवधिक पुनरावलोकन ७७
५.२१.व्यवसाय र मानव अधिकार ७८
**परिच्छेद-६** ८०
**अनुसूचीहरु** ८०
१. जिल्ला प्रशासन कार्यालयहरः ८०
२. नेपाल प्रहरी कार्यालयहरुः ८०
३. सुदूरपश्चिम प्रदेश सभाका माननीय सदस्यहरुको नाम र सम्पर्क नम्बर ८०
४. सुदूरपश्चिम प्रदेशका स्थानीय तहका पदाधिकारीहरुको सम्पर्क विवरण ८२

# परिच्छेद-१
# नेपालमा मानव अधिकारको विकासक्रम

## १.पृष्ठभूमि

### १.१. मानव अधिकारको अवधारणा

मानव भएकै नाताले हरेक व्यक्तिको न्यूनतम मानवीय मर्यादा सहित जीवनको लागि आवश्यक पर्ने जन्म पूर्वदेखि मृत्युपश्चात् (Pre-womb to Post-tomb) का सबै अधिकार नै मानव अधिकार हुन्। मानव अधिकारलाई शान्ति, समानता र विकासको मूल आधारको रूपमा लिइन्छ। यसको अवधारणा राज्य, मानव समाज, सभ्यता र धर्मको उत्पतिसँगै शुरुवात भएको देखिन्छ। प्राचीनकालदेखि समाजमा हुने गरेका अन्याय, अत्याचार, दमन तथा उत्पीडनबाट मुक्ति पाउनका लागि गरिएको विद्रोह, आन्दोलन तथा सामाजिक न्याय स्थापनार्थ गरिएका प्रयासहरुबाट मानव अधिकारको अवधारणाको विकास भएको हो। प्राकृतिक अधिकार, नैसर्गिक अधिकार, आधारभूत अधिकार, मौलिक अधिकार, कानूनी अधिकार, नागरिक अधिकार लगायतका सम्पूर्ण अधिकारहरू नै मानव अधिकार हुन्।

मानव अधिकारको प्रयोग शासकीय स्वरुप, धर्म, प्रथा, परम्परा, रीतिरिवाज, कला, संस्कृति, विकास भाषालगायत बहुआयामिक रुपमा अभ्यास गरिँदै आएको छ। हिन्दूहरुको सबै सुखी बनुन् भन्ने अभ्यास (समृद्ध नेपाल, सुखी नेपाली -सर्वे भवन्तु सुखिन), बौद्धहरुको करूणाको अभ्यास (समानुभूति), इसाईहरुको असल छिमेकी (Love thy neighbor) को अभ्यास, ईस्लामहरुको दान दिने अभ्यास (सामाजिक न्याय), शिखहरुको लंगर (Community kitchen) को अभ्यास (खाद्य अधिकार), जैनहरुको अपरिग्रह (Non-possessiveness) को अभ्यास (दिगो जीवन र विकास), साथै युद्धबन्दीलाई सम्मानपूर्ण व्यवहार गरिनु, तथा युद्धमा एक अर्काका दूतलाई मार्न नहुने आदि प्राचीन अवधारणाहरू आधुनिक मानव अधिकारका विषयवस्तु हुन्। वर्तमान समयमा मानव अधिकारका क्षेत्रमा प्राथमिकताका साथ भएका अभ्यास, बहस र पैरवी पहिलेदेखि नै प्रचलनमा रहेका देखिन्छन्।

विश्व इतिहासका विभिन्न कालखण्डमा विभिन्न देशहरूमा भएका आन्दोलन, क्रान्ति, सन्धि-सम्झौता, स्वतन्त्रता संग्रामहरू, सम्मेलनहरूबाट[१] प्राप्त ऐतिहासिक उपलब्धिहरूले मानव अधिकारको आधुनिक अवधारणाको विकास र विस्तारमा महत्वपूर्ण भूमिका रही मानव अधिकारको विकासक्रमका लागि कोशेढुंगाको रुपमा साबित भएका छन्। सन् १९४८ डिसेम्बर १० (वि.स. २००५ साल मंसिर २५ गते) मा संयुक्त राष्ट्रसंघको महासभाद्वारा पारित प्रस्ताव नं. A/RES/217(III) बाट ग्रहण र घोषणा गरिएको ३० वटा धाराहरू सहितको मानव अधिकारको विश्वव्यापी घोषणापत्र (UDHR) जारी भए पश्चात् मानव अधिकारको आधुनिक अवधारण सुरू भएको मानिन्छ।

---

[१] बेलायतको म्याग्नाकार्टा, १२१५, राजा जयस्थिति मल्लद्वारा वि.स. १४३६ मा बनाइएको मानवन्यायशास्त्र न्यायविकासिनी, The Petition of Right , 1628, बेलायतीको बन्दी प्रत्यक्षीकरण ऐन, १६४० र १६४९, बेलायतको बिल अफ राइट्स, १६८९, अमेरिकी स्वतन्त्रताको घोषणा, १७७६, मानव अधिकारको फ्रान्सेली घोषणापत्र, १७८९ भियना सम्मेलन, १८१४-१८१५, बर्लिन सम्मेलन, १८१५, ब्रसेल्स सम्मेलन, १८८०, हेग सम्मेलन १८९९ र १९०७, सोभियत संघको बोल्सेभिक क्रान्ति, १९१७, जेनेभा महासन्धी, १९४९, सन् १९२० को राष्ट्रसंघको स्थापना, सन् १९४५ अक्टोबर २४ मा संयुक्त राष्ट्रसंघको स्थापना, सन् १९४८ डिसेम्बर १० मा जारी भएको मानव अधिकारको विश्वव्यापी घोषणापत्र जस्ता दस्तावेजलाई मानव अधिकारको विकासक्रममा कोशेढुंगाको रुपमा लिन सकिन्छ।

नेपाल राज्यको उत्पतिसँगै विभिन्न कालखण्ड विभिन्न शासकहरूले अभ्यास गरेका विभिन्न रीति, प्रथा, परम्परा, धर्म, संस्कृति, कानून, आदेश, सनद र सवालहरूद्वारा जनताको अधिकारको आंशिक वा पूर्ण सुनिश्चितताको प्रयास गरेको पाइन्छ। नेपालमा हालसम्म जारी भएका ७ वटै संविधानहरूमा मौलिक हकको व्यवस्था गरिएको छ। नेपाल अधिराज्यको संविधान, २०४७ को प्रस्तावनामा नेपाली नागरिकहरूको आधारभूत मानव अधिकार सुरक्षित गर्ने भनी उल्लेख भएबाट औपचारिक तवरले नेपालमा मानव अधिकारको सुरूवात भएको देखिन्छ।

सन् १९५५ डिसेम्बर १४ (वि.स. २०१२ साल मंसिर २९ गते) मा नेपालले संयुक्त राष्ट्रसंघको सदस्य प्राप्त गरे पश्चात् नेपाल विभिन्न अन्तर्राष्ट्रिय सन्धिहरू, आलेखहरूको पक्षराष्ट्र हुँदै आएको छ। ती मध्येः- सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (ICERD), १९६५; नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR), १९६६; आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICESCR), १९६६; महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि (CEDAW) , १९७९; यातना तथा क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि (CAT), १९८४; बाल अधिकार सम्बन्धी महासन्धि (CRC), १९८९; अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धि (CRPD) ,२००६ समेतका मानव अधिकार सम्बन्धी विभिन्न सन्धिहरूको नेपाल पक्षराष्ट्र रहेको छ। नेपालको संविधानको प्रस्तावनामा मौलिक हक र मानव अधिकार समेतका मुल्य मान्यताको आधारमा समृद्ध राष्ट्र निर्माण गर्ने उद्देश्य राखिएको छ। राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा २ (च) मा "मानव अधिकार" भन्नाले व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानूनद्वारा प्रदान गरिएका अधिकार सम्झनु पर्छ र सो शब्दले नेपाल पक्ष भएको मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिमा निहित अधिकार समेतलाई जनाउँछ भनी उल्लेख गरिएको छ। नेपालको संविधानको धारा ३०६ को उपधारा (१)(ख) मा "कानून" भन्नाले संघीय कानून, प्रदेश कानून र स्थानीय कानून सम्झनु पर्छ भनी उल्लेख गरिएको छ। उल्लिखित परिभाषाहरू अनुसार मानव अधिकार भन्नाले नेपाल पक्ष भएको मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरू, नेपालको संविधान, संघीय कानून, प्रदेश कानून र स्थानीय कानूनले प्रत्येक व्यक्तिलाई प्रदान गरेको हक अधिकारलाई बुझाउँदछ।

हाल प्रचलनमा रहेको नेपालको संविधानको प्रस्तावनामा जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात् गर्ने, सबै प्रकारका विभेद र उत्पीडन अन्त्य गर्ने, आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने, समतामूलक समाज निर्माण गर्ने, समृद्ध राष्ट्र निर्मार्ण गर्ने, दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्ने उद्देश्यहरू उल्लेख गरिनु, ३१ वटा मौलिक हक सम्बन्धी व्यवस्था रहनु, तीन तहको राज्य संरचना र तीनै तहमा राज्यशक्तिको बाँडफाँड सम्बन्धी व्यवस्था गरिनु, १३ वटा संवैधानिक निकायको व्यवस्था रहनु, धारा ५० राज्यका ४ वटा निर्देशक सिद्धान्तहरुको व्यवस्था गरिनु, धारा ५१ मा राज्यका १३ वटा नीतिहरूको व्यवस्था गरिनु, धारा ८२ बमोजिमको नेपाल सरकार कार्यविभाजन नियमावली, २०८३, धारा १७४ बमोजिमको सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८१ र धारा २१८ बमोजिम गाउँ कार्यापलिका/नगर कार्यपालिका कार्यविभाजन नियमावलीमा मानव अधिकार र

नागरिक स्वतन्त्रताको संरक्षण, प्रवर्द्धन र समन्वय गर्ने गरी कार्यविभाजन गरिएको व्यवस्थासमेतले मानव अधिकारको विकास, सम्मान, संरक्षण र संवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनको लागि बलियो आधार प्रदान गरेको छ। मानव अधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौताको नेपाल पक्षराष्ट्र भई सोही बमोजिम आन्तरिक व्यवस्थाका लागि उचित व्यवस्थापन गर्ने प्रयास गरी विश्वसामु मानव अधिकारको पक्षमा नेपालले आफूलाई उभ्याउने प्रयास निरन्तर गरिरहेको छ।
अष्ट्रियाको भियानामा सन् १९९३ मा सम्पन्न संयुक्त राष्ट्र संघीय विश्व मानव अधिकार सम्मेलनले संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरूलाई विश्वमा मानव अधिकार संस्कृतिको विकासका लागि सहकार्य गर्न एवं मानव अधिकारको संरक्षण र प्रवर्द्धनको लागि राष्ट्रिय कार्ययोजना तयार गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न आह्वान गरे बमोजिम नेपाल सरकारले सरोकारवालाहरूको परामर्शमा आ.व. २०६१/६२ देखि मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्दै आएकोमा आ.व. २०८१/८२ सम्म ५ वटा कार्ययोजनाहरू लागु भइसकेका छन्। आ.व. २०८३/८४ देखि मानव अधिकार सम्बन्धी छैटौं राष्ट्रिय कार्ययोजनाको तर्जुमा भई मानव अधिकारको योजनावद्ध विकास र मानव अधिकार संस्कृति (Human Rights Culture) निर्माणका लागि बहुपक्षीय, बहुआयामिक प्रयासहरू भइरहेका छन्।

## १.२.राष्ट्रिय मानव अधिकार आयोगको स्थापना र पृष्ठभूमि

नेपालको इतिहासका फरक फरक कालखण्डमा विभिन्न राजाहरु र शासकले [२] विभिन्न रीति, प्रथा, परम्परा, धर्म, संस्कृति, कानून, आदेश, सनद र सवालहरूको माध्यमबाट जनताको अधिकारको आंशिक वा पूर्ण सुनिश्चितताको प्रयास गरेको पाइन्छ। सन् १९५५ (वि.स. २०१२) मा नेपाल संयुक्त राष्ट्रसंघको सदस्य भएपश्चात् मानव अधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धि, पुरक महासन्धि, प्रतिज्ञापत्र, स्वेच्छिक आलेखसमेतको नेपाल पक्षराष्ट्र भएको छ।
मानव अधिकारको संरक्षण र संवर्धन गर्नको लागि सन् १९९१ (वि.स. २०४८) मा फ्रान्सको पेरिसमा संयुक्त राष्ट्रसंघीय मानव अधिकार सम्बन्धी सम्मेलनमा संयुक्त राष्ट्रसंघले आफ्ना सबै सदस्य राष्ट्रहरूलाई मानव अधिकारको संरक्षण र संवर्धन गर्नको लागि एउटा राष्ट्रिय मानव अधिकार संस्था स्थापना गर्न गरेको प्रस्तावलाई सन् १९९३ डिसेम्बर २० (वि.स. २०५० पुष ५) मा संयुक्त राष्ट्रसंघको महासभाद्वारा पारित प्रस्ताव नं. ४८/१३४ बाट ग्रहण गरेको **पेरिस सिद्वान्त** बमोजिम नेपालमा तत्काल राष्ट्रिय मानव अधिकार संस्था[३] स्थापना हुन सकेको थिएन। लामो समयको जनदवाव

---

[२] गोपालवंशी शासकहरू, महिषपालवंशी राजाहरू, किराँतवंशी राजाहरू, लिच्छवि काल, मल्लकाल (मध्यकाल), शाह वंश (आधुनिक काल), राणाशासनकाल, राणाकालपछिको राजनीतिक विकासक्रम, लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था।
(Nepal_Parichaya_12th_edition_2081_website_Final.pdf)

[३] https://www.nhrcnepal.org/uploads/publication/Jannu_Parne_Kura.pdf मानव अधिकार आयोग ऐन, २०५३ अनुसार स्थापित आयोग नेपालको संविधानको भाग २५ धारा २४८ बमोजिम संवैधानिक निकायको रुपमा व्यवस्था गरिएको छ। मानव अधिकारको पेरिस सिद्धान्तले निम्न ६ वटा तत्वहरूलाई मानव अधिकार राष्ट्रिय संस्था स्थापनाको अनिवार्य सर्त मानेको छः १. बृहत् कार्यदिश, २. स्वायत्तता, ३. स्वतन्त्रता, ४. बहुलवादमा आधारित, ५. पर्याप्त स्रोत र ६. मानव अधिकार उल्लङ्घनको अनुसन्धानको पर्याप्त अधिकार ।

र मानव अधिकारवादीहरुको आन्दोलनपछि तत्कालीन संसदमा गैरसरकारी विधेयकको रूपमा दर्ता भई मानव अधिकार आयोग ऐन, २०५३ जारी भएको थियो। ऐन जारी भएको लामो समय बितिसक्दा पनि आयोगको गठन हुन नसकेको बिषयलाई लिएर सर्बोच्च अदालतमा रिट निवेदन दायर[४] गरिएको थियो। सर्वोच्च अदालतबाट उक्त रिटमा सुनुवाई हुँदा राष्ट्रिय मानव अधिकार आयोगको गठन गर्नु गराउनु भनी तत्कालीन सरकारका नाममा परमादेश जारी गरेको थियो। परिणाम स्वरुप मिति २०५७ साल जेठ १३ गतेका दिनमा राष्ट्रिय मानव अधिकार आयोगको विधिवत रुपमा गठन भएको हो। राष्ट्रिय मानव अधिकार आयोग सुदूरपश्चिम प्रदेश (तत्कालीन क्षेत्रीय) कार्यालयको स्थापना वि.स. २०६२ साल फागुन १७ गते स्थापना भएको हो।

राष्ट्रिय मानव अधिकार संस्थाहरूको संरचना, पदाधिकारीको नियुक्ति, आर्थिक स्वायत्तता तथा प्रशासनिक स्वतन्त्रता समेतका विषयलाई मुख्य रूपले Global Alliance of National Human Rights Institutions (GANHRI) ले निगरानी गर्दै आइरहेको छ। ४ जुन २०२६ मा GANHRI ले ११९ वटा National Human Rights Institutions (NHRI) समीक्षा गरेको नतिजा प्रकाशन गरेको छ। नेपाल सहित ९१ वटा NHRI ले पेरिस सिद्धान्तको पूर्ण परिपालना गरेको भनी A-Status मा वर्गीकरण गरेको छ।

### १.२.१. राष्ट्रिय मानव अधिकार आयोगका कार्यालयहरुको स्थापना

समग्र मानव विकास सुचकाङ्कमा देशका अन्य प्रदेशको तुलनामा पछाडी रहेको सुदूरपश्चिम प्रदेशमा आयोगले केन्द्रीय कार्यालयबाट मात्र यस प्रदेशमा मानव अधिकारको अनुगमन तथा अनुसन्धान गर्न सम्भव नहुँदा नेपाल सरकारको अतिरिक्त दात्तृ निकायको सहयोगमा तत्कालीन अवस्थामा देशका विभिन्न ५ विकास क्षेत्रमा क्षेत्रीय कार्यालयहरु स्थापना भएका थिए भने ३ स्थानमा सम्पर्क कार्यालयहरु स्थापना भएका थिए। आयोगको सुदूरपश्चिम प्रदेश, कार्यालय धनगढी, कैलालीको (तत्कालीन क्षेत्रीय कार्यालय) विधिवत् उद्घाटन वि.स.२०६२ साल फागुन १७ गतेका दिन आयोगका तत्कालीन माननीय सदस्य श्री सुदिप पाठकज्यूबाट भएको थियो। अछाम, कञ्चनपुर, कैलाली, डडेल्धुरा, डोटी, दार्चुला, बझाङ, बाजुरा र बैतडी गरी सुदूरपश्चिमका ९ वटा जिल्लाभित्रका संघीय, प्रादेशिक, स्थानीय तह, निजी क्षेत्र, गैर सरकारी संस्था समेतका कार्यालयहरुसँग राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ३० बमोजिम आयोगबाट प्रत्यायोजित भएको अधिकार अनुसार आयोगको यस कार्यालयले उजुरीहरुको अन्तिम निर्णय बाहेक मानव अधिकारको सम्मान, संरक्षण र संवर्धन समेतका कार्यमा तोकिए बमोजिम समन्वय र सहकार्य गर्दै आइरहेको छ।

---

[४] https://nkp.gov.np/?mudda_number=&faisala_date_from=&faisala_date_to=&mudda_type=&mudda_name=&badi=&pratibadi=&judge=&ijlas_type=&nirnaya_number=%E0%A5%AC%E0%A5%AD%E0%A5%AA%E0%A5%AB&faisala_type=&keywords=&edition=&year=&month=&volume=&Submit=%E0%A4%96%E0%A5%8B%E0%A4%9C%E0%A5%8D%E2%80%8D%E0%A4%A8%E0%A5%81%E0%A4%B9%E0%A5%8B%E0%A4%B8%E0%A5%8D# जनहित संरक्षक मन्चका तर्फबाट अधिकार प्राप्त तथा आफ्नो तर्फबाट समेत जि. कन्चनपुर महेन्द्रनगर न.पा. वडा नं.. ४ स्थायी घर भई हाल का.जि. का.म.न.पा. वडा नं. १० नयां वानेश्वर वस्ने अधिवक्ता भोजराज ऐर समेत बिरुद्धः मानव अधिकार आयोग ऐन, २०५३ को दफा ४ को सिफारिश समितिको पदेन अध्यक्ष सम्माननीय प्रधानमन्त्री श्री गिरिजा प्रसाद कोइराला, प्रधानमन्त्रीको कार्यालय सिंहदरवार समेत ने.का.प. नि.नं. ६७४५ ।

### १.३. आयोगको संगठनात्मक संरचना र कार्यदिश

#### १.३.१. आयोगको संरचना

नेपालको संविधानको धारा २४८ बमोजिम आयोगमा अध्यक्ष र चार जना सदस्यहरूको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा संसदीय सुनवाइपछि राष्ट्रपतिबाट हुने व्यवस्था गरिएको छ[५]। आयोगको नीतिगत व्यवस्था अनुसार हाल आयोगको केन्द्रीय कार्यालय, प्रादेशिक कार्यालयहरु बिराटनगर, जनकपुर, हेटौडा, पोखरा, बुटवल, सुर्खेत र धनगढी, प्रदेश शाखा कार्यालयहरु खोटाङ, नेपालगञ्ज र जुम्ला गरी आयोगका जम्मा ११ वटा कार्यालयहरुले तोकिएको क्षेत्राधिकार र कार्यदिश बमोजिम संघ, प्रदेश, स्थानीय तहहरु, निजी क्षेत्र र गैरसरकारी संघ संस्थाहरुसँग समेतको समन्वय र सहकार्यमा मानव अधिकारको संरक्षण, संवर्धन सम्बन्धी कार्य गर्दै आईरहेका छन्। आयोगको काम कारबाही सम्पन्न गर्न ३०९ जना कर्मचारीको स्वीकृत दरबन्दी संरचना रहेको छ।

#### १.३.२. आयोगको कार्यदिश

नेपालको संविधानको धारा २४९ अनुसार मानव अधिकारको सम्मान, संरक्षण र संवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु आयोगको प्रमुख कर्तव्य हुने भनी उल्लेख गरिएको छ।
नेपालको संविधान अनुसार संवैधानिक निकायका प्रमुख र पदाधिकारी संघीय संसदप्रति उत्तरदायी र जवाफदेही रहनु पर्नेछ। प्रतिनिधि सभाका समितिले राष्ट्रिय मानव अधिकार आयोग बाहेकका अन्य संवैधानिक निकायको प्रतिवेदन लगायतका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन सक्नेछ[६] भनी उल्लेख भएको व्यवस्था अनुसार आयोगको अन्य संवैधानिक निकायसरह समान हैसियत भए तापनि कार्यगत हिसाबले विशिष्ट पहिचान रहनुको मूलकारण पेरिस सिद्धान्तमा आधारित रही स्थापित हुनु हो। आयोग संविधानको धारा २४९ अनुसार नेपाल पक्ष राष्ट्र भएको मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरु र तिनका घरेलु प्रावधानद्वारा हरेक व्यक्तिको मानव अधिकार संरक्षण, संवर्धन र त्यसको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भए वा नभएको सम्बन्धमा आवश्यक अनुगमन र प्राप्त उजुरी, गुनासाहरु वा आयोगले विभिन्न माध्यमबाट आफैले जानकारी लिएको विषयमा अनुसन्धान गरी सुधार गर्नुपर्ने, कारबाही र क्षतिपूर्ति दिनुपर्ने अवस्था देखिएमा नेपाल सरकार तथा सम्बन्धित निकायलाई सिफारिस गर्ने, ध्यानाकर्षण गराउने र आवश्यकता अनुसार निर्देशन दिने कार्य गर्दछ। मानव अधिकारको संस्कृति निर्माण तथा दण्डहीनताको अन्त्यका लागि सरकारी तथा गैरसरकारी निकाय, अन्य सरोकारवालाहरु, नागरिक समाज, विभिन्न पेशा व्यवसायीसँग आयोगले सहकार्य गर्दै आईरहेको छ। त्यसको सहजताका लागि आयोगले मानव अधिकार सम्बन्धी निर्देशिकाहरु समेत जारी गरेको छ। यसैगरी सामूहिक अधिकारको सवाल होस् वा तत्काल आईपरेका मानव अधिकारका मुद्दाहरुलाई आयोगले सहकार्यको माध्यमबाट एकल वा संयुक्त रुपमा अनुगमन र प्रबर्धनात्मक कार्यहरु समेत गर्दै आईरहेको छ।
आयोगको काम, कर्तव्य, अधिकार तथा कार्यविधिको सम्बन्धमा कानूनी व्यवस्था गर्न नेपालको संविधानको धारा २४९ र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ तथा राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपुर्ति निर्धारण) नियमावली, २०६९ र विभिन्न निर्देशिका

---

[५] नेपालको संविधान धारा २४८, २८४ र २९२ https://www.moljpa.gov.np/public/uploads/cff6c0ea-7736-412f-bafd-75b64afcdf17.pdf

[६] संविधानको धारा २९३ https://www.moljpa.gov.np/public/uploads/cff6c0ea-7736-412f-bafd-75b64afcdf17.pdf

कार्यान्वयनमा रहेका छन्। संविधान, ऐन, कानून अन्तर्गत प्राप्त कार्यादेशको प्रभावकारी कार्यान्वयनको लागि आयोगले रणनीतिक योजना बनाइ कार्य गर्दै आइरहेकोमा हाल आयोगको छैठौं रणनीतिक योजना २०२१ देखि २०२६ कार्यान्वयनमा रहेको छ ।

### १.३.३.आयोगका काम, कर्तव्य र अधिकारहरुः

नेपालको संविधानको धारा २४९ मा राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य र अधिकारका बारेमा उल्लेख गरिएको छ। साथै राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ४ मा संविधानको धारा २४९ मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त आयोगको अन्य काम, कर्तव्य र अधिकारहरु उल्लेख गरिएका छन्।

#### १.३.३.१.आयोगको कर्तव्य

मानव अधिकारको सम्मान, संरक्षण र संवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु आयोगको कर्तव्य हुनेछ[७]।

#### १.३.३.२.आयोगको काम

नेपालको संविधान बमोजिम आयोगको कर्तव्य पूरा गर्नका लागि राष्ट्रिय मानव अधिकार आयोगले गर्नु पर्ने कामहरू देहाय बमोजिम उल्लेख गरिएका छन्।[८]

क) कुनै व्यक्ति वा समूहको मानव अधिकार उल्लङ्घन वा त्यसको दुरुत्साहन भएकोमा पीडित आफै वा निजको तर्फबाट कसैले आयोग समक्ष प्रस्तुत वा प्रेषित गरेको निवेदन वा उजुरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको वा आयोगको जानकारीमा आएको विषयमा छानबिन तथा अनुसन्धान गरी दोषी उपर कारबाही गर्न सिफारिस गर्ने,

ख) मानव अधिकार उल्लङ्घन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा कर्तव्य पालना नगरेमा वा जिम्मेवारी पूरा गर्न वा कर्तव्य पालना गर्न उदासीनता देखाएमा त्यस्तो पदाधिकारी उपर विभागीय कारबाही गर्न सम्बन्धित अधिकारी समक्ष सिफारिस गर्ने,

ग) मानव अधिकार उल्लङ्घन गर्ने व्यक्तिका विरुद्ध मुद्धा चलाउनु पर्ने आवश्यकता भएमा कानून बमोजिम अदालतमा मुद्धा दायर गर्न सिफारिस गर्ने,

घ) मानव अधिकारको चेतना अभिवृद्धि गर्न नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने,

ङ) मानव अधिकारको उल्लङ्घनकर्तालाई बिभागीय कारबाही तथा सजाय गर्न कारण र आधार खुलाई सम्बन्धित निकायमा सिफारिस गर्ने,

च) मानव अधिकारसँग सम्बन्धित प्रचलित कानूनको आवधिक रुपमा पुनरावलोकन गर्ने तथा त्यसमा सुधार तथा संशोधन गर्नु पर्ने सुधार तथा संशोधनका सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

छ) मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि सम्झौताको नेपाल पक्ष बन्नु पर्ने भएमा त्यसको कारणसहित नेपाल सरकारलाई सिफारिस गर्ने र नेपाल पक्ष बनिसकेका सन्धि वा सम्झौताको कार्यान्वयन भए वा नभएको अनुगमन गरी कार्यान्वयन नभएको पाइएमा त्यसको कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

---

[७] नेपालको संविधानको धारा २४९ को उपधारा (१)

[८] नेपालको संविधानको धारा २४९ को उपधारा (२)

ज) मानव अधिकारको उल्लङ्घनका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिस वा निर्देशन पालन वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानून बमोजिम सार्वजनिक गरी मानव अधिकार उल्लङ्घनकर्ताको रुपमा अभिलेख राख्ने,

**१.३.३.३.आयोगको अधिकार**

राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो कार्यसम्पादन गर्दा वा कर्तव्य पालन गर्दा देहाय बमोजिमका अधिकारहरू प्रयोग गर्न सक्ने भनी उल्लेख गरिएको छ[९]।

क) कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई जानकारी वा बयान लिने वा बकपत्र गराउने, प्रमाण बुझ्ने, दशी प्रमाण दाखिला गर्न लगाउने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार प्रयोग गर्ने।

ख) मानव अधिकारको गम्भीर उल्लङ्घन हुन लागेको वा भइसकेको सूचना आयोगले कुनै किसिमबाट प्राप्त गरेमा कुनै व्यक्ति वा निजको आवास वा कार्यालयमा विना सूचना प्रवेश गर्ने, खानतलासी लिने तथा त्यसरी खानतलासी लिंदा मानव अधिकारको उल्लङ्घनसँग सम्बन्धित लिखत, प्रमाण वा सबुद कब्जामा लिने।

ग) कुनै व्यक्तिको मानव अधिकार उल्लङ्घन भई रहेको कुरा जानकारी भई तत्काल कारबाही गर्नु पर्ने आवश्यक देखिएमा विना सूचना सरकारी कार्यालय वा अन्य ठाउँमा प्रवेश गर्ने र उद्धार गर्ने।

घ) मानव अधिकारको उल्लङ्घनबाट पीडित भएको व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति दिन आदेश दिने।

**१.३.३.४. राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ४ मा उल्लेख गरिएका आयोगका अन्य काम, कर्तव्य र अधिकारहरुः-**

राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ४ को उपदफा (१) मा संविधानको धारा २४९ मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त आयोगको अन्य काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम उल्लेख गरिएका छन्।

(क) मानव अधिकारको संरक्षणका लागि कारागार, नेपाल सरकारका अन्य निकाय, सार्वजनिक संस्था वा निजी संस्था वा अन्य कुनै ठाउँको निरीक्षण तथा अनुगमन गर्ने, गराउने र मानव अधिकारको संरक्षणको लागि त्यस्ता निकाय, संस्था वा ठाउँमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक सुझाव वा निर्देशन दिने,

(ख) मानव अधिकारको उल्लङ्घन भएको बारे अदालत समक्ष दाबी समावेश भएको विचाराधीन मुद्दाका विषयमा सम्बन्धित अदालतको अनुमतिबाट छानबिन गर्ने,

(ग) मानव अधिकार सम्बन्धी प्रचलित कानूनको कार्यान्वयन स्थितिको अनुगमन गर्ने तथा सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह समक्ष सिफारिस गर्ने,

(घ) मानव अधिकारको संरक्षण, संवर्धन, प्रवर्द्धन तथा कार्यान्वयनका सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्ने,

---

[९] नेपालको संविधानको धारा २४९ को उपधारा (३)

(ङ) मानव अधिकार सम्बन्धी शिक्षामूलक विषयवस्तुलाई विद्यालय तथा विश्वविद्यालयको पाठ्यक्रममा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,

(च) मानव अधिकारको विद्यमान अवस्था बारे समीक्षा गरी सो सम्बन्धी प्रतिवेदनहरु सार्वजनिक गर्ने,

(छ) मानव अधिकारको संरक्षण, संवर्द्धन तथा प्रवर्द्धनका लागि आवश्यक र उचित ठानेका अन्य कार्य गर्ने वा गराउने।

(२) मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्ने कार्यमा आयोग स्वतन्त्र र स्वायत्त रहनेछ।

### १.३.३.५. काम, कर्तव्य र अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्था

राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार सो आयोगको अध्यक्ष, कुनै सदस्य वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग गर्न सक्नेछ[१०] भन्ने संवैधानीक व्यवस्था र आयोगले संविधान र ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार अध्यक्ष, सदस्य, आयोगका कुनै अधिकृत स्तरको कर्मचारी, नेपाल सरकारको कुनै अधिकृत कर्मचारीलाई वा आयोगले गठन गर्ने समिति, कार्यदल वा कुनै निकाय संघ, संस्था वा व्यक्तिलाई प्रत्यायोजन गर्न सक्नेछ[११] भन्ने कानूनी व्यवस्था र आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि संघीय कानून बमोजिम हुनेछ[१२] नेपालको संविधानमा र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ मा आयोगको काम, कर्तव्य र अधिकार प्रत्यायोजन गर्ने सम्बन्धी व्यवस्था गरिएको छ।

### १.४. उजुरी, छानविन र अनुसन्धान सम्बन्धी व्यवस्था

कुनै व्यक्ति वा समूहको मानव अधिकार उल्लङ्घन वा त्यसको दुरुत्साहन भएकोमा पीडित आफै वा निजको तर्फबाट कसैले आयोग समक्ष प्रस्तुत वा प्रेषित गरेको निवेदन वा उजुरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको वा आयोगको जानकारीमा आएको विषयमा बिना दस्तुर तोकिएको ढाँचामा उजुरी दिन वा ग्रहण गर्न सकिने भन्ने व्यवस्था संविधान[१३], ऐन[१४] र नियमावली[१५]मा उल्लेख गरिएको छ। प्राप्त उजुरी उपर विषयवस्तुको गम्भिर्यता[१६]को आधारमा २४ घण्टा देखि ७ दिनभित्र अनुसन्धान

---

[१०] नेपालको संविधानको धारा २४९ को उपधारा (४)

[११] राष्ट्रिय मानव अधिकार आयोग ऐन,२०६८ को दफा ३०

[१२] नेपालको संविधानको धारा २४९ को उपधारा (५)

[१३] नेपालको संविधानको धारा २४९ को उपधारा (२) (क)

[१४] राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १०

[१५] राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम ३

[१६] राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम ६ को उपनियम १ को स्पष्टिकरण खण्डमा उल्लेख भएका (क) कसैको हत्या वा मृत्यु भएको वा हत्या वा मृत्यु हुने संभावना रहेको.......(ज) तत्काल त्यस्तो कार्य नरोकेमा मानव अधिकारको गंभिर उलंघन वा मानवीय क्षति हुनसक्छ भन्ने विषयमा आयोग विश्वस्त भएको कुनै विषय समेतका ८ वटा विषयहरूलाई मानव अधिकार उल्लङ्घन/हनन् वा त्यसको दुरुत्साहनका बिषयलाई अत्यन्त जरुरी बिषयका उजूरीको रूपमा उल्लेख गरिएको।

प्रक्रिया अगाढी बढाउनु पर्ने[१७], छानबिन तथा अनुसन्धान गर्ने[१८], उजुरी खारेज वा तामेलीमा राख्न सक्ने[१९], मेलमिलाप गराउन सक्ने[२०], क्षतिपूर्ति सम्बन्धी व्यवस्था [२१] आयोगको सिफारिस, निर्णय वा आदेशको कार्यान्वयन[२२] समेतका कानूनी प्रावधानहरूमा उजुरीहरूको कारबाही किनारा गर्ने प्रक्रिया र जिम्मेवारी तोकिएको छ। आयोगले सम्बन्धित निकाय वा पदाधिकारीबाट आयोगको काम कारबाहीको सम्पन्नताको लागि सहयोग माग गर्न सक्ने[२३] र आयोगले माग गरेको सूचना वा कागज प्रमाण जानकारी जानाजानी उपलब्ध नगराउने, आदेश वा निर्णय जानाजानी पालना नगर्ने, आयोगको कार्यमा जानाजानी असहयोग गर्ने वा आयोगले उपस्थित हुन भनी बोलाएकोमा विनाकारण अनुपस्थित हुने पदाधिकारी उपर विभागीय कारबाही चलाउन आयोगले सम्बन्धित निकायलाई लेखी पठाउनु पर्नेछ[२४] भनी उल्लेख गरिएको व्यवस्थाले आयोगको काम कारबाहीमा सरोकारवालाहरूले समेत सहयोग गर्नु पर्ने बाध्यात्मक व्यवस्था रहेको छ।

आयोगले आफ्नो काम कारबाहीलाई योजनावद्ध, पूर्वअनुमानयोग्य, नतिजामूखी र थप प्रभावकारी बनाउनु रणनीतिक योजना बनाई लागु गर्दै आइरहेको छ। सोही अनुसार हाल आयोगको छैठौं रणनीतिक योजना (२०२१– २०२६)[२५] कार्यान्वयनको चरणमा रहेको छ।

---

[१७] राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम ६

[१८] राष्टिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १२ र राष्टिय मानव अधिकार आयोग (उजूरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम ७

[१९] राष्टिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १३ र राष्टिय मानव अधिकार आयोग (उजूरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १०

[२०] राष्टिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १४ र राष्टिय मानव अधिकार आयोग (उजूरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १६

[२१] राष्टिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ र राष्टिय मानव अधिकार आयोग (उजूरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम २२ देखि ३१

[२२] राष्टिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ र राष्टिय मानव अधिकार आयोग (उजूरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १८

[२३] राष्टिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा २१ को उपदफा (१)

[२४] राष्टिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा २१ को उपदफा (२)

[२५] https://www.nhrcnepal.org/uploads/law/Strategic_Plan_021-26_Nepali_for_Website_compressed_Nep.pdf
राष्ट्रिय मानव अधिकार आयोगले स्थापनाकालदेखि नै मानव अधिकारको संरक्षण संवद्र्धन र मानव अधिकार संस्कृतिको विकासका लागि नीति, नियम तथा योजनाको निर्माण गर्दै आइरहेको छ। आयोगले पहिलो रणनीतिक योजना, सन् २००१—२००३, त्यसैगरी दोस्रो, तेस्रो, चौथो र पाँचौ क्रमशः २००४– २००८, २००८- २०११, २०११ - २०१४, २०१५– २०२० निर्माण गरी कार्यान्वयन गरेको थियो। हाल (२०२१-२०२६) यस अवधिमा आन्तरिक द्वन्द्व, द्वन्द्वोत्तर एवम् सङ्क्रमणकालीन अवस्थाको कारणले हत्या, बेपत्ता, अपहरण, यातना, गैरकानूनी गिरफ्तारी जस्ता नागरिक तथा राजनीतिक अधिकारका विषयलाई प्राथमिकतामा राखेको थियो । सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र संवृद्धिको आकाङ्क्षा पूरा गर्न संविधान सभाबाट पारित भई जारी भएको नेपालको संविधानमा उल्लिखित व्यापक र विविध विषयहरू समेटिएका मौलिक हकहरूको कार्यान्वयन गर्नु प्रमुख कार्य हो ।देशको

यस रणनीति योजनाले "जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकार दिगो शान्ति र समृद्धिको आधार" लाई दूरदृष्टि राखेर यो रणनीति योजना तर्जुमा गरिएको छ।

**रणनीतिक योजनामा प्राथमिकताका विषयहरू**

मानव अधिकारका सम्पूर्ण विषयहरू आयोगको क्षेत्राधिकार भित्र पर्ने भए पनि यस रणनीतिक योजनामा निम्न बमोजिम प्राथमिकता निर्धारण गरिएको छ ।

१.आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका विषयहरूको प्रभावकारी कार्यान्वयन गर्ने,

२.दिगो विकास लक्ष्य तथा नेपाल सरकारको पाँचौं मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनको अनुगमन गर्ने,

३.महिला, बालबालिका, जेष्ठ नागरिक, असहाय, दलित, अपाङ्गता, बेचबिखनमा परेका, आप्रवासी नेपाली कामदार, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक वर्ग, सीमान्तकृत, विपन्न वर्ग तथा जातजाति, धर्म, लिङ्ग, वर्ण, पेशा, संस्कृति आदिको आधारमा पछाडि पारिएका व्यक्तिको अधिकार सुनिश्चितताको लागि कार्य गर्ने,

४.आयोगको पहुँच विस्तार तथा संस्थागत सुदृढीकरण गर्ने,

५.संविधानप्रदत्त मौलिक हक तथा प्रचलित नेपाल कानूनले प्रदान गरेका अधिकारहरूको प्रभावकारी कार्यान्वयनमा देखिएका समस्याहरूको अध्ययन अनुसन्धान गरी बाधा अड्चन फुकाउन सरोकारवालालाई निर्देशन दिने,

६.मानव अधिकार संरक्षण र संवर्धनमा सूचना प्रविधिको उच्चतम् प्रयोग गर्ने,

७.विपद् तथा महामारीको समयमा मानव अधिकारको अवस्था अनुगमन गरी मानव अधिकार संरक्षण र संवर्धन गर्न सुझाव तथा निर्देशन दिने रहेको।

---

बदलिँदो राजनीतिक तथा सामाजिक अवस्थामा सङ्क्रमणकालीन न्याय, सामाजिक समावेशीकरण, उपभोक्ताको अधिकार,अविभेद, विपन्न, पछाडी पारिएको वर्ग तथा सीमान्तकृत समुदायको मानव अधिकार, दण्डहीनताको अन्त्य तथा दिगो शान्ति निर्माणका लागि योगदान, नागरिक तथा राजनीतिक अधिकारका साथै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, महिला अधिकार, बाल अधिकार, ज्येष्ठ नागरिकको अधिकार, पेशा व्यवसाय र मानव अधिकार, दिगो विकासको लक्ष्य तथा नेपाल सरकारको मानव अधिकार राष्ट्रिय कार्य योजना, समन्वय र सहकार्य जस्ता विषयलाई समेत प्राथमिकतामा राखी आयोगले ६ वर्षीय छैंठौ रणनीतिक योजना, सन् २०२१– २०२६ तर्जुमा गरेको छ।
https://www.nhrcnepal.org/uploads/law/Strategic_Plan_021-26_Nepali_for_Website_compressed_Nep.pdf

# परिच्छेद-२

## सुदूरपश्चिम प्रदेश कार्यालयको जिम्मेवारी

### २.१. सुदूरपश्चिम प्रदेश कार्यालयको अधिकार क्षेत्र

अछाम, कञ्चनपुर, कैलाली, डडेल्धुरा, डोटी, दार्चुला, बझाङ्ग, बाजुरा र बैतडी गरी नौ जिल्ला, ९ वटा जिल्ला सभा, ८८ वटा स्थानीय तह, ७३४ वडाहरू रहेको यस प्रदेशको कुल क्षेत्रफल १९,९९९.२८ वर्ग किलोमिटर, कुल जनसङ्ख्या २६९४७८३ रहेको छ। भौगोलिक, राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भाषिक, नागरिक सचेतनासमेतका बहुआयामिक विविधताका कारण सुदूरपश्चिमका प्रत्येक नागरिकको जीवन, मर्यादा, समानता र स्वतन्त्रतासमेतका मानव अधिकारको सुनिश्चितताको लागि समस्या र अवसर दुबै समान रुपमा रहेका छन्। यस प्रदेशका नागरिकका मानव अधिकारका मुख्य सवालहरु: बहुआयामिक गरिबी , खाद्य सुरक्षाको समस्या, स्वच्छ खानेपानी र सरसफाइमा सीमित पहुँच, दुर्गम क्षेत्रमा आधारभूत सेवाको अभाव, विशेषज्ञ चिकित्सकको अभाव, मातृ तथा शिशु स्वास्थ्य चुनौती, दुर्गम क्षेत्रमा एम्बुलेन्स तथा आपतकालीन सेवा अभाव, मानसिक स्वास्थ्य सेवा कमजोर, औषधि र स्वास्थ्य उपकरणको अभाव, विद्यालय छोड्ने दर उच्च, दुर्गम क्षेत्रमा शिक्षक अभाव, गुणस्तरीय शिक्षामा असमान पहुँच, अपाङ्गता भएका बालबालिकाको समावेशी शिक्षामा चुनौती, घरेलु हिंसा, लैङ्गिक हिंसा तथा बलात्कार, छाउपडी प्रथाको अवशेष, बालविवाह, महिलाको निर्णय प्रक्रियामा न्यून सहभागिता, बालश्रम, बालविवाह,विद्यालय बाहिर रहेका बालबालिका, बाल यौन शोषण, जन्मदर्ता नहुनु बालमैत्री न्याय प्रणालीको कमजोर कार्यान्वयन, छुवाछुतका घटना, सार्वजनिक स्रोतमा पहुँचमा विभेद, सामाजिक बहिष्करण, न्यायमा पहुँचको समस्या,भूमि अधिकार, सांस्कृतिक अधिकार संरक्षण, मातृभाषामा शिक्षाको अभाव, परम्परागत जीविकोपार्जनमा चुनौती, अपाङ्गता भएका व्यक्तिहरुको, सार्वजनिक संरचना पहुँचयोग्य नहुनु, सहायक सामग्रीको अभाव, समावेशी शिक्षा र रोजगारीमा कठिनाइ, ज्येष्ठ नागरिकहरुको सामाजिक सुरक्षा प्रभावकारी कार्यान्वयनमा समस्या, स्वास्थ्य सेवा पहुँच, पारिवारिक उपेक्षाका सवालहरु, मानव बेचविखन तथा सुरक्षित आप्रवासन अन्तर्गत, भारतसँग खुला सीमाका कारण जोखिम, वैदेशिक रोजगारीमा ठगी, मानव बेचबिखन, उद्धार र पुनःस्थापनाका सवालहरु,हिरासत तथा कारागार अन्तर्गत क्षमता भन्दा बढी कैदीबन्दी, स्वास्थ्य तथा सरसफाइको समस्या, कानूनी सहायता अभाव, हिरासतमा यातनाको आरोप, न्यायमा पहुँच अन्तर्गत दुर्गम भौगोलिक अवस्था, कानूनी सचेतनाको कमी, निःशुल्क कानूनी सहायता प्रभावकारी नहुनु, मुद्दा टुंगिन लामो समय लाग्नु, वातावरण तथा

विकास सम्बन्धी अधिकार अन्तर्गत जलवायु परिवर्तनको असर, बाढी, पहिरो, डुबान, वन तथा प्राकृतिक स्रोतको दिगो व्यवस्थापन, विकास आयोजनाबाट विस्थापन श्रम अधिकार अन्तर्गत, अनौपचारिक क्षेत्रमा श्रमिक शोषण, न्यूनतम पारिश्रमिक कार्यान्वयनको समस्या, सामाजिक सुरक्षाको अभाव, वैदेशिक रोजगारीबाट फर्केकाको पुनःस्थापना, अभिव्यक्ति तथा सूचनाको अधिकार अन्तर्गत पत्रकारमाथि दबाबका घटना, सार्वजनिक सूचना प्राप्तिमा कठिनाइ, डिजिटल पहुँचको असमानता, सुशासन अन्तर्गत सार्वजनिक सेवा प्रवाहमा गुनासो, सार्वजनिक पदाधिकारीहरु उपर आक्षेप, पारदर्शिता तथा जवाफदेहिताको कमी, सेवा प्राप्तिमा विभेदका सवालहरु विपद् तथा मानवीय अधिकार अन्तर्गत भूकम्प, बाढी, पहिरो तथा आगलागी, विपद्पछिको राहत तथा पुनःस्थापनामा असमानता, जलवायुजन्य विपद्का कारण विस्थापन, हलीया-खलीया उपभोक्ताको अधिकार, मानव वन्यजन्तु द्वन्द्व, आत्महत्या, सडक दुर्घटना, नदी र तुईन दुर्घटना, बाल सुधार गृह विस्तार र व्यवस्थापन, व्यवसायको अधिकारसमेत विभिन्न विषयहरु सुदुरपश्चिम प्रदेशको हकमा मानव अधिकारका मुख्य सवालहरुको यस प्रादेशिक कार्यालयबाट जिम्मेवार निकायहरुको काम कारबाहीको अनुगमन, अनुसन्धान, निर्देशन, समन्वय र सहकार्यसमेतका काम कारबाहीको जिम्मेवारी रहेको छ।

सीमित स्रोतसाधन, समाजको गतिशिलता अनुसारको संगठन संरचना निर्माणको अभाव र कार्यसम्पादन गर्ने आधारभूत कानूनहरुको समयानुकूल तर्जुमा र संशोधन हुन नसक्नु, नागरिकहरुलाई आयोगको कार्यक्षेत्र र कार्यादिशको कानूनी जानकारी नहुनु समेतका बहुपक्षीय कारणहरुले जनअपेक्षित जिम्मेवारी पुरा गर्न नसकिए तापनि आयोगको यस कार्यालयलाई वार्षिक रुपमा तोकिएको लक्ष्य अनुरूप प्रगति प्राप्तिको जिम्मेवारी पूर्ण रुपमा बहन गर्दै आइरहेको छ।

### २.२. सुदूरपश्चिम प्रदेशमा आयोगको स्थापना

समग्र मानव विकास सुचकाङ्कमा देशका अन्य प्रदेशको तुलनामा पछाडी रहेको सुदुरपश्चिम प्रदेशमा आयोगले केन्द्रीय कार्यालयबाट मात्र यस प्रदेशमा मानव अधिकारको अनुगमन तथा अनुसन्धान गर्न सम्भव नहुदा नेपाल सरकारको अतिरिक्त दात्तृ निकायको सहयोगमा तत्कालीन अवस्थामा देशका विभिन्न ५ विकास क्षेत्रमा क्षेत्रीय कार्यालयहरु स्थापना भएका थिए भने ३ स्थानमा सम्पर्क कार्यालयहरु स्थापना भएका थिए। आयोगको सुदूरपश्चिम प्रदेश, कार्यालय धनगढी, कैलालीको (तत्कालीन क्षेत्रीय कार्यालय) विधिवत् उद्घाटन वि.स.२०६२ साल फागुन १७ गतेका दिन आयोगका तत्कालीन माननीय सदस्य श्री सुदिप पाठकज्यूबाट भएको थियो। अछाम, कञ्चनपुर, कैलाली, डडेल्धुरा, डोटी, दार्चुला, बझाङ, बाजुरा र बैतडी गरी सुदूरपश्चिमका ९ वटा जिल्लाभित्रका संघीय, प्रादेशिक,

स्थानीय तह, निजी क्षेत्र गैर सरकारी संस्था समेतका कार्यालयहरुसँग राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ३० बमोजिम आयोगबाट प्रत्यायोजित भएको अधिकार अनुसार आयोगको यस कार्यालयले नीतिगत र उजुरीहरुको अन्तिम निर्णय बाहेक मानव अधिकारको सम्मान, संरक्षण र संवर्धन समेतका कार्यमा तोकिए बमोजिम समन्वय र सहकार्य गर्दै आइरहेको छ।

उजुरी सुन्ने र दर्ता गर्ने शाखा, अनुगमन तथा अनुसन्धान शाखा, प्रवर्धन शाखा, लैङ्गिक तथा सामाजिक समावेशीकरण शाखा, लेखा तथा प्रशासन शाखा, मानवअधिकार स्रोत केन्द्र, सुरक्षा युनिट र गुनासो तथा सोधपुछ शाखा समेतका, शाखाहरु रहेका छन्। यस कार्यलयमा कर्मचारीको स्वीकृत दरबन्दी १८ जनाको रहेकोमा १३ जना कार्यरत रहेका छन्। आवश्यक जनशक्ति तथा साधन स्रोतको अभावमा प्रदेशका ८८ वटै स्थानीय तह पुगेर आयोगको कार्यालयलाई प्राप्त कार्यादेश अनुसार अपेक्षाकृत कार्य गर्न चुनौतिपूर्ण रहेको छ।

## २.३. कार्यालयको संरचनागत अवस्था र कार्यदेश

### (क) कर्मचारीहरुको जिम्मेवारी

तालिका नं. १: कर्मचारीको विवरण

| सि.नं. | नामथर | पद | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १. | श्री प्रकाश दत्त भट्ट | सहसचिव | कार्यालय प्रमुख | |
| २ | श्री झंकर बहादुर रावल | उपसचिव | संरक्षण संवर्धन र अनुगमन | २०८२।११।११ मा अवकाश प्राप्त |
| ३ | श्री मान बहादुर कार्की | उपसचिव | संरक्षण संवर्धन र अनुगमन | २०८२।११।१२ मा पदस्थापन भएको |
| ४ | श्री मन्दिरा श्रेष्ठ | मानव अधिकार अधिकृत | ICCPR, CEDAW, CRC, ICMW, Senior Citizens Rights, Refugee Rights, Human Trafficking, LGBTIQA+Rights. | २०८२/०९/२९ देखि केन्द्रीय कार्यालयमा काज |
| ५ | श्री भूपेन्द्र बहादुर धामी | मानव अधिकार अधिकृत | आर्थिक प्रशासन | |
| ६ | श्री विदेशराम चौधरी | मानव अधिकार अधिकृत | ICESCR, ICERD, ILO Convention, Environment Rights, Education Rights, Consumer Rights, Health Rights, Indigenous Rights | |

| | | | | |
|---|---|---|---|---|
| ७ | श्री दैवज्ञराज न्यौपाने | मानव अधिकार अधिकृत | CAT, CRPD, Business & Human Rights, Development Rights | |
| ८ | श्री जगल किसोर यादव | सूचना प्रविधि सहायक | सूचना प्रविधिसँग सम्बन्धित | मिति २०८२/१०/०९ मा हाजिर |
| ९ | श्री कृष्णमाया श्रेष्ठ | लेखापाल | | २०८२/११/२५ मा हाजिर २०८३/०१/०८ गतेदेखि राजिनामा |
| १० | श्री सान्त्वना राई | सहायक प्रथम | | मिति २०८२/११/१७ मा हाजिर |
| ११ | श्री भक्ति प्रसाद न्यौपाने | हलुका सवारी चालक | | |
| १२ | श्री उत्तम गिरी | हलुका सवारी चालक | | |
| १३ | श्री तिलु थापा | कार्यालय सहयोगी | | |
| १४ | श्री नृप बहादुर शाही | सुरक्षागार्ड | | |
| १५ | श्री शंकरराज पाठक | सुरक्षागार्ड | | |

**(ख) कार्यदिश**

राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ तथा राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ बमोजिम प्राप्त उजुरीको आधारमा आयोगको यस कार्यालयबाट उजुरी ग्रहण गरी नियमानुसार अनुसन्धान कार्य हुने गरेको छ।

आयोगले मानव अधिकारको संरक्षण र संवर्धनसँग सम्बन्धित कुनै विषयमा आवश्यकता अनुसार कुनै निकाय वा पदाधिकारीको ध्यानाकर्षण गराउन सक्नेछ। मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि अन्तर्गत कुनै निकायमा प्रतिवेदन पठाउनु अघि रायको लागि आयोगसमक्ष लेखी पठाउनु पर्नेछ। आयोगले मानव अधिकारको उल्लङ्घनका सम्बन्धमा गरेको सिफारिस, आदेश वा निर्देशनको जानाजानी पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम मानव अधिकार उल्लङ्घनकर्ताको रूपमा सार्वजनिक गर्नेछ। आयोगले आफ्नो कार्य सम्पादनको लागि आवश्यकता अनुसार समिति वा कार्यदल गठन गर्न सक्नेछ र पीडित व्यक्तिलाई तत्काल राहत उपलब्ध नगराउँदा

वा उद्धार नगर्दा निजलाई थप क्षति हुन सक्ने देखिएमा आयोगले त्यस्तो व्यक्तिलाई तत्कालै अन्तरिम राहत उपलब्ध गराउन वा उद्धार गर्न सम्बन्धित निकायलाई आदेश गर्नेछ। आयोगले राय वा परामर्श दिन सक्ने, मानव अधिकारका गम्भीर प्रकृतिका घटनाहरुको सम्बन्धमा छानविन गर्न सरकारको सम्बन्धित निकाय उदासिन भएको जानकारी प्राप्त भएमा आयोगको कार्यालय आफैले Suo-motu ग्रहण गरी उजुरीको रुपमा लिएर छानबिन गर्ने गरेको छ। आयोगको यस कार्यालयलाई उजुरीको अन्तिम निर्णय र अन्य नीतिगत निर्णय बाहेक अनुसन्धान, छानविन गर्ने, बयान लिने, बकपत्र गराउने, कागज प्रमाणहरु झिकाउने, स्थलगत निरीक्षण तथा अनुगमन गर्ने, उजुरीका विषयमा सरोकारवालाहरुसँग छलफल गर्ने र अन्तिम निर्णयको लागि आयोगमा सिफारिस गर्ने कार्यादेश रहेको छ।

**(ग) प्रशासनिक कार्यहरु**

संविधान तथा प्रचलित कानूनी कार्यादेश अनुसार मानव अधिकारको संरक्षण तथा संवर्धन गर्नको लागि कार्यालय सञ्चालन महत्वपूर्ण प्रशासनिक कार्य हो। प्रशासनिक कार्यमा नेपाल सरकार तथा आयोगको केन्द्रीय कार्यालयबाट प्राप्त अख्तियारी बमोजिम विनियोजित बजेट अनुसार खर्चको बाँडफाँड नियमानुसार खर्चको फाँटवारीहरु राख्ने, लेखापरीक्षण गर्ने, वेरुजु फर्छ्यौट गर्ने, लेखापरीक्षण प्रतिवेदन पेश गर्ने, खरिद आदेश, भ्रमण आदेशको लगत राख्ने, नियमानुसार भ्रमणमा जाने टोलीलाई खटाउने व्यवस्थापन गर्ने, कार्यालयको र सामग्रीको रेखदेख, मर्मत सम्भार गर्ने गराउने, जिन्सी निरीक्षण गर्ने आदि कार्यहरु पर्दछन्। यसको साथै कर्मचारीहरुको लगत अद्यावधिक गर्ने, विदा, भ्रमण, सरुवा, बढुवाको अभिलेख व्यवस्थापन गर्ने, आयोगको केन्द्रीय कार्यालयमा आवश्यकता अनुसार दैनिक, साप्ताहिक, मासिक तथा चौमासिक प्रगति प्रतिवेदन पेश गर्ने, कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट बजेट निकासा गर्ने, फाँटवारी पेश गर्ने समेत महत्वपूर्ण कार्यहरु पर्दछन्। यस कार्यालयले नेपाल सरकारबाट आ.व. २०८२/०८३ मा विनियोजित बजेट र आयोगबाट स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्य सम्पादन गरिएको छ। (पूरा विवरण अनुसूची २१ मा राखिएको छ)

**२.४. कार्यक्षेत्र**

आयोगको सुदूरपश्चिम प्रदेश कार्यालयबाट भौगोलिकरुपमा यस प्रदेशका ८८ वटै स्थानीय तहमा मानव अधिकारको संरक्षण, संवर्धन र त्यसको कार्यान्वयन सुनिश्चित गर्ने गराउने कार्यमा लागिरहेको छ। नेपालको संविधानको प्रस्तावना, ३१ वटा मौलिक हकको कार्यान्वयन, संविधानको धारा ५६ को उपधारा (६) बमोजिम तीनै तहका सरकारहरुको दायित्व रहने भएकाले ती दायित्वहरु पालना भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने, उजुरीहरु उपर अनुसन्धान तथा छानविन गर्ने, दोषीलाई कारबाही र पीडितलाई आवश्यक क्षतिपुर्ति दिने, कानून तथा नीतिमा आवश्यक सुधार गर्ने, सरोकारवाला सरकारी तथा गैरसरकारी निकायहरू, संस्थाहरुसँग समन्वय तथा सहकार्य गर्ने लगायतका कार्य क्षेत्रहरु पर्दछ।

## परिच्छेद-३

## आ.व.२०८२/०८३ मा सम्पन्न कार्यक्रम एवं गतिविधि

### ३.१. आ.व.२०८२/०८३ को स्वीकृत बजेट तथा कार्यक्रम

चालु आर्थिक वर्ष २०८२ (214007701-कार्यालय कोड) मा यस कार्यालयको लागि ८३/ नेपाल सरकारको स्रोत अन्तर्गत चालुगत तथा पूँजिगत गरी दुईवटा शिर्षकमा बजेट विनियोजन भई LMBIS प्रणाली मार्फत बजेट खर्च गर्ने अख्तियारी प्राप्त भएको थियो। जसलाई निम्न बमोजिम उल्लेख गरिएको छ।

### ३.१.१. चालुगत बजेट (214000113)

| वार्षिक बजेट रु. | वार्षिक खर्च रु. | बाँकी बजेट रु. | खर्च प्रतिशत |
|---|---|---|---|
| १,५४,४५,०००.० | १,१८,३४,४२७.४ | ३६,१०,५७२.६० | ७६.६३% |

### ३. १२.. चालुगत बजेट मध्ये वार्षिक कार्यक्रम खर्चको विवरणप्रगती विवरण/

| कार्यक्रम शिर्षक | विवरण/ सूचक | सम्पन्न सूचक | बजेट रु | खर्च रु | बाँकी रु. | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| अनुसन्धान | ५ वटा | ११ वटा | ३,२०,०००.० | २,८८,०००.० | ३२,०००.० | ९०% |
| अनुगमन | ४ वटा | १५ वटा | ४,००,०००.० | ३,८५,०००.० | १५,०००.० | ९६.२५% |
| जम्मा | ९ वटा | २६ वटा | ७,२०,०००.० | ६,७३,०००.० | ४७,०००.० | ९३.४७% |

### ३.१.३. पूँजिगत बजेट (21400011)४

| वार्षिक बजेट रु. | वार्षिक खर्च रु. | बाँकी बजेट रु. | खर्च प्रतिशत |
|---|---|---|---|
| ४,००,०००.० | ३,९७,३९१.० | २,६०९.० | ९९.३५% |

### ३.२. अनुगमन सम्बन्धी कार्य

मानव अधिकारको संरक्षणका लागि राष्ट्रिय मानव अधिकार आयोगले एकल रुपमा वा आयोग सहित सरोकारवालाहरुसँगको समन्वय र सहकार्यमा मानव अधिकारका विषयमा अनुगमन गरि आएको छ। अनुगमन मानव अधिकार संरक्षणको प्रभावकारी विधि हो। सुदूरपश्चिम प्रदेश भित्रका ९ वटा जिल्लामा विभिन्न समयमा विभिन्न विषयमा यस कार्यालयले अनुगमनको कार्य गरेको छ। कतिपय अनुमगन कार्य आ.व.२०८२।०८३ को वार्षिक कार्यक्रम अनुसार गरिएको छ भने कतिपय अनुगमन आवश्यकता र विषयवस्तुको गम्भिर्यतालाई ध्यानमा दिई अनुगमन कार्य गरिएको छ। अनुगमन कार्य मानव अधिकारसँग प्रत्यक्ष एवं परोक्ष्य घटनामा हुने गर्दछ। विषयगत अधिकारहरु आपसमा अन्तरसम्बन्धित हुने हुनाले विषयगत प्रकृतिको आधारमा नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा संस्कृतिक अधिकार भनी विभाजन गर्न सकिन्छ। यस वर्ष स्थलगत अनुगमन र डेस्क रिभ्यु वा सम्बन्धित निकायसँग जानकारी माग गरी २ प्रकारले अनुगमन गरिएको छ।

मानव अधिकारको दृष्ट्रिकोणबाट अनुगमन गरिएका प्रमुख विषयहरुमा प्रहरी हिरासत कक्षको अवस्था, नेपाल सरकारको मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अवस्था, स्वास्थ्य सम्बन्धी अधिकारको कार्यान्वयनको अवस्था, शिक्षाको अधिकारको अवस्थाको अनुगमन, बालबालिकाको अधिकारको अवस्थाको अनुगमन, खाद्य अधिकारको अवस्थाको अनुगमन, जातीय विभेद तथा छुवाछुत र दलित अधिकारको अवस्थाको अनुगमन, महिला अधिकारको अवस्थाको अनुगमन, व्यवसाय र मानव अधिकार सम्बन्धी अनुगमन, उपभोक्ताको अधिकारको अवस्था, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको अधिकारको अवस्थाको अनुगमन, अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको अवस्थाको अनुगमन, मानव अधिकारमुखी विकास पद्धतिको अवस्थाको अनुगमन, आकस्मिक घटनाहरुमा मानव अधिकारको अवस्थाको अनुगमन, प्रकोप तथा महामारीमा मानव अधिकारको अवस्थाको अनुगमन, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारकहरुको अवस्थाको अनुगमन, मानव बेचबिखन, आधुनिक दासत्व (Modern Slavery) विरूद्धको अधिकारको अवस्थाको अनुगमन, नेपाल सरकारका नीति तथा योजनाहरुमा मानव अधिकारको विविध विषयमा अनुगमन गरिएको छ ।

भौगोलिक विविधता र प्राकृतिक सुन्दरता भरिपूर्ण रहेको यो प्रदेशमा मानव अधिकारको सुनिश्चितताको दृष्टिकोणले निकै जोखिमपुर्ण र चुनौतिपुर्ण अवस्थामा रहेको छ।यस प्रदेशमा रहेको अति गरिवी, अशिक्षा, कमजोर स्वास्थ्य सेवामा पहुँच, कमजोर मानव विकास सुचकाङ्क महिला हिंसा, बाल विवाह, वहुविवाह, विकृत सामाजिक मुल्य मान्यता, भौगोलिक विकटता, प्राकृतिक प्रकोप जस्ता विषय मानव अधिकारको दृष्टिकोणले चुनौतिको रूपमा रहेका छन्। कार्यालयमा रहेको सिमित स्रोत साधनका बाबजुद पहिचान गरिएका सबै विषयमा अनुगमन गर्न नसकिए तापनि डेस्क रिभ्यु तथा स्थलगत अनुगमन गरेको छ।

तालिका नं.२: अनुगमन गरिएका प्रमुख विषयहरुको विवरण

| क्र.स. | अनुगमनको विषयहरु | रणनीतिक योजना नं. | कैफियत |
|---|---|---|---|
| १. | प्रहरी हिरासत कक्षको अनुगमन | २.१.१ | |
| २. | नेपाल सरकारको मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अनुगमन | २.१.३ | |
| ३. | स्वास्थ्य सम्बन्धी अधिकारको अवस्थाको अनुगमन | २.१.५ | |
| ४. | शिक्षाको अधिकारको अवस्थाको अनुगमन | २.१.६ | |
| ५. | ज्येष्ठ नागरिक र बालाबालिकाको अधिकारको अवस्थाको अनुगमन | २.१.८ | |
| ६. | खाद्य अधिकारको अवस्थाको अनुगमन | २.१.९ | |
| ७. | जातीय विभेद तथा छुवाछुत र दलित अधिकारको अवस्थाको अनुगमन | २.१.११ | |
| ८. | महिला अधिकारको अवस्थाको अनुगमन | २.१.१२ | |
| ९. | व्यवसाय र मानव अधिकार सम्बन्धी अनुगमन | २.१.१३ | |
| १०. | उपभोक्ताको अधिकारको अवस्था | २.१.१४ | |
| ११. | यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको अधिकारको अवस्थाको अनुगमन | २.१.१५ | |
| १२. | अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको अवस्थाको अनुगमन | २.१.१६ | |
| १३. | मानव अधिकारमुखी विकास पद्धतिको अवस्थाको अनुगमन | २.१.१७ | |
| १४. | आकस्मिक घटनाहरुमा मानव अधिकारको अवस्थाको अनुगमन | २.१.१९ | |
| १५. | विपद् व्यवस्थापनको अवस्थाको अनुगमन | २.१.२१ | |
| १६. | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरुको अवस्थाको अनुगमन | २.१.२३ | |
| १७. | मानव बेचबिखन, आधुनिक दासत्व (Modern Slavery) विरूद्धको अधिकारको अवस्थाको अनुगमन | २.१.२५ | |
| १८. | नेपाल सरकारका नीति तथा योजनाहरुमा मानव अधिकारको विविध विषयमा अनुगमन | २.१.२७ | |

आयोगको यस कार्यालयले प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को निर्वाचन पूर्व, निर्वाचन चरण र निर्वाचन पश्चातको सुदूरपश्चिम प्रदेशका ९ वटा जिल्ला १६ वटा निर्वाचन क्षेत्रको स्थलगत अनुगमन गरेको छ। त्यसैगरी सूचनाको हक सम्बन्धी ऐन, २०६४ सार्वजनिक निकाय/संस्थाले सूचना अधिकारी राख्नु पर्ने भनी गरेको व्यवस्थाको गैरसरकारी संस्थाले लागु गरे/नगरेको सम्बन्धमा

सुदूरपश्चिम प्रदेशका ९ वटै जिल्ला प्रशासन कार्यालयलाई पत्राचार चालु आ.व.मा जिल्ला प्रशासन कार्यालयमा दर्ता/नविकरण भएका गैरसरकारी संस्थाका सूचना अधिकारीको विवरण माग गरी अनुगमन कार्य गरेको थियो । स्थानीय तहले निर्माण गरेको कानूनहरुको अनुगमन गर्नका लागि सुदूरपश्चिम प्रदेशका ८८ वटै स्थानीय तहसँग स्थानीय तहले निर्माण गरेका कानूनको विवरण माग गरेको हाल उक्त विवरण प्राप्त भइरहेको अवस्था छ।

### ३.३. अनुसन्धान सम्बन्धी कार्य

मानव अधिकारको उल्लङ्घनको अनुसन्धान आयोगको प्रमुख कार्यहरु मध्ये एक हो। मानव अधिकार संरक्षण र संवर्धनका लागि नेपालको संविधान, राष्ट्रिय मानव अधिकार आयोग ऐन एवं नियमको परिधिभित्र रही मानव अधिकार उल्लंघन वा दुरुत्साहन सम्बन्धी घटनामा स्वविवेकीय रुपमा र अन्य माध्यमबाट उजुरी ग्रहण गर्दै आएको छ। यस प्रकारको उजुरी पीडित, पीडितको परिवार, संघसंस्था, व्यक्ति वा सञ्चार माध्यममा सम्प्रेषित समाचारका आधारमा लिइन्छ। यसरी आयोगमा प्राप्त उजुरी माथी अनुगमन, अनुसन्धान एवं छानविन गरी क्षतिपुर्ति र आवश्यक कानूनी कारबाहीका सम्बन्धित निकायलाई सिफारिस गर्दै आएको छ। आयोगको यस कार्यालयले पनि कानूनी प्रकृया अनुसार उजुरी ग्रहण गरी अनुसन्धान कार्य नियमित रुपमा गरिरहेको छ।

अनुसन्धान प्रक्रियाका चरणहरुमा पीडित, सरोकारवाला वा मिडियाबाट उजुरी/सूचना प्राप्त भएमा आयोगले दर्ता गरी तुरुन्त प्रारम्भिक छानबिन सुरु हुने गर्दछ। यस क्रममा यदि प्रत्यक्ष मानव अधिकार हनन् भइरहेको देखिएमा आयोगले तुरुन्त उक्त कार्य रोक्न आदेश दिन सक्छ । प्रारम्भिक छानबिन पछी उल्लङ्घन भएको देखिएमा आयोगले आफैं वा अनुसन्धान अधिकृत/टोली नियुक्त गरी अनुसन्धान गरिन्छ। अनुसन्धानपछि टोलीले प्रतिवेदन पेश गर्ने, प्रतिवेदन प्राप्त भएपछि आयोगले विज्ञको सेवा लिने, थप प्रमाण माग्ने, साक्षीहरू बोलाउने वा सार्वजनिक सुनुवाई गर्न सक्ने, अनुसन्धानको आधारमा आयोगले उल्लङ्घन भए/नभएको निष्कर्ष निकाली निर्णय गर्ने, यो निर्णय प्रायः उजुरी दर्ता भएको ६ महिना भित्र गर्नुपर्ने, तोकिए बमोजिमको विषयमा यदि दुवै पक्ष सहमत भएमा मेलमिलाप गराउन सक्ने व्यवस्था रहेको छ।

#### ३.३.१. उजुरी विवरण

आयोगको यस सुदूरपश्चिम प्रदेश कार्यालयमा आ.व. २०८२।०८३ मा जम्मा उजुरी सङ्ख्या ४५ वटा रहेका छन्। यस प्रदेश कार्यालय अन्तर्गत ९ वटा जिल्ला मध्ये सबै भन्दा धेरै १२ वटा उजुरी सङ्ख्या कैलाली जिल्लाका रहेका छन् भने सबै भन्दा कम १ वटा उजुरी सङ्ख्या डोटीमा रहेका छन्। जिल्लागत रुपमा उजुरी भएका जिल्लाहरुमा कैलालीमा १२, अछाममा ९, बैतडीमा ६, कञ्चनपुरमा ५, बाजुरामा ४, दार्चुला र डडेल्धुरामा ३।३, बझाङमा २ र डोटीमा १ वटा रहेका छन्। जिल्लागत रहेका उजुरीको विवरण हेर्दा धेरै जसो उजुरीहरु सशस्त्र संघर्षसँग सम्बन्धित रहेका छन्।

तालिका नं. ३: जिल्लागत उजुरीको विवरण

| क्र. स | जिल्ला | महासन्धि | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ICCPR | ESCR | CRC | CEDAW | CAT | CRPD | CERD | CMW | ICPPED | Total |
| १. | दार्चुला | २ | १ | ० | ० | ० | ० | ० | ० | ० | ३ |
| २. | बझाङ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | २ |
| ३. | बाजुरा | १ | १ | १ | ० | १ | ० | ० | ० | ० | ४ |
| ४. | बैतडी | ० | ४ | ० | १ | १ | ० | ० | ० | ० | ६ |
| ५. | डडेल्धुरा | ० | ० | ० | ० | ३ | ० | ० | ० | ० | ३ |
| ६. | डोटी | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | १ |
| ७. | अछाम | ४ | ० | ० | ० | ५ | ० | ० | ० | ० | ९ |
| ८. | कञ्चनपुर | ४ | ० | १ | ० | ० | ० | ० | ० | ० | ५ |
| ९. | कैलाली | ६ | २ | १ | ० | ३ | ० | ० | ० | ० | १२ |
| जम्मा | | १९ | ८ | ३ | १ | १४ | ० | ० | ० | ० | ४५ |

### ३.३.२. सामान्य उजुरी विवरण

राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार उल्लंघनसँग सम्बन्धित उजुरीलाई ग्रहण गरिसकेपछि २ प्रकारले दर्ता गर्ने गरेको छ। उजुरीको गम्भिर्यता र मानव अधिकारको आवश्यकता अनुसार कुनै उजुरी आयोगको उजुरीको मुल कितावमा चढाईन्छ भने कुनै उजुरीहरुलाई सामान्य उजुरीको रुपम दर्ता गरी अर्को कितावमा चढाईन्छ। यस आ.व. २०८२।०८३ मा मुल कितावमा चढाईएका उजुरी भन्दा सामान्य उजुरीको कितावमा चढाईएका उजुरी सङ्ख्या धेरै छ। यस आ.व.मा २६ वटा उजुरी दर्ता भई आवश्यक अनुसन्धान कार्य सम्पन्न भई न्याय निरुपण भैसकेका छन्। सामान्य उजुरी दर्ता भईसकेपछि आयोगको यस कार्यालयबाटै समाधान हुन सक्ने र निर्णयका लागि केन्द्रीय कार्यालयमा पठाउन नपर्ने उजुरीलाई सामान्य उजुरीको रुपमा ग्रहण गरी अनुसन्धान कार्य गरिएको छ। सामान्य उजुरीको रुपमा यस कार्यालयमा दर्ता भई अनुसन्धान कार्य भएका उजुरीको विषय न्याय प्रशासन, मृत्यु, कानूनी कारबाही, जातीय छुवाछुत, शिक्षाको अधिकार, अपांङ्गता भएका व्यक्तिको अधिकार आदि विषय रहेका छन्।

तालिका नं. ४: सामान्य उजुरी विवरण

| क्र.स. | मिति | उजुरी नं. | उजुरीको विषय | पीडितको ठेगाना |
|---|---|---|---|---|
| १. | २०८२/०४/१९ | २०८२-१ | संकास्पद मृत्यु | कञ्चनपुर |
| २. | २०८२/०५/०६ | २०८२-२ | वालकको मृत्यु सम्बन्धमा | वैतडी |
| ३. | २०८२/०५/०६ | २०८२-३ | आवश्यक कानूनी कारवाही गरी पाउँ बारेमा | बैतडी |
| ४. | २०८२/०८/०८ | २०८२-४ | न्याय प्रशासनसँग सम्बन्धित | कैलाली |
| ५. | २०८२/०८/१५ | २०८२-५ | न्याय प्रशासन | कञ्चनपुर |
| ६. | २०८२/०९/०६ | २०८२-६ | ऐलानी जग्गा कायम गरी वसोवास रोकी पाउँ भन्ने सम्बन्धमा | कञ्चनपुर |
| ७. | २०८२/०९/२५ | २०८२-७ | पूर्व सूचना नदिई एक्कासी करार सम्झौता रद्द गरिएको सम्बन्धमा | कञ्चनपुर |
| ८. | २०८२/०९/२८ | २०८२-८ | मानसिक अपाङ्गता भएको व्यक्ति निःशुल्क औषधी व्यवस्था नगरेको | कैलाली |
| ९. | २०८२/१२/११ | २०८२-९ | न्याय प्रशासन | कञ्चनपुर |
| १०. | २०८२/१२/१२ | २०८२-१० | विद्यालयमा पठन पाठन अवरुद्ध भएको | कञ्चनपुर |
| ११. | २०८२/१२/२३ | २०८२-११ | कानून बमोजिम आवश्यक कारवाही गरिपाउँ | दार्चुला |
| १२. | २०८२/१२/२७ | २०८२-१२ | सहजीकरण तथा निर्देशन सम्बन्धमा | कैलाली |
| १३. | २०८३/०१/१४ | २०८३-१३ | असहाय व्यक्तिको सम्पत्ती अपचलन सम्बन्धी छानविन गरिपाउँ | बझाङ |
| १४. | २०८३/०१/१४ | २०८३-१४ | ज्यान सुरक्षा गरिपाउँ भन्ने सम्बन्धमा | कञ्चनपुर |
| १५. | २०८३/०१/२८ | २०८३-१५ | पुर्व निवेदनको कुनै सुनुवाई नभएकोले कारवाही गरिपाउँ | कैलाली |
| १६. | २०८३/०२/०७ | २०८३-१६ | न्याय दिलाई दिनु हुन | कैलाली |
| १७. | २०८३/०२/०९ | २०८३-१७ | जातीय विभेद तथा छुवाछुत सम्बन्धमा आवश्यक कारवाही | कैलाली |
| १८. | २०८३/०२/११ | २०८३-१८ | वलजवरजस्ती गरी अन्याय गरेकोले कारवाही गरिपाउँ | कञ्चनपुर |
| १९. | २०८३/०२/२२ | २०८३-१९ | जिउज्यानको सुरक्षा र क्षतिपूर्ति दिलाई पाउँ | कञ्चनपुर |

| | | | | |
|---|---|---|---|---|
| २०. | २०८३/०२/२८ | २०८३-२० | कर्तव्य ज्यान सम्बन्धी | डोटी |
| २१. | २०८३/०२/२८ | २०८३-२१ | कर्तव्य ज्यान सम्बन्धी | बझाङ |
| २२. | २०८३/०३/०५ | २०८३-२२ | सडक निर्माण सम्बन्धमा | बैतडी |
| २३. | २०८३/०३/०५ | २०८३-२३ | शान्ति सुरक्षा | कैलाली |
| २४. | २०८३/०३/०५ | २०८३-२४ | अवैध रुपमा भ्रुणको लिङ्ग पहिचान गरेको सम्बन्धमा | कैलाली(सरोकार वाल निकाय) |
| २५. | २०८३/०३/०५ | २०८३-२५ | मानव अधिकार उल्लङ्घन सम्वन्धमा आवश्यक छानविन | कैलाली |
| २६. | २०८३/०३/२२ | २०८३-२६ | ज्यान कसुर सम्बन्धमा | अछाम |

**प्राप्त उजुरीहरुको महासन्धी अनुसारको तथ्याङ्क**

| क.स | जिल्ला | महासन्धि | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ICCPR | ESCR | CRC | CEDAW | CAT | CRPD | CERD | CMW | ICPPED | Other | Total |
| १. | दार्चुला | १ | - | - | - | - | - | - | - | - | - | १ |
| २. | बझाङ | १ | १ | - | - | - | - | - | - | - | - | २ |
| ३. | बाजुरा | - | - | - | - | - | - | - | - | - | - | - |
| ४. | बैतडी | २ | - | - | - | - | - | - | - | - | १ | ३ |
| ५. | डडेल्धुरा | - | - | - | - | - | - | - | - | - | - | - |
| ६. | डोटी | १ | - | - | - | - | - | - | - | - | - | १ |
| ७. | अछाम | १ | - | - | - | - | - | - | - | - | - | १ |
| ८. | कञ्चनपुर | ५ | ३ | १ | - | - | - | - | - | - | - | ९ |
| ९. | कैलाली | ५ | १ | - | - | - | १ | १ | - | - | १ | ९ |
| | **जम्मा** | १६ | ५ | १ | - | - | १ | १ | - | - | २ | २६ |

### ३.३.३.महासन्धिजनित उजुरी विवरण

यस आर्थिक वर्षमा महासन्धिजनित आधारमा उजुरीको विश्लेषण गर्दा सबै भन्दा धेरै उजुरीहरु नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र (ICCPR)का रहेका छन्। जसमा १९ वटा उजुरी रहेका छन्। दोस्रो स्थानमा यातना विरुद्धको महासन्धि (CAT) सँग सम्बन्धी उजुरीहरु रहेका छन् जसमा १४ वटा उजुरी रहेका छन्।तेस्रो स्थानमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र (ICESCR) सँग सम्बन्धी उजुरी रहेका छन्। जसमा ८ वटा उजुरी रहेका छन्।त्यसैगरी बाल अधिकार सम्बन्धि महासन्धी (CRC) ३ वटा उजुरी र महिला विरुद्ध हुने सबै

किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW), सम्बन्धी १ वटा उजुरी रहेका छन्। यस कार्यालयमा बेपत्ता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धि (ICPPED), आप्रवासी कामदारहरु तथा तिनीहरुको परिवारका सदस्यहरुको अधिकार संरक्षण सम्बन्धि अन्तर्राष्ट्रिय महासन्धि (CMW), अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धि (CRPD), सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धी (CERD) सम्बन्धी कुनै पनि उजुरी मौजुदा रहेको छैन।

**तालिका नं. ५: महासन्धिजनित उजुरीको विवरण**

| क्र.स | जिल्ला | महासन्धि | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ICCPR | ESCR | CRC | CEDAW | CAT | CRPD | CERD | CMW | ICPPED | Total |
| १. | दार्चुला | २ | १ | ० | ० | ० | ० | ० | ० | ० | ३ |
| २. | बझाङ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | २ |
| ३. | बाजुरा | १ | १ | १ | ० | १ | ० | ० | ० | ० | ४ |
| ४. | बैतडी | ० | ४ | ० | १ | १ | ० | ० | ० | ० | ६ |
| ५. | डडेल्धुरा | ० | ० | ० | ० | ३ | ० | ० | ० | ० | ३ |
| ६. | डोटी | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | १ |
| ७. | अछाम | ४ | ० | ० | ० | ५ | ० | ० | ० | ० | ९ |
| ८. | कञ्चनपुर | ४ | ० | १ | ० | ० | ० | ० | ० | ० | ५ |
| ९. | कैलाली | ६ | २ | १ | ० | ३ | ० | ० | ० | ० | १२ |
| | जम्मा | १९ | ८ | ३ | १ | १४ | ० | ० | ० | ० | ४५ |

**३.३.४. आ.व.२०८२/०८३ मा अनुसन्धान सम्पन्न गरी केन्द्रीय कार्यालयमा पठाईएका उजुरी विवरण**

मानव अधिकार उल्लंघन भएको भनी यस कार्यालयमा दर्ता भएका केही उजुरीकोहरुको अनुसन्धान कार्य भएको छ। वार्षिक कार्यक्रम अनुसार प्राप्त बजेटको प्रभावकारी कार्यान्वयन गरी प्राथमिकताका साथ अनुसन्धान कार्य गरिएको छ। तत्कालीन सशस्त्र संघर्षसँग सम्बन्धित उजुरीहरु धेरै सङ्ख्यामा रहेकोमा जम्मा ४५ वटा उजुरीमध्ये ३५ वटा उजुरीको अनुसन्धान सम्पन्न भई केन्द्रीय कार्यालयमा पठाईसकिएको छ। अनुसन्धान सम्पन्न भई आवश्यक निर्णयका लागि पठाएका उजुरीमा १७ वटा उजुरी सिफारिस र १८ वटा उजुरी तामेलीको लागि पठाएको छ। उजुरी अनुसन्धानको लागि पीडितको स्थायी ठेगानामा पुग्दा पीडित नभेटिने र एउटै उजुरीमा पटक पटक जानु पर्ने अवस्था रहेको छ। बृहत कार्य

क्षेत्र, विस्तारित जनअपेक्षा, भौगोलिक विकटता, मानव अधिकार शिक्षाको कमी तथा आर्थिक, मानवीय र भौतिक स्रोत साधनको सिमित उपलब्धतामा अनुसन्धान गर्नुपर्ने अवस्था रहेको परिपेक्ष्यमा पनि आयोगको यस कार्यालयले उजुरी अनुसन्धानमा उल्लेख्य प्रगति गरेको छ।

तालिका नं. ६: अनुसन्धान सम्पन्न गरी केन्द्रीय कार्यालय पठाईएका उजुरी विवरण

| क.स. | उजुरी नं. | ठेगाना | विषय | CMRS | अनुसन्धान निष्कर्ष |
|---|---|---|---|---|---|
| १. | ३२९ | दार्चुला | ESCRS | ६५५८ | सिफारिस |
| २. | ८६२ | कञ्चनपुर | बाल अधिकार | १७७४२ | सिफारिस |
| ३. | ६७३ | डोटी | यातना | ७३७५ | सिफारिस |
| ४. | ८३ | बैतडी | विस्थापित | ६४४५ | सिफारिस |
| ५. | ७७ | बझाङ | वेपत्ता | १२२३६ | सिफारिस |
| ६. | २९ | बाजुरा | ESCR | १०५८३ | सिफारिस |
| ७. | ७९७ | कैलाली | न्याय प्रशासन | १७०२७ | सिफारिस |
| ८. | ८२९ | दार्चुला | वेपत्ता | १७५८२ | सिफारिस |
| ९. | ८६३ | कैलाली | ESCR | | सिफारिस |
| १०. | १२५ | दार्चुला | हत्या | ६१०७ | तामेली |
| ११. | १७५९५ | बैतडी | हत्या | ६४३० | तामेली |
| १२. | ८६८ | बैतडी | महिला हिंसा | १५६८२ | तामेली |
| १३. | २३८ | दैलेख | वेपत्ता | १०४७९ | तामेली |
| १४ | ४६१ | बैतडी | ESCR | ६४३० | तामेली |
| १५. | ५७८ | कैलाली | न्याय प्रशासन | ७३१५ | तामेली |
| १६. | १६३ | अछाम | वेपत्ता | ७२६४ | तामेली |
| १७. | ८५७ | कञ्चनपुर | न्याय प्रशासन | १७०२२ | तामेली |
| १८ | ८५८ | कैलाली | न्याय प्रशासन | १७१३३ | तामेली |
| १९. | ८६१ | कैलाली | न्याय प्रशासन | १७२२२ | तामेली |
| २० | ८०८ | कञ्चनपुर | न्याय प्रशासन | ८०८ | तामेली |
| २१. | ८६० | कैलाली | न्याय प्रशासन | १७२०० | तामेली |

| | | | | | |
|---|---|---|---|---|---|
| २२. | ८५९ | कैलाली | न्याय प्रशासन | १७१९९ | तामेली |
| २३. | ६८२ | अछाम | न्याय प्रशासन | ६४०१ | तामेली |
| २४ | ३५२ | कालिकोट | वेपत्ता | १०४३९ | सिफारिस |
| २५. | ४८४ | सुर्खेत | मृत्यु | ६२३९ | सिफारिस |
| २६. | ५०९ | बाजुरा | हत्या | १७०२९ | सिफारिस |
| २७ | ६५७ | अछाम | यातना | ७२४८ | सिफारिस |
| २८ | ७०५ | बैतडी | न्याय प्रशासन | १०५५१ | तामेली |
| २९ | ७५० | अछाम | गैरकानूनी थुना | १०४९१ | तामेली |
| ३० | ७६२ | कैलाली | हत्या | १२२२० | तामेली |
| ३१. | ७८५ | कैलाली | न्याय प्रशासन | १२१५ | सिफारिस |
| ३२. | ८१८ | डडेल्धुरा | यातना | १५६८३ | तामेली |
| ३३. | ८२१ | डडेल्धुरा | यातना | १५६७९ | तामेली |
| ३४ | ८४७ | बाजुरा | खाद्य अधिकार | १७०३० | सिफारिस |
| ३५. | ८६३ | बैतडी | राहत तथा क्षतिपूर्ति | १७९०९ | सिफारिस |

### ३.३.५.आ.व. २०८२/०८३ मा उजुरी उपर भएका निर्णय

आयोगको यस कार्यालयबाट अनुसन्धान कार्य सम्पन्न भई निर्णयको लागि केन्द्रीय कार्यालयमा यस वर्ष ३५ वटा उजुरी मध्ये ११ वटा उजुरी उपर आयोगबाट निर्णय भएको छ। यस आ.व.मा आयोगको यस कार्यालयमा सामान्य उजुरीको रुपमा दर्ता भएका २६ वटा उजुरीहरु आवश्यक अनुसन्धान तथा छानविन सहित सबै प्रक्रिया पुरा गरी सबै उजुरीमा समस्या समाधान गरिएको छ। समान्य उजुरी तर्फ धेरै जसो न्याय प्रशासन, शिक्षाको अधिकार, सामाजिक न्याय, जातीय छुवाछुत तथा भेदभाव, महिला अधिकार,बाल अधिकार जस्ता विषय रहेका छन्। मानव अधिकार उल्लंघन भएका उजुरी धेरै जसो उजुरीहरु सशस्त्र संघर्षसँग सम्बन्धित रहेका छन्। यस कार्यालयबाट अनुसन्धान सम्पन्न गरी निर्णयार्थ केन्द्रीय कार्यालय पठाइएका उजुरी मध्ये आयोगले यस आर्थिक वर्ष निम्न ११ वटा उजुरीहरु माथि निर्णय भएको छ।

तालिका नं. ७: निर्णय भएका उजुरी विवरण

| क्र.स. | आयोगको निर्णय बेहोरा | CMRS |
|---|---|---|
| १. | तामेली | १७२२२ |
| २. | तामेली | १७१९९ |
| ३. | तामेली | १०३२ |
| ४. | तामेली | १६७६९ |
| ५. | तामेली | १६७४४ |
| ६. | तामेली | १६७४९ |
| ७. | तामेली | १६७३८ |
| ८. | तामेली | १६७३७ |
| ९. | तामेली | १०४७९ |
| १०. | तामेली | ६५१८ |
| ११. | तामेली | ६४३० |

### ३.४. संवर्धन सम्बन्धी कार्य

राष्ट्रिय मानव अधिकार आयोगको संवैधानिक तथा कानूनी कार्यहरु मध्ये मानव अधिकारको संवर्धन पनि एक प्रमुख कार्य हो। मानव अधिकार सम्बन्धी शिक्षा तथा चेतना अभिवृद्धिका लागि गरिने तालिम, गोष्ठी, छलफल, अन्तर्क्रिया, सेमिनार, कार्याशाला, विभिन्न सञ्चार माध्यमहरुबाट सूचना तथा जानकारी मुलक सन्देश प्रकाशन/प्रसारण, वकालत आदि संवर्धनका माध्यम हुन्। राष्ट्रिय मानव अधिकार आयोगले स्थापनाकालदेखि नै यस्ता कार्यहरुको माध्यमबाट आम नागरिकहरुमा मानव अधिकारको विषयवस्तुका बारेमा जानकारी गराउँदै आएको छ। मानव अधिकारको बारेमा सबै नागरिकहरुलाई सुसूचित गराउने, जागृत गराउने एउटा सशक्त माध्यमको रुपमा मानव अधिकार संवर्धन रहेको छ। मानव अधिकार सम्बन्धी शिक्षा र सचेतनामा वृद्धि एवं मानव अधिकारको वकालत, पक्षपोषण तथा सूचना सम्प्रेषण सम्बन्धी कार्य विस्तारमा प्रर्वद्धनात्मक कार्यको भूमिका विशेष हुन्छ। आयोगबाट संवर्धन सम्बन्धी गतिविधिहरुलाई थप व्यवस्थित र प्रभावकारी बनाउन राष्ट्रिय मानव अधिकार आयोगबाट मानव अधिकार सहकार्य तथा समन्वय सम्बन्धी निर्देशिका, २०६९ जारी भई कार्यान्वयनमा आइसकेको छ। आयोगले जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकार: दिगो शान्ति र समृद्धिको आधार भन्ने आह्वानलाई साकार पार्न मानव अधिकारको संवर्धन कार्यलाई विशेष प्राथमिकतामा राखी यस कार्यालयले प्रदेश सरकार, स्थानीय सरकार, सुरक्षाकर्मी,

पत्रकार, नागरिक समाज, मानव अधिकार रक्षक तथा विकास साझेदारहरुसँग समन्वय तथा सहकार्य गरी अन्तरक्रिया, छलफल, गोष्ठी, तालिम, कार्यशाला जस्ता गतिविधिहरु सञ्चालन गर्दै आएको छ। यस कार्यालयले मानव अधिकारको संवर्धनका लागि बजेट तथा कार्यक्रमको सीमा भित्र रही कतिपय आफैले र कतिपय अन्य सरकारी तथा गैरसरकारी संघसंस्थाहरुको साझेदारीमा विभिन्न कार्यक्रमहरु गर्दै आइरहेको छ। जसलाइ विस्तृत रुपमा तल उल्लेख गरिएको छ।

### ३.४.१. यस कार्यालयसँगको सहकार्यमा भएका संवर्धन सम्बन्धी कार्यक्रमहरु

आयोगको यस कार्यालयले मानव अधिकारको संवर्धनसँग सम्बन्धित विभिन्न कार्यक्रमहरु गर्ने गरेको छ। आ.व.२०८२।०८३ को वार्षिक कार्ययोजना अनुरुपका केही कार्यक्रम सम्पन्न गरेको छ। आयोगले आ.व. २०८२/८३ मा संवर्धन सम्बन्धी छुट्टै बजेट विनियोजन गरेको नभए तापनि अन्य निकायहरुसँगको समन्वय तथा सहकार्यमा Local Youth Conference, मानव बेचबिखन सम्बन्धी छलफल, व्यवसाय र मानव अधिकार, बालविवाहले मानव अधिकार उपभोगमा पार्ने प्रभाव सम्बन्धी प्रादेशिक राष्ट्रिय जाँचवुझ परामर्श, अन्तर्राष्ट्रिय मानव अधिकार दिवस, निर्वाचन र मानव अधिकार, लागु प्रदार्थ सेवनकर्ता र सुधार गृह, विश्वब्यापी आवधिक समिक्षाको सिफारिसहरुको कार्यान्वयन अवस्था, मानव अधिकारको कार्यान्वयनमा स्थानीय तहको भूमिका सहितको कार्यक्रम गरिएको छ। यहाँ उल्लिखित केही कार्यक्रमहरु आयोगको केन्द्रीय कार्यालयको आर्थिक सहयोगमा भएको हो भने अन्य केही कार्यक्रमहरु अन्य सरोकारवाला निकायसँग समन्वय गरेर आयोगले सम्पन्न गरेको छ।

**तालिका नं. ८: सम्पन्न भएका कार्यक्रम**

| क्र.स. | कार्यक्रमको विषयवस्तु | मिति | कैफियत |
|---|---|---|---|
| १. | विद्यालयमा मानव अधिकार र कानूनी सचेतना (एक्सीस विद्याश्रम) | २०८२/०४/०५ | |
| २. | Local Youth Conference | २०८२/०५/१० | |
| ३. | मानव बेचबिखन विरुद्धको अधिकार सम्बन्धमा राष्ट्रिय प्रतिवेदन लेखन सम्बन्धी छलफल | २०८२/०५/१८ | |
| ४. | विद्यालयमा मानव अधिकार र कानूनी सचेतना (पञ्चोदय मा.वि.) | २०८२/०५/२० | |
| ५. | व्यवसाय र मानव अधिकार | २०८२/०७/०६ | |
| ६. | बालविवाहले मानव अधिकार उपभोगमा पार्ने प्रभाव सम्बन्धी प्रादेशिक राष्ट्रिय जाँचवुझ परामर्श | २०८२/०७/२७ | |

| | | | |
|---|---|---|---|
| ७. | अन्तर्राष्ट्रिय मानव अधिकार दिवस | २०८२/०८/२४ | |
| ८. | निर्वचन र मानव अधिकार | २०८२/११/१० | |
| ९. | लागु प्रदार्थ सेवनकर्ता र सुधार गृह | २०८२/१२/०२ | |
| १०. | विद्यार्थीसँग मानव अधिकार र कानूनी सचेतना (कैलाली ब. क्याम्पसका कानून संकायका विद्यार्थी) | २०८२/१२/१६ | |
| ११. | विश्वब्यापी आवधिक समीक्षाको सिफारिसहरुको कार्यान्वयन अवस्था | २०८३/०२/०७ | |
| १२. | आयोगको स्थापना दिवस | २०८३/०२/१३ | |
| १३. | मानव अधिकारको कार्यान्वयनमा स्थानीय तहको भुमिका | २०८३/०२/२५ | |
| १४ | सुदूरपश्चिम प्रदेशका प्रदेश सचिवहरुसँग समन्वय छलफल | २०८३/०३/३२ | |

### ३.४.२. अन्य निकायले गरेको कार्यक्रममा सहभागिता

आयोगको यस कार्यालयले मानव अधिकारको संवर्धन गर्नको लागि कतिपय कार्यक्रम आफैले आयोजना गरेर कार्यक्रम गरेको हुन्छ भने कतिपय अन्य संघ/संस्थाले वा निकायले आयोजना गरेको कार्यक्रममा सहभागी भई मानव अधिकारका विविध पक्षमा आफ्नो धारण तथा भनाई राख्ने गरेको छ। राष्ट्रिय मानव अधिकार आयोगले नागरिक समाजसँग मानव अधिकार प्रवर्धन गर्नेको लागि संवैधानिक तथा कानूनी व्यवस्था भएको हुदाँ नागरिक समाज तथा संघ/संस्थाले आयोजना गरेको सबै जसो कार्यक्रममा आयोगको उपस्थित हुने गरेको छ। धनगढी सुदूरपश्चिम प्रदेशको राजधानी भएको हुँदा यहाँ हुने विभिन्न कार्यक्रमहरु आयोगको जनशक्तिले पुगे सम्म सहभागिता हुने गरेको छ। आ.व. २०८२।०८३ मा अन्य निकाय वा विभिन्न संघ/संस्थाले आयोजना गरेको प्रमुख ४८ वटामा कार्यक्रममा आयोगको सहभागिता रहेको छ। मानव अधिकारसँग सम्बन्धित कार्यक्रमको आयोजना मुख्य नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र गैरसरकारी संघसंस्थाहरुको आयोजना रहेको छ। उक्त कार्यक्रमको विषयवस्तुहरु मानव अधिकार, अपाङ्गता भएका व्यक्तिको अधिकार, यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिको अधिकार, बाल अधिकार, संक्रमणकालीन न्याय, सामाजिक न्याय, मानव अधिकार रक्षक र सुरक्षा सम्बन्धी आदी विषयवस्तु रहेका छन्।

तालिका नं.९: अन्य निकायले आयोजना गरेको कार्यक्रममा सहभागिता सम्बन्धी

| क्र.स. | विषयवस्तु | आयोजक |
|---|---|---|
| १. | २५ औं मुक्त कमैया दिवस | मुक्त कमैया महिला विकास मञ्च |
| २. | नागरिक र पत्रकार बीचको सम्बन्ध अन्तरक्रिया कार्यक्रम | नेपाल पत्रकार महासंघ, कैलाली |
| ३. | एचआईभि संक्रमितहरुले भोग्नु परेको समस्या सम्बन्धी छलफल | गोदावरी प्लस |
| ४. | सरोकारवालाहरुसँग संवाद कार्यक्रम | गैरसरकारी संस्था महासंघ |
| ५. | आमन्त्रण सम्बन्धमा | इन्सेक |
| ६. | उपस्थिति सम्बन्धमा | श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रलय |
| ७. | Local youth Conference | Unify Nepal कैलाली |
| ८. | १७ औं हलिया दिवस | हलिया भूमि महासंघ |
| ९. | लैङ्गिक हिंसामा आधारित जिल्ला समन्वय समितिको बैठक | जिल्ला समन्वय समिति, कैलाली |
| १०. | समन्वय बैठक | जिल्ला प्रशासन कार्यालय, कैलाली |
| ११. | मानव अधिकार सवलीकरण तथा सहायता कक्ष सम्बन्धी छलफल | इन्सेक |
| १२. | मानव अधिकार संजालको छलफल कार्यक्रम | फाया नेपाल |
| १३. | साधारण सभा कार्यक्रम | सुदूरपश्चिम समाज |
| १४. | वार्षिक साधारण सभा | शान्ति पुर्नस्थापना गृह |
| १५. | Care Policy Province Consultation | पिसविन |
| १६. | विपद् जोखिम न्यूनीकरणमा अपाङ्गता भएका व्यक्तिहरूको मुद्दा | राष्ट्रिय अपाङ्ग महासंघ |
| १७. | मानव अधिकार अवस्था सम्बन्धी छलफल कार्यक्रम | टेवा संस्था |
| १८. | वार्षिक उत्सव कार्यक्रम | अग्रलेख मिडिया सेन्टर |
| १९. | प्रदेश र स्थानीय विच समन्वको अवस्था | आन्तरिक मामिला तथा कानुन मन्त्रालय |
| २०. | पत्रकार आचारसंहिता कार्यान्वयन सम्बन्धी छलफल | नेपाल पत्रकार महासंघ |
| २१. | आप्रवासन समस्या समाधान सम्बन्धी छलफल | निड्स नेपाल |

| | | |
|---|---|---|
| २२. | वार्षिक साधारण सभा | एमपीडीएस |
| २३. | "Formative Research on Child Trafficking in Nepal" Report Validation Workshop | शक्ति समूह |
| २४. | "End Digital Violence against Women and Girls" विषयक सचेतना कार्यक्रममा सहभागी भएको | UN Women |
| २५. | एकल महिला, द्वन्द प्रभावित महिला र सीमान्तकृत महिलाहरुको मानव अधिकार समसामयिक विषयगत सवालमा सुदूरपश्चिम प्रदेश स्तरीय कार्यशाला गोष्ठी | WHR |
| २६. | भारतमा जाने नेपाली श्रमिकहरुको अवस्था विश्लेषण गरी सुरक्षित र उपलब्धिमूलक आप्रवासनका लागि सम्बन्धित सरोकारवालाहरुको भूमिका विषय कार्यशालामा सहभागी भएको | सामाजिक विकास मन्त्रालय |
| २७. | यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको मानव अधिकारका उपलब्धी, चुनौती तथा प्रदेश सरकार, स्थानीय सरकार तथा सरोकारवाला निकायहरुको भूमिका विषयक कार्यक्रममा सहभागी भएको। | सुदूरपश्चिम समाज |
| २८. | राष्ट्रिय जनसङ्ख्या नीति, २०८२ सार्वजनिकीकरण तथा अभिमुखीकरण | सामाजिक विकास मन्त्रालय |
| २९. | निर्वाचन आचार संहिताको प्रभावकारी कार्यान्वयन र सरोकारवालाहरूको भूमिका | नेपाल कानून समाज, काठमाडौं |
| ३०. | बेरुजु फर्छ्यौट तथा सरकारी बाँकी असुल सम्बन्धी अभिमुखिकरण कार्यक्रम | कुमार चौक तथा केन्द्रीय तहसिल कार्यालय, काठमाण्डौं |
| ३१. | लागुऔषध प्रयोगकर्तालाई सामाजिक पुनःस्थापना बारेमा छलफल तथा अन्तर्क्रिया | रिकभरी नेपाल |
| ३२. | बाल अधिकारका क्षेत्रमा काम गर्ने संस्थासँग छलफल तथा अन्तर्क्रिया | सामुदायिक विकास केन्द्र, कैलाली |
| ३३. | प्रेस स्वतन्त्रता सम्बन्धी काम गर्ने निकायसँग छलफल | Free Media Network |
| ३४. | PAMS V2 को अभिमुखीकरण कार्यक्रम | कोष तथा लेखा नियन्त्रण कार्यालय |
| ३५. | बाल अधिकार सम्बन्धी विषयमा छलफल | सामाजिक विकास मन्त्रालाय, सुदूरपश्चिम प्रदेश सरकार |

| | | |
|---|---|---|
| ३६. | सत्य निरूपण तथा मेलमिलाप आयोग | जिल्ला प्रशासन कार्यालय, कैलाली |
| ३७. | अन्तरसंवाद | अपाङ्गता महासंघ |
| ३८. | अन्तर्राष्ट्रिय प्रेस स्वतन्त्रता दिवस कार्यक्रम | मत्राकार महासंघ |
| ३९. | UNDP A-Z | MPDS |
| ४०. | श्रम आप्रवासन नीति, २०८२ कार्यान्वयन सम्बन्धी सरोकारवालासँग परामर्श कार्यक्रमा | सामाजिक विकास मन्त्रालय, सु.प. प्रदेश |
| ४१. | अपाङ्गता सम्बन्धी प्रदेश स्तरीय गोष्ठी | INF |
| ४२. | नेपाल बहुसूचक सर्वेक्षण २०८१/८२ को प्रतिवेदन प्रदेशस्तरीय सार्वजनिक | राष्ट्रिय तथ्याङक कार्यालय, तथ्याङ्क समन्वय, कार्यालय |
| ४३. | न्यामा पहुँचको स्थिति, चुनौती एवं सामाधानको उपायहरु | कैलाली जिल्ला अदालत बार ऐशोसिएशन |
| ४४. | अन्तरक्रिया कार्यक्रम | तथ्याङ्क समन्वय कार्यालय |
| ४५. | अतिथिको रुपमा सहभागी | WHR, धनगढी |
| ४६. | अतिथिको रुपमा सहभागी | राष्ट्रिय अपांङ्ग महासंघ, कैलाली |
| ४७. | बालबालिकाका सवाल तथा बजेट विनियोजन विषयक अन्तर्क्रिया कार्यक्रम | सामाजिक विकास मन्त्रालय |
| ४८. | छलफल तथा अन्तर्क्रिया | पिसविन |

### ३.४.३. समन्वय तथा सहकार्यमा गरेको कार्य

राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार सम्बन्धी संवर्धनात्मक कार्य गर्नु पर्ने संवैधानिक व्यवस्था रहेको छ। मानव अधिकार सहकार्य तथा समन्वय सम्बन्धी निर्देशिका, २०६९ जारी भई कार्यान्वयनमा आईसकेको छ। आयोगलाई प्राप्त कानुनी व्यवस्था अनुसार आयोगको यस कार्यालयले विभिन्न संघ संस्थाहरुसँग समन्वय तथा सहकार्यमा कार्यक्रमहरु गर्दै आएको छ। यस आ.व.२०८२।०८३ मा ५ वटा निकायसँग समन्वय तथा सहकार्य गरी गरेको छ। यूएनएफपिएसँग सहकार्य गरि विश्वव्यापी आवधिक समिक्षाको सिफारिसहरुको कार्यान्वयन अवस्था, पिसविन सँग मानव अधिकार, लैङ्गिक हिंसा र रिकभरी नेपालसँगको सहकार्यमा लागुप्रदार्थ सेवनकर्ता सम्बन्धी कार्य गरिएको छ। स्थानीय तह गौरीगंगा नगरपालिका र जयपृथ्वी नगरपालिकासँग पनि समन्वय र सहकार्य गरि मानव अधिकारका विविध विषयमा कार्यक्रम गरिएको छ।

तालिका नं.१०: समन्वय तथा सहकार्यमा गरेको कार्यहरु

| क्र.स. | समन्वय तथा सहकार्य गर्ने निकाय | विषयवस्तु |
|---|---|---|
| १. | UNFPA | विश्वब्यापी आवधिक समिक्षाको सिफारिसहरुको कार्यान्वयन अवस्था |
| २. | पिसविन | मानव अधिकार, महिला अधिकार र सामाजिक सञ्जालबाट हुने हिंसा सम्बन्धमा |
| ३. | रिकभरी नेपाल | लागु पदार्थ सेवनकर्ता र सुधार गृह |
| ४. | जयपृथ्वी नगरपालिका | मानव अधिकारको कार्यान्वयनमा स्थानीय तहको भुमिका |
| ५. | गौरीगंगा नगरपालिका | सीमान्तकृत समुदायको मानव अधिकार |

### ३.४.४.स्रोत व्यक्तिको रुपमा सहभागी

यस सुदूरपश्चिम प्रदेशको धनगढीमा हुने मानव अधिकारसँग सम्बन्धित तालिम तथा कार्यक्रममा स्रोत व्यक्तिको रुपमा आयोगको कर्मचारीहरुलाई बोलाइने गरिएको छ। विभिन्न संघ संस्थाले आयोजना गरेको तालिम तथा कार्यक्रममा हालसम्म १३ पटक सहभागिता रहेको छ। यसरी स्रोत व्यक्तिको रुपमा सहभागिता हुँदा मानव अधिकारका विभिन्न विषय लगायत यस कार्यालय र समग्र मानव अधिकार आयोगकै प्रवर्धन हुने गरेको छ। स्रोत व्यक्तिको रुपमा यस कार्यालयबाट कार्यालय प्रमुख सहित अन्य कर्मचारीहरुको सहभागिता हुने गरेको छ। आयोगबाट सहभागी हुने कर्मचारीले मुलतः मानव अधिकारका विषयमा आफ्नो प्रस्तुती राख्ने गरेको देखिन्छ। स्रोत व्यक्तिले दलित महिला र सिमान्तकृत समुदायको मानव अधिकार र समाजिक न्याँयको सुनिश्चिता तथा बिकासमा समावेशी पहूँचका लागि प्रदेश तथा स्थानीय सरकारहरुको प्रयास, बाल विवाह तथा हानिकारक परम्परा विरुद्ध बनेका कानून कार्यान्वयनको अवस्था चुनौती र समाधानका उपायहरु, मनोसामाजिक अपाङ्गता भएका व्यक्तिका अधिकारहरू, मानव अधिकार शिक्षा, महिलाहरुलाई मानव अधिकार सम्बन्धी तालिम कार्यक्रम, मानव अधिकारको सवालमा मानव अधिकार रक्षकको भूमिका, निर्वाचनमा बालबालिकाहरुको प्रयोग नगर्ने सम्बन्धमा राजनैतिक दलहरुको प्रतिवद्धता, व्यवसाय र मानव अधिकार, सामाजिक सञ्जालबाट हुने हिंसा सम्बन्धमा, एकद्धार संकट व्यवस्थापन केन्द्र र लैङ्गिकतामा आधारित हिंसा जस्ता विषयहरु रहेका छन्।

तालिका नं.११: स्रोत व्यक्तिको रुपमा सहभागी

| क्र.स. | विषयवस्तु | आयोजक |
|---|---|---|
| १. | दलित महिला र सिमान्तकृत समुदायको मानव अधिकार र समाजिक न्यायको सुनिश्चिता तथा बिकासमा समावेशी पहुँचका लागि प्रदेश तथा स्थानीय सरकारहरुको प्रयास | दलित महिला अधिकार मञ्च, कैलाली |
| २. | बाल विवाह तथा हानिकारण परम्परा विरुद्ध बनेका कानून कार्यान्वयनको अवस्था चुनौती र समाधानका उपायहरु | दलित महिला अधिकार मञ्च, कैलाली |
| ३. | स्थानीयस्तरका अगुवा महिला अभियान्ता महिलाहरुलाई मानव अधिकार सम्बन्धि तालिका कार्यक्रम | दलित महिला अधिकार मञ्च, कैलाली |
| ४. | मनोसामाजिक अपाङ्गता भएका व्यक्तिका अधिकारहरू | कोशिस नेपाल, कैलाली |
| ५. | मानव अधिकार शिक्षा सम्बन्धी विद्यार्थीलाई अभिमुखीकरण कार्यक्रम | बोलन्या थली, कैलाली |
| ६. | मानव अधिकारको सवालमा मानव अधिकार रक्षकको भूमिका | एड्भोकेसी फोरम, कैलाली |
| ७. | निर्वाचनमा बालबालिकाहरुको प्रयोग नगर्ने सम्बन्धमा राजनैतिक दलहरुको प्रतिवद्धता<br>(निर्वाचन र बाल अधिकार सम्बन्धि कार्यपत्र) | सामुदायिक विकास केन्द्र, डोटी |
| ८. | दलित महिला तथा सीमान्तकृत समुदायको मानव अधिकार प्रवर्धनमा बहुसरोकारवालासँग अभिमुखीकरण कार्यक्रम | दलित महिला संघ धनगढी कैलाली |
| ९. | व्यवसाय र मानव अधिकार | इन्सेक, धनगढी |
| १०. | मानव अधिकार, महिला अधिकार र सामाजिक सञ्जालबाट हुने हिंसा सम्बन्धमा | पिसविन |
| ११. | बालबालिकाका सवाल र बजेट विनियोजन विषयक | सिडिसी |
| १२. | एकद्धार संकट व्यवस्थापन केन्द्र र लैङ्गिकतामा आधारित हिंसा | प्लान नेपाल |
| १३. | स्वास्थ्य र मानव अधिकार | MPDS |

### ३.४.५. बैठकहरुमा सहभागी

आयोगको यस कार्यालयबाट मानव अधिकार सम्बन्धी विभिन्न विषयमा सरोकारवाला निकायसँग समय समय वैठकहरु आयोजन गर्ने तथा बैठकहरुमा सहभागिता हुने गरेको छ। आयोगको यस कार्यालयमा नियमित आन्तरिक बैठक बस्ने गरेको छ। विभिन्न निकाय तथा कार्यालयमा आमन्त्रित सदस्यको रुपमा पनि सहभागिता हुने गरेको छ। आयोगको यस कार्यालयबाट नियमित रुपमा इन्सेकद्धारा सञ्चालित मानव अधिकार सहायता कक्षमा हुने बैठकमा आयोगको सहभागिता हुने गरेको छ।

**तालिका नं.१२: बैठकहरुमा सहभागी**

| क्र.स. | बैठकको विषयवस्तु | आयोजक | जम्मा सङ्ख्या |
|---|---|---|---|
| १ | बालबालिकाको स्थिति प्रतिवेदन | सामाजिक विकास मन्त्रालय | १ |
| २ | बालबालिक सम्बन्धी बैठक | सामाजिक विकास मन्त्रालय | १ |
| ३ | मानव अधिकार सहायता कक्ष | इन्सेक, धनगढी | ४ |

### ३.४.६. परामर्श सम्बन्धी कार्य

आयोगको यस सुदूरपश्चिम प्रदेश कार्यालयमा विभिन्न किसिमका उजुरी लिएर व्यक्ति तथा निकायहरु आउने गरेका हुन्छन जसमा केही उजुरीहरु मुल कितावमा दर्ता गरिन्छ भने केही उजुरीहरु समान्य उजुरीको रुपमा दर्ता गरी अनुसन्धान कार्य पछि यही निर्णय हुने गर्दछ भने केही उजुरीहरुमा परामर्श दिने गरिन्छ। मानव अधिकारका विषय समसामयिक र अन्तरसम्बन्धित विषय पनि हुन। मानव अधिकारको क्षेत्र वृहत्तर रहेको छ। कतिपय विषयहरुमा आयोगले सहजीकरण गर्नुपर्ने तथा पहल गर्नु पर्ने आवश्यकता रहन्छ। मानव अधिकारको प्रभावकारी कार्यान्वयनको लागि परामर्श गर्नुका अलवा विषयवस्तुको गाम्भिर्यता अनुसार आफ्नै पहलमा पीडितलाई न्याय दिने काम गर्नु पर्दछ। आयोगको यस कार्यालयले आ.व.२०८२।८३ मा ३१ वटा विषयमा परामर्श सेवा तथा पहलमा कार्य गरेको भए पनि एउटै विषयमा एउटै व्यक्ति वा समुहलाई धेरै पटक परामर्शको कार्य गरेको छ। परामर्श कार्य यस कार्यालयमा उपस्थित भएको मात्र दर्ता गरिएको छ भने अन्य फोन तथा अन्य माध्यमाबाट दिएको परामर्श सङ्ख्या यहाँ उल्लेख गरिएको छैन। सबैभन्दा धेरै परामर्श फोनबाट दिने गरिएको छ भने कतिपय विषयहरुमा समान्य सोधपुछ तथा जानकारी माग गरिएपछि समस्याको समाधान हुने गरेका छन् भने कतिपय विषयहरुमा कानुनी व्यवस्था बारेमा जानकारी गराई सम्बन्धित निकायमा पठाउने र त्यहीबाट समस्याको समाधान हुने गरेको छ। परामर्श कार्यले विषयको बारेमा पीडितलाई स्पष्ट गर्नुका साथै आफ्नो विषयको कार्यविधि/प्रक्रियाका बारेमा जानकारी प्राप्त हुने गरेको छ। परामर्शको विषयवस्तु न्याय प्रशासन, शिक्षाको अधिकार, रोजगारी, सामाजिक न्याय, घरेलु हिंसा, सम्बन्ध विच्छेद, बालअधिकार, पञ्जिकरणलगायतका विषयहरु रहेका छन्।

**तालिका नं.१३: परामर्श सम्बन्धी कार्य**

| क्र.स. | मिति | परामर्शको विषय बस्तु |
|---|---|---|
| १. | २०८२/०४/१५ | उजुरी सम्बन्धी जानकारी माग गरेको सम्बन्धमा |
| २. | २०८२/ ०६/२८ | शव नेपाल ल्याउने सम्बन्धमा |
| ३. | २०८२/०७/२७ | शिक्षाको अधिकार सम्बन्धी विषयमा |

| | | |
|---|---|---|
| ४. | २०८२/७/२८ | न्याय प्रशासन सम्बन्धी विषयमा |
| ५. | २०८२/७/२८ | मनोसामाजिक परामर्श सम्बन्धी विषयमा |
| ६. | २०८२/०९/१७ | न्याय प्रशासन विषयमा |
| ७. | २०८२/०९/२५ | रोजगारीको हक सम्बन्धी विषयमा |
| ८. | २०८२/०९/२८ | स्वास्थ्य सेवा/औषधि उपलब्धता सम्बन्धी विषयमा |
| ९. | २०८२/१०/०७ | स्वास्थ्य सेवा/औषधि उपलब्धता सम्बन्धी विषयमा |
| १०. | २०८२/१०/०८ | सिफारिस कार्यान्वयन सम्बन्धमा |
| ११. | २०८२/१०/०९ | सीमापार मानव ओसारपसार सम्बन्धी विषयमा |
| १२. | २०८२/१०/०९ | न्याय प्रशासन सम्बन्धी विषयमा |
| १३. | २०८२/१०/२९ | घरेलु हिंसा सम्बन्धी विषयमा |
| १४. | २०८२/११/०४ | न्याय प्रशासन सम्बन्धी विषयमा |
| १५. | २०८२/११/०५ | न्याय प्रशासन सम्बन्धी विषयमा |
| १६. | २०८२/११/११ | न्याय प्रशासन सम्बन्धी विषयमा |
| १७. | २०८२/११/२८ | रोजगारीको हक सम्बन्धी विषयमा |
| १८. | २०८२/११/२८ | न्याय प्रशासन सम्बन्धी विषयमा |
| १९. | २०८२/१२/३ | कैदीबन्दीको शिक्षाको अधिकार सम्बन्धी विषयमा |
| २०. | २०८२/१२/३ | वन्यजन्तुको आक्रमण सम्बन्धी विषयमा |
| २१. | २०८२/१२/१० | साइबर क्राइम सम्बन्धी विषयमा |
| २२. | २०८२/१२/११ | न्याय प्रशासन सम्बन्धी विषयमा |
| २३. | २०८२/१२/२३ | सामाजिक विवाद सम्बन्धी विषयमा |
| २४. | २०८२/१२/२३ | बाल अधिकार र महिलाको अधिकार सम्बन्धी विषयमा |
| २५. | २०८३/०१/१० | न्याय प्रशासन सम्बन्धी विषयमा |
| २६. | २०८३/०१/१४ | न्याय प्रशासन सम्बन्धी विषयमा |
| २७. | २०८३/०१/२३ | न्याय प्रशासन सम्बन्धी विषयमा |
| २८. | २०८३/०१/२४ | न्याय प्रशासन सम्बन्धी विषयमा |
| २९. | २०८३/०१/२८ | बाल अधिकार सम्बन्धी विषयमा |
| ३०. | २०८३/०१/२९ | न्याय प्रशासन सम्बन्धी विषयमा |
| ३१. | २०८३/०२/२० | खानेपानी समस्या सम्बन्धमा विषयमा |

# परिच्छेद-४

## प्रमूख गतिविधिहरु

### ४.१. विश्वव्यापी आवधिक समीक्षा (UPR) बाट सिफारिसहरुको कार्यान्वयन विषय परामर्श कार्यक्रम

मिति २०८३ जेठ ७ गते राष्ट्रिय मानव अधिकार आयोग सुदूरपश्चिम प्रदेश कार्यालयको आयोजनामा (UPR) विश्वव्यापी आवधिक समीक्षाबाट प्राप्त सिफारिसहरु कार्यान्वयनमा प्रदेश सरकार तथा स्थानीय तहको भूमिका विषयक परामर्श कार्यक्रम धनगढी, कैलालीमा सम्पन्न भएको छ। उक्त कार्यक्रमको अध्यक्षता आयोगको सुदूरपश्चिम प्रदेश कार्यालयका नि. कार्यालय प्रमुख श्री मान बहादुर कार्कीले गर्नु भएको थियो भने प्रमुख अतिथि सुदूरपश्चिम प्रदेश सभाका सभामुख माननीय श्री भीम बहादुर भण्डारी र विशिष्ट अतिथि सुदूरपश्चिम प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री मेघराज खडका रहनु भएको थियो। अन्य अतिथिमा सुदूरपश्चिम प्रदेश सभा सदस्य माननीय इन्दीरा गिरी, माननीय ललिता सुनार, राष्ट्रिय मानव अधिकार आयोगका सचिव श्री मुरारिप्रसाद खरेल, धनगढी उपमहानगरपालिकाका उपप्रमुख श्री कन्दकला राना, प्रदेश नीति तथा योजना आयोगका सचिव श्री गणेश बहादुर सिंह रहनु भएको थियो। कार्यक्रममा सुदूरपश्चिम प्रदेश सरकारका विभिन्न मन्त्रालयका प्रतिनिधिहरु, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिहरु, कञ्चनपुर र कैलाली जिल्लाका विभिन्न स्थानीय तहका प्रतिनिधिहरु, कैलाली जिल्ला स्थित विभिन्न सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु, गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, UN एजेन्सीका प्रमुख तथा प्रतिनिधिहरु, विकास साझेदार संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, सञ्चारकर्मीहरु, विद्यार्थीहरुलगायतको सहभागिता रहेको उक्त कार्यक्रममा UNFPA प्रतिनिधि श्री समिर घिमिरेले विश्वव्यापीको आवधिक समीक्षाको बारेमा प्रस्तुती राख्नु भएको थियो। यस कार्यक्रममा विशेषगरी सुदूरपश्चिम प्रदेशका मानव अधिकारका सवाल र विश्वव्यापी आवधिक समीक्षाबाट प्राप्त सुझावहरुको सुदूरपश्चिम प्रदेश र स्थानीय तहको भूमिका बारेमा छलफल गरिएको थियो।



### ४.२.कारागार अनुगमन

राष्ट्रिय मानव अधिकार आयोगले विभिन्न समयमा कारागारहरुको अनुगमन गर्ने गरेको छ। कारागारमा रहेका थुनुवा तथा कैदीको आधारभुत मानव अधिकार अवस्था अनुगमन गर्ने गरेको छ। आयोगको टोलीले यस पटक अछाम, डोटी र बाजुरा जिल्लामा रहेका कारागारको अनुगमन गरेको छ। अनुगमनको क्रममा कारागार प्रशासन, कैदीबन्दी, थुनुवा तथा सुरक्षाकर्मी र कारागार प्रशासनसँग छलफल गरिएको छ। कारागार कार्यालय, अछाममा कारागारको क्षमता ५० जनाको भए पनि ८७ जना कैदीबन्दी रहेका छन्। पुरुष कैदीबन्दीहरु ८२ र महिला कैदीबन्दीहरु ५ जना रहेका छन्। अन्य जिल्लाका कारागारहरुको क्षमता भन्दा बढी कैदीबन्दी हुने समस्या यहाँ पनि रहेको छ। कारागारमा रहेका धेरै जसो कैदीबन्दीहरु जबरजस्ती करणी कसुरमा सजाय भोगी रहेका छन्। नेपाल सरकारले उपलब्ध गराएको सेवा सुविधाहरु प्राप्त गरेको कुरा कैदीबन्दीहरुले बताएका छन्। आधारभूत उपचार, खाना, कानून व्यवसायी राख्न र आफन्त भेटन कुनै पनि समस्या नरहेको तर खानेपानीको प्रभावकारी व्यवस्थापन नहुँदा कैदीबन्दीहरुले समस्या भोग्नु परेको छ। त्यसैगरी आयोगबाट कारागार कार्यालय, डोटीको अनुगमन गर्दा उक्त कारागारमा कैदी बन्दी र थुनुवा गरेर जम्मा ७१ जना रहेको पाइयो जसमध्ये पुरुष ६७ र महिला ४ जना रहेको पाइयो। पुरानो र अपर्याप्त भवन संरचनाले गर्दा कैदी बन्दी तथा थुनुवाहरुको बसाईमा असहजता रहेको पाइयो। कारागार कार्यालय, डोटीमा रहेका कैदी बन्दी तथा थुनवाहरु मध्ये अधिकांशको जवरजस्ती र कर्तव्य ज्यान सम्बन्धी मुद्धा रहेको पाइयो। आयोगको टोलीले कारागार कार्यालय, बाजुरासँग उक्त कारागारको अवस्थाका बारेमा जानकारी लिदा उक्त जिल्लाको कारागार हाल निर्माणधीन अवस्थामा रहेकाले तहाँ राख्नु पर्ने कैदीबन्दीहरु कारागार कार्यालय अछाम र नौबस्ता कारागार बाँकेमा पठाएको कारागार प्रशासनले जानकारी गराएको थियो। बाजुरा कारागारमा रहेका ८६ जना कैदीबन्दीहरुमा ६० प्रतिशत जति नौबस्ता कारागार बाँके र ४० प्रतिशत अछाम कारागार पठाईएको पाईयो। बाजुरा जिल्ला कारागार निर्माणधिन अवस्थामा रहेको र छिटै सम्पन्न हुने अवस्थामा रहेको छ।कारागारहरुको अनुगमनबाट त्यहाँ रहेका कैदीबन्दीहरुको मानव अधिकारको अवस्था सामान्य रहेको र सरकारले दिनुपर्ने सेवा सुविधाहरु सबै कैदीबन्दीले प्राप्त गरेको र भौतिक संरचनाको अभावले सहज बसोबास हुन सकेको भने अझै देखिदैन। कारागार व्यवस्था विभाग, कालिकास्थान, काठमाडौंले आयोगलाई मिति २०८४/०४/०७ गते उपलब्ध गराएको विवरण अनुसार सुदूरपश्चिम प्रदेशमा हाल जम्मा १४१० जना कैदीबन्दी रहेको देखाउछ।

### ४.३. कानुनी सचेतना



मिति २०८२ श्रावण ५ गते एक्सिस विद्याश्रम माध्यामिक विद्यालयको आयोजना र मुख्य न्यायाधिवक्ताको कार्यालय सुदूरपश्चिम प्रदेश सरकार तथा राष्ट्रिय मानव अधिकार आयोग सुदूरपश्चिम प्रदेश कार्यालयसँगको सहकार्यमा कानूनी सचेतना सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। यस कार्यक्रमको अध्यक्षता एक्सिस विद्याश्रम माध्यामिक विद्यालयको प्राचार्य अनिता पन्तले गर्नु भएको थियो। प्रमूख अतिथि सुदूरपश्चिम प्रदेश सरकारका मुख्य न्यायाधिवक्ता श्री ठेकेन्द्र राज जोशी र विशिष्ट अतिथि राष्ट्रिय मानव अधिकार आयोग सुदूरपश्चिम प्रदेश कार्यालयका कार्यालय प्रमुख (सहसचिव) श्री प्रकाशदत्त भट्ट रहनु भएको थियो भने विद्यालयका कर्मचारी, उक्त विद्यालयमा कक्षा १२ मा अध्ययनरत विद्यार्थीसहित करिब २५० जनाको सहभागिता रहेको थियो। सो कार्यक्रमका विशिष्ट अतिथि श्री प्रकाशदत्त भट्टले मानव अधिकारको अवधारणा, आवश्यकता, राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य र अधिकार, कानूनी साक्षरता विस्तारमा विद्यार्थीको भूमिका, कानूनको अनभिज्ञताका कारण पर्ने असरका बारेमा आफ्नो प्रस्तुती राख्नु भएको थियो। त्यसैगरी प्रमूख अतिथि मुख्य न्यायाधिवक्ता श्री ठेकेन्द्र राज जोशीले मुख्य न्यायाधिवक्ताको कार्यालयको काम कर्तव्य र अधिकार तथा कानून विषय पढ्दाका फाइदा बारेमाथि आफ्नो धारणा राख्नु भएको थियो। कार्यक्रमको अध्यक्षता गर्नु भएको प्राचार्य अनिता पन्तले मन्तव्य राख्ने क्रममा प्रत्येक व्यक्तिको जीवनमा कानूनको ज्ञान हुन अपरिहार्यता हुन्छ। कानून सबैले जान्नु आवश्यक छ भन्ने धारणा राख्नु भएको थियो।

### ४.४. Local Youth Conference

मिति २०८२ भदौ १० गते Unify Nepal को आयोजनामा राष्ट्रिय मानव अधिकार आयोग सुदुरपश्चिम प्रदेश कार्यालय, धनगढीमा Local youth Conference कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रममा प्रमुख अतिथिको रूपमा प्रदेश नीति तथा योजना आयोग, सुदूरपश्चिम प्रदेशका सदस्य माननीय श्री शेर बहादुर कुँवर, विशिष्ट अतिथि राष्ट्रिय मानव अधिकार आयोग सुदुरपश्चिम प्रदेश कार्यालयका कार्यालय प्रमुख (सहसचिव) श्री प्रकाश दत्त भट्ट, अतिथिहरूमा आयोगका उपसचिव श्री झंकर बहादुर रावल र सुदूरपश्चिम प्रदेश सरकार सामाजिक विकास मन्त्रालयका कानून अधिकृत दान बहादुर सुनार रहनु भएको कार्यक्रममा विभिन्न क्षेत्रमा काम गर्ने करिब ३५ जना युवाहरूको सहभागिता रहेको थियो। सो Conference मा विशिष्ट अतिथि श्री प्रकाश दत्त भट्टले Climate Finance, Climate and GEDSI विषयका बारेमा प्रस्तुती राख्नु भएको थियो।

### ४.५. मानव बेचबिखन कार्यशाला गोष्ठी

मिति २०८२ भदौ १७-१८ गते धनगढीमा राष्ट्रिय मानव अधिकार आयोगको आयोजनमा मानव बेचबिखन सम्बन्धी गोष्ठी गरिएको थियो। उक्त कार्यक्रमको अध्यक्षता आयोगका सदस्य माननीय डा. लीली हजुर बस्नेत थापाले गर्नु भएको थियो। कार्यक्रमको प्रमुख अतिथि सुदुरपश्चिम प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय हिरासिंह सार्की रहनु भएको थियो। विशिष्ट अतिथिमा जिल्ला समन्वय समिति कैलालीका समन्वय प्रमूख श्री टिका कुमारी चौधरी (भुल) ले गर्नु भएको थियो। मानव बेचविखनबाट समाजमा पर्ने असर, आयोगबाट मानव बेचबिखन विरुद्दको कार्यक्रम गर्नु आवश्यकता, औचित्यका बारेमा माननीय सदस्य श्री डा. लीली हजुर बस्नेत थापाले राखु भएको थियो। उक्त कार्यक्रममा नेपाल सरकारका विभिन्न कार्यालयका प्रमुख तथा प्रतिनिधी, नेपाल प्रहरी, सुदूरपश्चिम प्रदेश कार्यालयका प्रतिनिधिहरु, स्थानीय तहका कर्मचारी, नागरिक समाज, सञ्चारकर्मी, कानून व्यवसायी, गैरसरकारी संस्थाका प्रतिनिधिहरु, महिला अधिकारकर्मी, दलित अधिकारकर्मी, मानव वेचविखन तथा ओसारपसारसँग सम्बन्धित विषयमा काम गर्ने संस्थाका प्रतिनिधिहरु समेतको सहभागिता रहेको थियो।



### ४.६. व्यवसाय र मानव अधिकार विषयमा छलफल तथा अन्तर्क्रिया कार्यक्रमः-

मिति २०८२ कात्तिक ६ गते राष्ट्रिय मानव अधिकार आयोग सुदूरपश्चिम प्रदेशको आयोजनामा व्यवसाय र मानव अधिकार विषयमा छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रममा आयोगका माननीय सदस्य श्री मिहिर ठाकुर प्रमुख अतिथिको रुपमा रहनु भएको थियो। श्रम रोजगार तथा सामाजिक विकास मन्त्रालय र UNDP को तर्फबाट व्यवसाय र मानव अधिकार विषयमा प्रस्तुती रहेको थियो। कार्यक्रममा सरकारी निकाय, व्यवसायिक संगठन, नेपाल उद्योग वाणिज्य महासंघ, सुदूरपश्चिम प्रदेश समितिका पदाधिकारी, विभिन्न पेशागत संगठनका प्रतिनिधिहरु विभिन्न गैरसरकारी संस्थाका प्रतिनिधिहरुसहित करिब ८० जनाको सहभागिता रहेको थियो। व्यवसाय र मानव अधिकार नयाँ विषय भएको र व्यवसायीको मानव अधिकार र व्यवसायिक प्रतिष्ठानमा काम गर्ने कामदारको मानव अधिकारका विषयमा राष्ट्रिय मानव अधिकार आयोग निरन्तर लागि रहेको भन्ने

धारणा राखु भएको थियो। पहिले मानव अधिकारको जिम्मेवारी मुख्य रुपमा राज्यको मात्र मानिन्थ्यो तर विश्वव्यापीकरण, नीजि क्षेत्रको विस्तार र बहुराष्ट्रिय कम्पनीहरुको प्रभाव बढ्दै गएपछि व्यवसायहरुले पनि मानव अधिकार उल्लंघन गर्न सक्ने अवस्था देखियो। सन् २०११ मा संयुक्त राष्ट्र संघले तिन आधार स्तम्भ सम्बन्धी Guiding Principle ल्याएको छ जसमा राज्यको संरक्षण गर्ने दायित्व,व्यवसायको मानव अधिकार सम्मान गर्ने जिम्मेवारी र प्रभावकारी उपचार सम्बन्धी आधार स्तम्भ रहेका छन्। व्यवसायले सम्मान गर्नुपर्ने प्रमुख मानव अधिकारका सवालहरु श्रमको अधिकार, बालअधिकार, महिला अधिकार, आदिवासी तथा स्थानीय समुदायको अधिकार, वातावरणीय अधिकार आदी बारेमा कार्यक्रममा छलफल भएको थियो।

**४.७. प्रादेशिक राष्ट्रिय जाँचबुझ परामर्श कार्यक्रम**

मिति २०८३ कात्तिक २७ गते राष्ट्रिय मानव अधिकार आयोगको आयोजनामा 'बालविवाहले मानव अधिकार उपभोगमा पार्ने प्रभाव सम्बन्धी प्रादेशिक राष्ट्रिय जाँचबुझ परामर्श कार्यक्रम गरेको थियो। उक्त कार्यक्रमको प्रमुख अतिथि सुदूरपश्चिम प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री हिरासिंह सार्की रहनु भएको थियो। प्रमुख अतिथिको रुपम आयोगका माननीय लिली थापा, प्रमुख जिल्ला अधिकारीको उपस्थिती रहेको थियो। नेपालमा बालविवाहको अवस्था, बालविवाहले सामाजिक, आर्थिक र वैयक्तिक जीवन लगायतका क्षेत्रमा पार्ने प्रभावको जानकारी लिएर बालविवाह न्यूनीकरणमा सरोकारवाला निकायलाई आवश्यक सुझाव पेश गर्ने हेतुले आयोगले यो राष्ट्रिय जाँचबुझ परामर्श कार्यक्रम राखेको विषयमा आयोगका माननीय सदस्य श्री डा. लिली हजुर बस्नेत थापाले धारणा राखु भएको थियो।उक्त कार्यक्रमको प्रमुख उद्देश्य सुदूरपश्चिम प्रदेशमा बालबिवाहलाई कसरी न्यूनीकरण गर्न सकिन्छ भन्ने बारेमा सरोकारवाला निकायहरुसँग छलफल गरिएको थियो। कार्यक्रममा नेपाल सरकारका विभिन्न कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु, सुरक्षा निकायका प्रमुखहरु, नेपाल सरकारका कर्मचारीहरु, कानून व्यवसायी, सञ्चारकर्मी, नागरिक समाजका व्यक्तिहरु, संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरुको सहभागिता रहेको थियो।

**४.८.अन्तर्राष्ट्रिय मानव अधिकार दिवस**




मिति २०८२/०८/२४ गते ७७औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मूल समारोह समिति तथा संयोजक राष्ट्रिय मानव अधिकार आयोग, सुदूरपश्चिम प्रदेश कार्यालयको आयोजनामा धनगढीको चौराहस्थित ट्राफिक चोकदेखि पार्क मोडसम्म प्रभातफेरी कार्यक्रम भव्यताका साथ सम्पन्न भएको छ। उक्त कार्यक्रममा सुदूरपश्चिम प्रदेश सरकार,

आन्तरिक मामिला तथा कानुन मन्त्री मा. हिरा सिंह सार्की, प्रदेश सरकारका प्रमुख सचिव वैकुण्ठ प्रसाद अर्याल, धनगढी उपमहानगरपालिकाका उपप्रमुख कन्दकला राना, प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मी, सामाजिक विकास मन्त्रालयका सचिव डा. हेमराज रेग्मी, प्रदेश प्रहरी महानिरीक्षक ओमवहादुर राना लगायत जिल्ला सुरक्षा निकायका प्रमुखहरु, विभिन्न सरकारी निकायका कार्यालय प्रमुख तथा कर्मचारीहरु, विकास साझेदार एजेन्सीका प्रतिनिधिहरु, गैरसरकारी महासंघ, नेपाल बार एशोसिएसनका प्रतिनिधिहरु, संचारकर्मीहरु, विभिन्न सामाजिक संघसंस्थाहरु, विद्यार्थीहरु तथा सुदूरपश्चिम प्रदेश प्रहरीको व्याण्ड टोली समेतको उल्लेख्य सहभागिता रहेको थियो। यो दिवस संयुक्त राष्ट्र संघको स्थापना पछि सन १९४८ मा ३० वटा धाराद्धारा सबै व्यक्तिका अधिकारहरु जारी गरेको दिन हो। यस दिनमा विश्वभर विभिन्न कार्यक्रम गरी दिवसलाई मनाउने गरिदै आएको छ।

**४.९. मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनको अनुगमनका लागि खटाइएका विद्यार्थीसँग छलफल तथा अन्तर्क्रियाः-**

मिति २०८२ चैत्र १६ गते राष्ट्रिय मानव अधिकार आयोग सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी कैलालीले कैलाली बहुमुखी क्याम्पसमा कानून संकायमा अध्यनरत विद्यार्थीलाई नेपालको मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना (२०७७/७८-२०८१/८२) र विश्वव्यापी आवधिक पुनरावलोकन (तेश्रो चक्र) बाट प्राप्त सिफारिसको कार्यान्वयन कार्ययोजना (२०७८-२०८२) ले समेटेका विषयमा स्थानीय तहले सम्पादन गरेका क्रियाकलापहरूको तथ्याङ्क सङ्कलनका लागि आयोगबाट इन्टर्नमा खटाएको थियो। उक्त इन्टर्नमा खटिएका विद्यार्थीलाई आयोगले प्रमाणपत्रसहित सम्मान गरेको छ। उक्त कार्यक्रममा आयोगको सुदूरपश्चिम प्रदेश



कार्यालयका प्रमुख (सहसचिव) श्री प्रकाशदत्त भट्टले आयोग र विद्यार्थीबिच मानव अधिकारका सवालमा निरन्तर समन्वय तथा सहकार्य आवश्यक रहेको धारणा राख्नु भएको थियो। राष्ट्रिय मानव अधिकार आयोग सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी, कैलालीले, राष्ट्रिय मानव अधिकार आयोग आयोगमा दुई दशक भन्दा बढी अवधि सेवा गरी सेवा निवृत्त हुनु भएका उपसचिव श्री झंकर बहादुर रावललाई आयोगमा रही मानव अधिकारको संरक्षण र संवर्धनमा गरेको योगदानको कदर गर्दै निजको सुखद, फलदायी र उज्ज्वल सेवा निवृत्त जीवनको कामनासहित सम्मान गरेको थियो।

### ४.१०. अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको सन्दर्भमा छलफल कार्यक्रम



राष्ट्रिय मानव अधिकार आयोग सुदूरपश्चिम प्रदेश कार्यालयले ७७औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको सन्दर्भमा मिति २०८२/०८/२१ गते कैलाली जिल्लाको गौरीगंगा नगरपालिका वडा नं १०, नुक्लीपुरमा मानव अधिकार सम्बनन्धी सचेतना कार्यक्रम सम्पन्न गरेको छ। उक्त कार्यक्रमको अध्यक्षता आयोगको सुदूरपश्चिम प्रदेश कार्यालयका निमित्त कार्यालय प्रमुख श्री झंकर बहादुर रावलले गर्नु भएको थियो भने मानव अधिकार अधिकृत श्री मन्दिरा श्रेष्ठले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्नु भएको थियो। गौरीगंगा गाउँपालिका वडा नं १० का वडाध्यक्ष नर बहादुर सार्की समेतको आतिथ्यता रहेको यस कार्यक्रममा विभिन्न गाँउका भलमन्सा बरघर, टोल विकास समितिका अध्यक्षहरु, विद्यार्थी, शिक्षक, खानेपानी संस्थाका प्रतिनिधि, नुक्लीपुर होमस्टेका प्रतिनिधि, गाँउका अगुवा लगायतहरुको सहभागिता रहेको थियो।

### ४.११. मानव अधिकारका सवालमा स्थानीय तहको भूमिका

मिति २०८३ जेठ २५ गते राष्ट्रिय मानव अधिकार आयोग सुदूरपश्चिम प्रदेश कार्यालय र जयपृथ्वी नगरपालिका, बझाङको सहकार्यमा उक्त नगरपालिकामा नगरप्रमुख श्री चेतराज बजालको अध्यक्षतामा



मानव अधिकारको कार्यान्वयनमा स्थानीय तहको भूमिका विषयमा छलफल कार्यक्रम गरिएको थियो। साथै कार्यक्रममा नेपालको मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा स्थानीय तहलाई जिम्मेवार बनाइएको विषय, Local Governance Performance Assessment System मा उल्लिखित

कार्ययोजनालाई कसरी समेट्ने भन्ने विषयमा छलफल भएको थियो। राष्ट्रिय मानव अधिकार आयोगको काम कर्तव्य र अधिकारका बारे मानव अधिकार अधिकृत श्री भूपेन्द्र बहादुर धामीले धारणा राख्नु भएको थियो। उक्त कार्यक्रममा नगरप्रमुख चेतराज बजालले म आफै मानव अधिकार संगठनको आजिवन सदस्य रहेको र मानव अधिकारका विषय हाम्रा दैनिक बोली व्यबहारदेखि कार्यालयको कार्यशैलीसँग जोडिन्छन। त्यसैले हामी हाम्रो बोली व्यवहारदेखि कार्यशैलीहरु मानव अधिकार मैत्री बनाउनु पर्छ। जयपृथ्वी नगरपालिका मानव अधिकार कार्यान्वयनमा पूर्ण प्रतिवद्ध रहेको भनेर जानकारी गराउनु भएको थियो।

### ४.१२. आयोगको स्थापना दिवस




आयोगको स्थापना दिवसको अवसरमा जेठ १३ गते आयोगको कार्यालयमा चियापान कार्यक्रम गरिएको थियो। उक्त कार्यक्रममा कैलाली जिल्लाका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मी, सुदूरपश्चिम प्रदेश सरकार सामाजिक विकास मन्त्रालयका सचिव श्री हेमराज रेग्मी, सुदुरपश्चिम प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक ओम राना, विभिन्न सरकारी निकायका प्रमुख तथा प्रतिनिधि त्यसैगरी गैरसरकारी संस्था, नागरिक समाजका प्रतिनिधिसहित करिब ५० जनाको सहभागिता रहेको थियो। चियापान कार्यक्रमको अवसरमा सहभागीले आयोगलाई शुभकामना दिनुका साथै आफू काम गर्ने विषयगत क्षेत्रमा देखिएका मानव अधिकारका विषयमा संक्षिप्त धारणा राख्नु भएको थियो। प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले आफ्नो मन्तव्यसहित शुभकामना दिनुभएको थियो।

### ४.१३. प्रतिनिधि सभा सदस्य निर्वाचन छलफल



मिति २०८२ फागुन १० गते राष्ट्रिय मानव अधिकार आयोग सुदूरपश्चिम प्रदेश कार्यालयले आयोगको कार्यालयमा कैलाली जिल्लामा रहेका गैरसरकारी संस्था, नागरिक समाज तथा कानून व्यवसायीसँग मिति २०८२ फागुन २१ गते सम्पन्न भएको प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ मा निर्वाचन र मानव अधिकार

विषयमा छलफल कार्यक्रम गरेको थियो। सो छलफलमा आयोगले गैरसरकारी संस्थाका तर्फबाट पर्यवेक्षणमा खटिएका कर्मचारीको विवरण माग गरेको थियो। सुदूरपश्चिम प्रदेशका ९ वटा जिल्लामा आयोगबाट अनुगमनमा जाँदा पर्यवेक्षणमा खटिएका व्यक्तिहरुसँग आवश्यकता अनुसार समन्वय हुने र गैरसरकारी संस्थाबाट पर्यवेक्षणमा खटिएका कर्मचारीहरुलाई कुनै असहजता आएको त्यस्ता असहजता अन्त्य गर्नकालागि सरोकारवाला निकायसँग आवश्यक समन्वय गर्न तयार रहेको हुँदा असजताको अवस्थामा आयोगलाई खबर गर्न अनुरोध भएको थियो।

### ४.१४. दलित महिला र सीमान्तकृत समुदायको मानव अधिकार

मिति २०८२/१२/०४,०५ र ०६ गते कैलाली जिल्लाको गौरीगंगा नगरपालिका वडा नं ०१,०६ र ०७ मा दलित महिला संघ (FEDO) बाट सञ्चालित अन्तरक्रिया कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोग सुदूरपश्चिम प्रदेश कार्यालयका मानव अधिकार अधिकृत श्री विदेशराम चौधरीले सहजीकरण तथा प्रस्तुतीकरण गर्नुभएको थियो। उक्त अन्तरक्रिया कार्यक्रममा जनप्रतिनिधिहरु, अधिकारकर्मी, महिला समुहका अगुवाहरु, भलमन्सा, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो। उक्त कार्यक्रममा दलित महिला र सीमान्तकृत समुदायको मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनमा स्थानीय तहको भूमिकामा केन्द्रित भई छलफल सम्पन्न भएको थियो।

### ४.१५. लागु प्रदार्थ प्रयोग र मानव अधिकार

मिति २०८२ चैत्र २ गते राष्ट्रिय मानव अधिकार आयोग सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढीले रिकभरी नेपाल, सुदूरपश्चिम समाजलगायत विभिन्न संस्थाका प्रमुख तथा प्रतिनिधिहरुसँग लागुपदार्थ प्रयोगले व्यक्ति तथा समाजमा पार्ने प्रभावका बारेमा छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ। छलफलका क्रममा रिकभरी नेपालका प्रतिनिधिहरुसँग लागुपदार्थ सेवनकर्तालाई सुधार्नका लागि सञ्चालनमा ल्याइएका सुधारगृहहरु सञ्चालनका क्रममा आइपर्ने कठिनाई, लागुपदार्थको प्रयोगले व्यक्तिको स्वास्थ्य, शिक्षा, रोजगारी, पारिवारिक जीवन, सुरक्षा



तथा सामाजिक सहभागितामा असर गर्ने अर्कोतर्फ, लागुपदार्थ प्रयोग गर्ने व्यक्तिलाई राज्य वा समाजले अमानवीय व्यवहार, विभेद वा यातना दिनु पनि मानव अधिकारको उल्लङ्घन हो। लागुपदार्थको समस्या केवल आपराधिक न्याय को विषय मात्र होइन, यो सार्वजनिक स्वास्थ्य, सामाजिक न्याय र

मानव अधिकारसँग गहिरो रूपमा सम्बन्धित विषय हो। प्रभावकारी नीति भनेको अवैध लागुपदार्थको उत्पादन र कारोबारलाई कडाइका साथ नियन्त्रण गर्नुका साथै प्रयोगकर्ताको मानव अधिकारको सम्मान गर्दै उपचार, पुनःस्थापना, सामाजिक पुनःएकीकरण र विभेदरहित सेवामा पहुँच सुनिश्चित गर्नु हो। यही सन्तुलित दृष्टिकोणले समाजको सुरक्षा र व्यक्तिको मानव अधिकार दुवैको संरक्षण गर्न मद्दत गर्दछ भन्ने बारेमा सरोकारवालहरुसँग छलफल गरिएको छ।

### ४.१६. प्रदेश सचिवहरुसँग समन्वय बैठक

राष्ट्रिय मानव अधिकार आयोग सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढीको आयोजनामा मिति २०८३ असार ३२ गते आयोगको कार्यालयमा सुदूरपश्चिम प्रदेश सरकारका प्रदेश सचिवहरुसँग समन्वय बैठक सम्पन्न भएको छ। आयोगको सुदूरपश्चिम प्रदेश कार्यालयका प्रमुख/सहसचिव श्री प्रकाश दत्त भट्टले अध्यक्षता गर्नु भएको उक्त बैठकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रदेश सचिव विमल प्रसाद बराल, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रदेश कानून सचिव तेज प्रकाश जोशी, प्रदेश प्रमुखको कार्यालयका प्रदेश सचिव प्रेम बहादुर दौल्याल, आर्थिक मामिला



मन्त्रालयका प्रदेश सचिव राजेन्द्र कुमार हमाल, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव दीर्घनारायण कोइराला, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका प्रदेश सचिव श्री शंकर साह, प्रदेश नीति तथा योजना आयोगका सचिव गणेश बहादुर सिंह, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उपसचिव शेर बहादुर बस्नेत र आयोगका उपसचिव मान बहादुर कार्कीको उपस्थिति रहेको थियो। उक्त बैठकमा मुख्य गरी मानव अधिकार सम्बन्धी छैटौं राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा प्रदेश सरकारको भूमिका, मानव अधिकार संरक्षण र सम्वर्द्धन, आधारभुत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रवर्द्धनका प्रदेश सरकारको भुमिकालगायतका विषयमा छलफल भएको थियो।

### ४.१७. शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका कारण विस्थापित पीडितहरूको आन्दोलन अनुगमन

मिति २०८२ साउन २२ गतेदेखि भइरहेको शुक्लाफाँटा आरक्ष पीडितहरुले विभिन्न माग राख्दै कञ्चनपुर जिल्ला महेन्द्रनगर, बाणीमा गरिरहेको रिले अनसनको राष्ट्रिय मानव अधिकार आयोग सुदूरपश्चिम प्रदेश कार्यालय धनगढीका कार्यालय प्रमुख श्री प्रकाश दत्त भट्ट नेतृत्वको टोलीले मिति २०८२ साउन २८ गते स्थलगत अनुगमन गरेको थियो। उक्त अनुगमन पश्चात् आयोगको केन्द्रीय कार्यालयले आरक्ष पीडितका उचित माग सम्बोधन गर्न भन्दै विज्ञप्ती जारी गरेको थियो। त्यसैगरी मिति २०८३/०१/०८ गते मानव अधिकार अधिकृत श्री विदेशराम चौधरी र श्री दैवज्ञराज न्यौपाने सम्मिलित टोलीले शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज विस्तारका क्रममा विस्थापित भएका निकुञ्ज पीडितहरूद्वारा महेन्द्रनगर कञ्चपुरमा पुनःस्थापनासहितका विभिन्न माग राख्दै जारी आन्दोलनको राष्ट्रिय मानव अधिकार आयोग, सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढीले स्थलगत अनुगमन गरेको थियो। अनुगमनको क्रममा आयोगको टोलीले आन्दोलनरत विस्थापितहरुसँग विभिन्न विषयमा छलफल गरेको थियो।आयोगको टोलीले जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयसहित सरोकारवाला निकायसँग समन्वय तथा सहकार्य गरेको थियो।



### ४.१८. कैलाली कारागार अनुगमन




मिति २०८२ असार ३२ गते कारागार कार्यालय, कैलालीमा रहेका कैदीबन्दी तथा थुनुवाहरूले कारागारको शान्ति सुरक्षा तथा कैदी स्थानान्तरणको विषयलाई समेटेर लेखिएको निवेदन आयोगलाई प्राप्त भएको थियो। निवेदनमा समेटिएका विषयहरूको आवश्यक सम्बोधनका लागि राष्ट्रिय मानव अधिकार आयोग सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढीले कारागार व्यवस्थापनसँग सम्बन्धित निकायहरूलाई पत्राचार गरेको थियो। मिति २०८२ श्रावण २४

गते राति अन्दाजी १ बजेको समयमा कारागार कार्यालय, कैलालीमा कारागारमा रहेका कैदी तथा थुनुवाबिच झडप भएको विषय राष्ट्रिय मानव अधिकार आयोग सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढीलाई जानकारी भए पश्चात् आयोगबाट कार्यालय प्रमुख (सहसचिव) श्री प्रकाशदत्त भट्टको नेतृत्वमा मानव अधिकार अधिकृतद्वय श्री विदेशराम चौधरी र दैवज्ञराज न्यौपाने सम्मिलित एक अनुगमन टोली अनुगमनको क्रममा आयोगबाट गृह मन्त्रालय, कारागार व्यवस्था विभाग, जिल्ला प्रशासन कार्यालय, कैलालीसँग समन्वय गरी उक्त समस्याको समाधान गरिएको थियो।

### ४.१९. सार्वजनिक सवारीमा सहुलियत सम्बन्धी व्यवस्थाको कार्यान्वयनको अवस्था अनुगमनः-

मिति २०८२ भदौ ६ गते सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयका प्रमुख (प्रहरी नायव महानिरीक्षक) श्री डम्बर बहादुर बि.क.को नेतृत्वमा नेपाल प्रहरी राजमार्ग तथा व्यवस्थापन कार्यालय, अत्तरिया र यातायात व्यवस्था कार्यालय, कैलालीले  अत्तरियामा अत्तरिया भएर चल्ने सार्वजनिक सवारी साधनमा ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा ९ को (२) मा सार्वजनिक सवारी साधनमा गरिएको छुट सम्बन्धी व्यवस्था र अपाङ्गता सम्बन्धी ऐन २०७४ को दफा ३७ को (२) मा अपाङ्गता भएका व्यक्तिहरूलाई सार्वजनिक सवारी साधनमा छुट उपलब्ध गराउनु पर्ने छ भनी गरिएको व्यवस्था लगायतका कानूनी प्रावधानको कार्यान्वयनको अवस्थाबारे चेकजाँच गरेको थियो। उक्त चेकजाँचको राष्ट्रिय मानव अधिकार आयोग सुदुरपश्चिम प्रदेश कार्यालयका प्रमुख (सहसचिव) श्री प्रकाश दत्त भट्टको नेतृत्वको आयोगको अनुगमन टोलीले अनुगमन गरेको थियो। चेकजाँच तथा अनुगमन पश्चात् सहसचिव श्री प्रकाश दत्त भट्ट र प्रहरी नायव महानिरीक्षक श्री डम्बर बहादुर बि.क. ले छुटको व्यवस्था लागु नगरेका सवारी साधन, सवारी चालक, र समितिलाई यथासीघ्र लागु गर्न यातायात व्यवसायी, सवारी चालक, सहचालकलगायतका सरोकारवालाहरुलाई निर्देशन दिनु भएको थियो।

### ४.२०. जेनजी पुस्ताको प्रदर्शनको अनुगमन

मिति २०८२ भदौ २३ र २४ गते देशै भर भएको जेन-जी पुस्ताको प्रदर्शनको कारण सुदूरपश्चिम प्रदेशका जिल्लाहरु विभिन्न सार्वजनिक तथा व्यक्तिगत सम्पतिमा भएको क्षति तथा सार्वजनिक सम्पतिमा भएको क्षतिका कारण सार्वजनिक सेवा प्रवाहमा परेको असरको बारेमा आयोगको सुदूरपश्चिम



प्रदेश कार्यालयबाट सुदूरपश्चिम प्रदेशका ९ वटा जिल्ला मध्ये कञ्चनपुर र कैलालीको स्थलगत र अछाम, डडेल्धुरा, डोटी, दार्चुला, बझाङ, बाजुरा र बैतडीको डेस्क अनुगमन गरिएको थियो। सार्वजनिक निकायको भौतिक संरचनामा भएको क्षतिका कारण सार्वजनिक सेवा प्रवाहमा देखिएको समस्यालाई न्यूनीकरण गर्न विभिन्न गैरसरकारी संस्थाले उक्त सार्वजनिक (सरकारी) संयन्त्रलाई प्रदान गर्न लागेको भौतिक सामाग्रीको सहयोगमा एकद्वार प्रणाली कायम गर्न कैलाली जिल्लामा सक्रिय रहेका गैरसरकारी संस्थाहरुसँग आयोगबाट समन्वय गरिएको थियो।

**४.२१. प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को अनुगमन**



मिति २०८२ फागुन २१ गते भएको प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ राष्ट्रिय मानव अधिकार आयोग सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढीबाट निर्वाचन पूर्व, निर्वाचनको चरण र निर्वाचन पश्चातको स्थलगत अनुगमन गरिएको थियो। अनुगमनको क्रममा सुदूरपश्चिम प्रदेशका १६ वटै निर्वाचन क्षेत्रमा आयोग अनुगमन टोली खटि गएको थियो। आयोगले तयार गरेको निर्वाचन सम्बन्धी रुजु सूचीका आधारमा निर्वाचन पूर्व शान्ति सुरक्षाको अवस्था, निर्वाचन प्रचार प्रसारका क्रियाकलाप मानव अधिकार मैत्री भए नभएको अनुगमन गरिएको थियो भने, निर्वाचनको चरणमा मतदान केन्द्र मानव अधिकार मैत्री भए/ नभएको, मताधिकारको प्रयोगबाट कसैलाई बन्चित गरिए/ नगरिएको अवस्था लगायतका विषयहरुको अनुगमन गरिएको थियो।

## ४.२२. दिवाखाजा अवस्था अनुगमन

नेपाल सरकारले सरकारी विद्यालयमा उपलब्ध गराएको दिवा खाजा कार्यक्रमको कार्यान्वयनको अवस्थाका बारेमा डोटी जिल्लाको शिखर नगरपालिका विभिन्न विद्यालयको स्थलगत र डेस्क अनुगमन गरिएको थियो। उक्त क्रममा दिवा खाजा कार्यक्रमले विद्यार्थी भर्ना दर, विद्यालय छोड्ने दर, विद्यार्थीमा आएको सिकाईको सुधार लगायतका विषयमा जानकारी प्राप्त भएको थियो। साथै दिवा खाजालाई व्यवस्थित गर्न आवश्यक जनशक्ती, दिवा खाजाको खाद्य गुणस्तर, दिवा खाजाका लागि उपलब्ध आर्थिक स्रोतको अपर्याप्तता जस्ता विषयमा पनि छलफल भएको

थियो। विद्यालयमा छात्राहरुलाई उपलब्ध गराइने सेनिटरी प्याटको उपलब्धता, गुणस्तरीयता, भण्डारणको अवस्थाका बारेमा सामान्य जानकारी लिएको थियो।

### ४.२३. कानून कार्यान्वयनको अवस्थाको अनुगमन

कञ्चनपुर (पुर्नवास नगरपालिका र बेलौरी नगरपालिका) र कैलाली (गोदावरी नगरपालिका, गौरीगंगा नगरपालिका, घोडाघोडी नगरपालिका, भजनी नगरपालिका, कैलारी गाउँपालिका) का स्थानीयहरुले निर्माण गरेका कानूनहरुको बारेमा स्थानीय तहका प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत लगायतका कर्मचारीहरुसँग छलफल गरी स्थानीय तहले तयार निर्माण गरेका कानून र सो कानूनको कार्यान्वयनमा देखिएका समस्याका तथा स्थानीय तहको कानून पुनरावलोकन अधिकार रहेको विषयमा जानकारी गराइएको थियो।

### ४.२४. स्वास्थ्य सस्थाको अनुगमनः-

जनस्वास्थ्य सेवा ऐन, २०७५, स्वास्थ्य बीमा ऐन, २०७४, स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीको सुरक्षा सम्बन्धी ऐन, २०६६ तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७ लगायतका कानूनले व्यवस्था गरेका मानव अधिकारसँग जोडिएका विषयको कार्यान्वयन अवस्थाको जानकारी प्राप्त गरी आवश्यक सिफारिस गर्ने उद्देश्यका साथ राष्ट्रिय मानव अधिकार आयोग सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी कैलालीले मिति २०८३ जेठ २९ देखि ३१ गतेसम्म कञ्चनपुर (महाकाली प्रादेशिक अस्पताल, मन्त्र अस्पताल, सितल अस्पताल र T & C Hospital) र कैलाली जिल्लाका (मालाखेती अस्पताल, अत्तरिया अस्पताल, दोगडा अस्पताल र पद्मा अस्पताल) अस्पतालको अनुगमन गरेको थियो। अनुगमनबाट प्राप्त तथ्यलाई हेर्दा सरकारले निःशुल्क उपलब्ध गराउने औषधि निःशुल्क उपलब्ध नगराउनुले, वि.स. २०४८ सालदेखि स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीको दरबन्दी पुनःसरचना नहुनु, औषधिको अनुगमन गर्ने निकाय औषधि व्यवस्था विभागको कार्यालयले सुदूरपश्चिम प्रदेशमै नहुनुले गुणस्तरीय स्वास्थ्य सेवा पाउने प्रत्येक व्यक्तिको मौलिक हकमा असर परेको देखिन्छ भने त्यसैगरी स्वास्थ्य बीमा बोर्ड, शाखा कार्यालय, सुदूरपश्चिम प्रदेशसँग स्वास्थ्य बीमा आवद्द रहेको राष्ट्रसेवक, प्रतिष्ठानमा कार्यरत कर्मचारीहरु खण्डिकृत तथ्याङ्क नहुने तर अनुगमन गरिएका स्वास्थ्य संस्थाले उक्त संस्थामा कार्यरत कर्मचारी स्वास्थ्य बीमा बारे आवद्द नभएको भनेर जानकारी दिनुले स्वास्थ्य बीमा कार्यक्रमको कार्यान्वयन नहुदाँ स्वास्थ्य सेवालाई सहज, सुलभ र पहुँचयोग्य बनाउन असहज भएको देखिन्छ।

### ४.२५. एकद्वार संकट व्यवस्थापन केन्द्र र सुरक्षि आवास गृहको अनुगमनः-

राष्ट्रिय मानव अधिकार आयोग सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढीको आयोजनामा मिति २०८३ असार ३२ गते आयोगको कार्यालयमा सुदूरपश्चिम प्रदेश सरकारका प्रदेश सचिवहरुसँग समन्वय बैठक सम्पन्न भएको छ। आयोगको सुदूरपश्चिम प्रदेश कार्यालयका प्रमुख/सहसचिव श्री प्रकाश दत्त भट्टले अध्यक्षता गर्नु भएको उक्त बैठकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रदेश सचिव विमल प्रसाद बराल, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रदेश कानून सचिव तेज प्रकाश जोशी, प्रदेश प्रमुखको कार्यालयका प्रदेश सचिव प्रेम बहादुर दौल्याल, आर्थिक मामिला मन्त्रालयका प्रदेश सचिव राजेन्द्र कुमार हमाल, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव दीर्घनारायण कोइराला, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका प्रदेश सचिव श्री शंकर साह, प्रदेश नीति तथा योजना आयोगका सचिव गणेश बहादुर सिंह, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उपसचिव शेर बहादुर बस्नेत र आयोगका उपसचिव मान बहादुर कार्कीको उपस्थिति रहेको थियो। उक्त बैठकमा मुख्य गरी मानव अधिकार सम्बन्धी छैटौं राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा प्रदेश सरकारको भूमिका, मानव अधिकार संरक्षण र सम्वर्द्धन, आधारभुत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रवर्द्धनका प्रदेश सरकारको भुमिकालगायतका विषयमा छलफल भएको थियो।

# परिच्छेद-५
## मानव अधिकारका प्रमूख सवालहरु

### ५.१.आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका सवालहरु

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार (Economic, Social, and Cultural Rights- ESCR) मानव अधिकारका आधारभूत अंग हुन्। जसले व्यक्तिको आधारभूत आवश्यकता र सम्मानजनक जीवन सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेल्छन्। यी अधिकारहरूले व्यक्तिको आर्थिक कल्याण, सामाजिक सुरक्षा र सांस्कृतिक पहिचानलाई समेट्छन्। संयुक्त राष्ट्रसंघको स्थापना र मानव अधिकार घोषणापत्र (१९४८) आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको औपचारिक मान्यता संयुक्त राष्ट्रसंघको विश्व मानव अधिकार घोषणापत्र (UDHR) मार्फत भएको हो। UDHR को धारा २२ देखि २७ सम्मले यी अधिकारहरू, जस्तै शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा र सांस्कृतिक जीवनमा सहभागिताको अधिकारलाई समेट्छ।

संयुक्त राष्ट्रसंघले सन् १९६६ मा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध पारित गर्‍यो। यो अनुबन्धलाई नेपालले सन् १९९१ मे १४ मा अनुमोदन गरेको थियो। यस्तै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार कार्यान्वयनको लागि नेपालको निम्न कानूनी व्यवस्था छ। शिक्षा ऐन, २०२८, बालबालिका सम्बन्धी ऐन, २०७५, जेष्ठ नागरिक ऐन, २०६३, नेपाल प्रज्ञा प्रतिष्ठान ऐन, २०६४, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८, गरिवी निवारण कोष ऐन, २०६३, श्रम ऐन, २०७४, ट्रेड यूनियन ऐन, २०४९, नेपालको सन्धि ऐन, २०४७, वातावरण संरक्षण ऐन, २०७६, जनस्वास्थ्य सेवा ऐन, २०७५ उपभोक्ता संरक्षण ऐन, २०७५ लगायतका ऐनहरु प्रचलनमा रहेका छन्।

#### ५.१.१.आर्थिक अधिकार

प्रत्येक व्यक्तिलाई आफ्नो जीवनयापन, व्यवसाय र आर्थिक सम्वृद्धि सुनिश्चित गर्न आवश्यक पर्ने न्यूनतम साधन, स्रोत र अवसरहरूमा संलग्न हुन पाउने अवस्थालाई आर्थिक अधिकार भनी बुझाउँछ। यसले व्यक्तिलाई गरिबी, अभाव र शोषणबाट मुक्त भई कानून बमोजिम स्वतन्त्ररुपमा आफ्नो पेशा व्यवसाय गरी सम्मानपूर्वक बाँच्न पाउने आधार प्रदान गर्दछ। यस अधिकार अन्तर्गत प्रत्येक व्यक्तिले रोजगारी, उचित ज्याला, कार्य वातावरण र ट्रेड युनियन गठनको अधिकार लगायत समावेश गर्छन्। अझैपनि यस प्रदेशमा आर्थिक रुपमा आत्मनिर्भर नभएको अवस्थामा बैदेशिक रोजगारी तथा भारतमा मौसमी रोजगारीको लागि जाने गरेको पाइन्छ। आर्थिक गतिविधि तथा औद्योगिक प्रतिष्ठानहरु न्यून भएका कारण रोजगारीका अवसर पनि कम रहेको देखिन्छ। जमिनको असमान वितरण, निर्वाहमुखी कृषि प्रणालीका कारण रोजगारीका लागि विदेशमा जाने दर बढ्दो क्रममा रहेको देखिन्छ।

### ५.१.२. सामाजिक अधिकार

सामाजिक सुरक्षाको अधिकार, शिक्षा, स्वास्थ्य सेवा, खाद्य सुरक्षा र आवासलगायतका अधिकारहरु यस अन्तर्गत पर्छन्। यस सम्बन्धमा अझैपनि सबैले सामाजिक अधिकार उपभोग गर्न नसकेको देखिन्छ। पछिल्लो समयमा कैलाली र कञ्चनपुर जिल्लामा रहेका मुक्त कमैयाहरुले परिचयपत्र पाउन नसक्दा उहाँहरु आवास अधिकारबाट बञ्चित भएको अवस्था छ भने पहाडी जिल्लाका केही स्थानीय तहहरुमा हलियाहरु ऋणबाट मुक्त हुन नसकेको अवस्था अनुगमनबाट पाइएको छ। सामाजिक अधिकारका विषयमा आयोगमा उजुरी प्राप्त हुने गरेको र प्राप्त उजुरमाथी आवश्यक कारबाही गर्दै आइरहेको अवस्था छ।

### ५.१.३.सांस्कृतिक अधिकार

प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने अधिकार नेपालको संविधानको मौलिक हकको रुपमा व्यवस्था गरिएको छ। सुदूरपश्चिम प्रदेश अन्तर्गत रहेका ९ वटा जिल्लामा बसोबास गर्ने समुदायको आ-आफ्नै भाषा र संस्कृति रहेको छ। सुदूरपश्चिम प्रदेशमा प्रचलित भाषा संस्कृतिको संरक्षणका लागि संघ सरकार, प्रदेश सरकार र स्थानीय तहले विभिन्न प्रयास गरेको भए तापनि अझै प्रभावकारी हुन सकेको देखिदैन। यस क्षेत्रमा मुख्यतयाः खस नेपाली, डोटेली, थारु, राना थारु भाषा प्रचलनमा रहेको अवस्था छ भने यहाँ मुख्यः पर्वको रुपमा दशै, तिहार, गौरा, होली हुन।

### ५.१.४. शिक्षाको अधिकार

नेपालको संविधानको मौलिक हक र विभिन्न ऐन, नियमावली र नीतिगत व्यवस्थाहरूले शिक्षालाई आधारभूत मौलिक अधिकारको रूपमा तथा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ ले निःशुल्क शिक्षाको अधिकारलाई सुनिश्चित गरेको छ। नेपालको संविधानको धारा ३१ ले प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ। आर्थिक रूपमा विपन्न, अपाङ्गता भएका, दलित, र सशस्त्र संघर्ष पीडित परिवारका बालबालिकालाई विशेष अवसर र निःशुल्क उच्च शिक्षाको व्यवस्था पनि गरिएको छ। यस्तै शिक्षा ऐन, २०२८ ले समेत शिक्षाको अधिकारलाई सुनिश्चित गर्न विभिन्न व्यवस्थाहरु उल्लेख गरेको छ। यस्तै सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८१ मा सामाजिक विकास मन्त्रालयको कार्य अन्तर्गत शिक्षा सम्बन्धी व्यवस्था गरिएको छ भने स्थानीय तहको (कार्य विभाजन) नियमावली, २०७४ को सामाजिक विकास महाशाखा अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा (गुरुकुल, मदरसा, गुम्बा आदि), निरन्तर सिकाइ तथा विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति र नियमन, पाठ्यक्रम र पाठ्य सामग्रीको वितरण तथा कार्यान्वयन गर्ने भनी व्यवस्था गरिएको छ।

प्राथमिक शिक्षामा सुदूरपश्चिममा प्राथमिक विद्यालयहरूमा भर्ना दर केही सुध्रिएको तथ्याङ्कले देखिन्छ। तर भौगोलिक विकटता (विशेष गरी हिमाली र पहाडी जिल्लाहरू जस्तै दार्चुला, बझाङ, र बाजुरा) मा विद्यालयहरूमा नियमित उपस्थिति र गुणस्तरीय शिक्षामा कमी रहेको देखिन्छ। माध्यमिक शिक्षा तहमा भर्ना दर कम छ र विद्यार्थीहरूको विद्यालय छोड्ने दर उच्च रहेको छ। उच्च शिक्षाको लागि सुदूरपश्चिम विश्वविद्यालय (धनगढी र महेन्द्रनगरमा अवस्थित) ले उच्च शिक्षाको केही अवसर प्रदान गरेको छ, तर यसको पहुँच मुख्यत शहरी क्षेत्रमा मात्र सीमित रहेको अनुगमनले देखाएको छ। भौगोलिक विकटता हिमाली र पहाडी क्षेत्रहरू (जस्तै दार्चुला, बझाङ, र बाजुरा) जिल्लाका हिमाली विद्यालयहरू टाढा छन्। यातायातको अभावले विद्यार्थीहरूको नियमित उपस्थितिमा बाधा पुग्दछ। आर्थिक अवस्थाको कारण धेरै बालबालिका विद्यालय छोडेर बालश्रममा लाग्न बाध्य भएको पाईन्छ। लैङ्गिक असमानता बालविवाह र सामाजिक मान्यताहरूले विशेष गरी किशोरीहरूको माध्यमिक र उच्च शिक्षामा बाधा पुऱ्याएको देखिन्छ। शिक्षक र स्रोतको कमी, योग्य शिक्षक, शिक्षण सामग्री, र पूर्वाधारको अभावले शिक्षाको गुणस्तरमा असर परेको देखिन्छ। जातीय र सामाजिक असमानताको कारण आदिवासी जनजाति (जस्तै थारु, राना थारु) र दलित समुदायका बालबालिकाहरूमा शिक्षाको पहुँच कम रहेको देखिन्छ।

### ५.१.५.स्वास्थ्य अधिकार

आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ र नेपालको संविधानको मौलिक हक, ऐन, नियमावली तथा विभिन्न नीतिहरूले स्वास्थ्य सेवालाई आधारभूत मौलिक अधिकारको रूपमा व्यवस्था गरेको छ भने नेपालको संविधान धारा ३५ ले प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ। यसमा स्वच्छ खानेपानी, सरसफाई र स्वास्थ्य सम्बन्धी जानकारीको अधिकार समेत समावेश छ। यस्तै जनस्वास्थ्य सेवा ऐन, २०७५, सुदूरपश्चिम प्रदेश जनस्वास्थ्य सेवा ऐन, २०७६ मा समेत स्वास्थ्य सम्बन्धी हकको सुनिश्चितता तथा स्वास्थ्य सेवा पाउने हक कार्यान्वयन गर्न र स्वास्थ्य सेवालाई प्रभावकारी, सर्वसुलभ, गुणस्तरीय तथा सर्वव्यापी पहुँच स्थापित गर्नका लागि आवश्यक कानूनी व्यवस्था उल्लेख गरिएको छ। जनस्वास्थ्य सेवा ऐन, २०७५ तथा सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८१ सामाजिक विकास मन्त्रालयको कार्य अन्तर्गत स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने भनी उल्लेख गरिएको छ। त्यसैगरी स्थानीय तहको (कार्य विभाजन) नियमावली, २०७४ को सामाजिक विकास महाशाखा अन्तर्गत आधारभूत स्वास्थ्य तथा सरसफाई कार्यालय, आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन तथा नियमन गर्ने, राष्ट्रिय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण गर्ने, राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य

स्वास्थ्य संस्थाहरूको क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन गर्ने, आधारभूत स्वास्थ्य सेवाको सञ्चालन र प्रबद्धर्धन गर्ने उल्लेख गरिएको छ। सुदूरपश्चिममा भौगोलिक जटिलता (हिमाल, पहाड, तराई) र अपर्याप्त स्वास्थ्य पूर्वाधारले स्वास्थ्य सेवामा पहुँच सीमित छ। दुर्गम क्षेत्रमा अस्पताल र स्वास्थ्य चौकीहरू टाढा छन्, जसले विशेष गरी महिला, अपाङ्गता भएका व्यक्ति र गरिब समुदायलाई प्रभावित हुदा सुदूरपश्चिम प्रदेशमा स्वास्थ्य अधिकारको अवस्था चुनौतीपूर्ण रहेको देखिन्छ। आधारभूत स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रहरूको सङ्ख्या अप्रर्याप्त छ। विशेष गरी गरिब र विपन्नले समेत सहज सेवा पाउन आधाभूत स्वास्थ्य सेवा निःशुल्क नीति भए पनि त्यो प्रभावकारी नभएको विभिन्न समयमा आउने समाचार तथा जनगुनासोले दर्शाउछ। स्वास्थ्य केन्द्रहरूमा आधारभूत सुविधा (जस्तै, शौचालय, खानेपानी, बिजुली) को अभाव रहेको देखिन्छ। भने केही शौचालय निर्माण भएका स्थानमा पानी तथा खानेपानी प्रयाप्त नहुँदा प्रयोग विहीन रहेको अवस्था छ। दक्ष चिकित्सक, नर्स र प्राविधिक कर्मचारीको आवश्यक परिपूर्ति हुन नसक्दा स्वास्थ्य सेवा प्रभावकारी हुन नसकेको देखिन्छ भने धेरैजसो स्वास्थ्य चौकीहरूमा केही कर्मचारी रिक्त रहेका छन्। सामाजिक असमानताको कारण जस्तैः लैङ्गिक, जातीय र आर्थिक असमानताले स्वास्थ्य सेवामा पहुँचलाई प्रभावित पारेको देखिन्छ। विशेष गरी दलित, थारू, र अन्य सीमान्तकृत समुदाय स्वास्थ्य सेवा पहुँच असहज अवस्था छ। यस विषयमा आयोगले समेत आवश्यकता अनुसार अनुगमन गर्दै आएको छ।

### ५.२. उपभोक्ता अधिकार

वस्तु र सेवा क्षेत्रका उपभोक्ता अधिकार संरक्षण गर्नु राज्यको प्रमुख दायित्व हो। नेपालको संविधानले पनि उपभोक्ताको मौलिक अधिकार, हकहित संरक्षणको पूर्ण सुनिश्चिता गरेको अवस्था छ। तर उपभोक्ताहरू कुनैपनि बस्तु तथा सेवा ढुक्क भएर उपभोग गर्न सक्ने अवस्था अझैं छैन। अत्यावश्यक वस्तुको नियमित गुणस्तरीय आपूर्ति व्यवस्था मिलाउन नसक्दा बजारमा विभिन्न बहानामा कृत्रिम अभाव सृजना भएको देख्न सकिन्छ। नेपालको संविधानको धारा ४४ मा उपभोक्ताको हकको व्यवस्था गरिएको छ। गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानिक अधिकारको संरक्षण तथा सम्वर्धन गर्न, उपभोक्तालाई प्राप्त हकको प्रचलनका लागि न्यायिक उपचार प्रदान गर्न र उपभोक्तालाई हुन सक्ने हानि, नोक्सानी बापत क्षतिपूर्ति उपलब्ध गराउन संरक्षण सम्बन्धी [२६]उपभोक्ता संरक्षण ऐन, २०७५को दफा २८ (१) मा उल्लेख भए बमोजिम उपभोक्ताको अधिकार संरक्षणको लागि बस्तु तथा सेवाको आपूर्ति व्यवस्था, मुल्य, गुणस्तर, शुद्धता सम्बन्धी विषयमा बजारको स्थलगत अनुगमन गर्नको लागि सम्बन्धित स्थानीय तहेले बजार अनुगमन समिति गठन गर्न सक्ने र ऐ.को दफा २८ (४) बमोजिम स्थानीय बजार अनुगमन समितिले आवश्यकता अनुसार बजार अनुगमन समिति वा उपसमिति गठन गर्न सक्ने व्यवस्था गरिएको छ। स्थानीय तहको (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूचीमा समेत बजार अनुगमन, गुणस्तर, नापतौल, खाद्य सुरक्षा

[26] उपभोक्ता संरक्षण ऐन, २०७५

र उपभोक्ता हित संरक्षण शाखामा बजार अनुगमनको कार्यविभाजन उल्लेख भएको छ। साथै नेपालको संविधानको धारा ५६(६) मा मानव अधिकार र मौलिक हक समेतको संरक्षण गर्ने जिम्मेवारी स्थानीय तहको समेत हुने भनी उल्लेख गरिएको अवस्थामा स्थानीय, प्रदेश र संघीय सरकारको साझा अधिकारभित्र रहेको उपभोक्ता हित संरक्षण ओझेलमा परेको देखिन्छ।

यस्तै मुलुकी अपराध संहिता, २०७४ बमोजिम नाप्ने वा तौलने साधान नक्कली बनाउन वा चलन गर्न नहुने तथा नाप्ने, तौलने वा गुणस्तर निर्धारण गर्ने साधान कपटपूर्ण प्रयोग गरेमा कारबाही हुने व्यवस्था गरिएको छ। केही स्थानीय तहले कानून निर्माण गरे पनि धेरैले नीति तथा कानून बनाउन नसकेको अवस्था रहेको छ। प्रभावकारी अनुगमन नियमन र कारबाही हुन सकेको छैन। तरकारी, फलफूल, माछामासु लगायत कृषि उपजको मूल्य गुणस्तरमा व्यापक जनगुनासो बढ्दो छ। संघीय सरकार जसले सम्पूर्ण नागरिकको हित गाँस, बास र कपासको ग्यारेन्टी गर्नुपर्छ। संविधानले धारा ४४ ले संरक्षण गरेको उपभोक्ता अधिकार गुणस्तरीय वस्तु, सेवा र अधिकार उपयोग गर्दा कुनै प्रकारको स्रोत भएमा क्षतिपूर्ति प्राप्त गर्ने अधिकार संरक्षणका लागि जुन गतिमा आफ्ना क्रियाकलापहरू अघि बढाउनुपर्ने थियो, त्यो हुन सकेको देखिँदैन। दाल, चामल, तेल तरकारी माछामासु, दुध, पानी, फलफूलजस्ता अत्यावश्यक खाद्य वस्तुहरूको मूल्य गुणस्तर नापतौल एकरूपता कायम गरी पूर्ण रूपमा बजारलाई स्वच्छ, प्रतिस्पर्धी र उपभोक्तामैत्री बनाउन उपभोक्ता संरक्षण ऐन, २०७५ र उपभोक्तासँग सरोकार राख्ने अन्य ऐन कानूनहरू प्रभावकारी कार्यान्वयनको अभाव छ। बजार अनुगमन र नियमन, दण्डसजाय र पुरस्कारको व्यवस्था प्रभावकारी नहुँदा, आवश्यक स्रोतसाधन र जनशक्तिको अभाव र प्रविधिको समुचित प्रयोग गर्न नसक्दा उपभोक्ता हित संरक्षण र प्रवर्द्धनमा स्तरीय, बलियो संयन्त्रको अभाव देखिएको छ। बजारको तह निर्धारण, अत्यावश्यक वस्तुहरूको सूची सार्वजनिक, समायोजन मूल्यलगायत ऐनको व्यवस्था बमोजिम गर्नुपर्ने विभिन्न कार्यहरूको सुरुवातसमेत गर्न सकिएको छैन्। स्वच्छ र स्वस्थ्य हुन गुणस्तरीय खानेपानी, लगाउने कपडा उपयोग गर्ने स्वच्छ वातावरण हुनुपर्छ। त्यसका लागि संघीय इकाइहरू प्रदेश सरकार र स्थानीय सरकारबीच समन्वय गर्ने, पूर्ण स्वतन्त्र निकायको स्थापना गर्ने जरुरी छ। त्यस्तै आपूर्ति, मूल्य, गुणस्तर अनुगमन नियमन कारबाही, दण्ड पुरस्कारको व्यवस्था प्रभावकारी बनाउनुपर्छ। संविधान, ऐन, कानूनमा भएका व्यवस्थाको कार्यान्वयन गरेर उपभोक्ताले ढुक्क भएर वस्तु उपभोग गर्न सक्ने वातावरण र सेवाको मूल्य गुणस्तर र नापतौल नियमित आपूर्ति हुने ग्यारेन्टी नभएसम्म उपभोक्ताले अधिकार उपभोग गर्ने वातावरण रहँदैन। आयोग यस प्रदेश कार्यालयबाट उपभोक्ता अधिकार सम्बन्धमा डेस्कबाट जिल्ला प्रशासान कार्यालय र स्थानीय तहसँग समन्वय गरी बजार अनुगमन गरिएको थियो।

## ५.३. आदिवासी जनजातिहरूको अधिकार

राष्ट्रिय जनगणना, २०७८ बमोजिम यस प्रदेशको कुल जनसङ्ख्या २६,९४,७८३ रहेको छ। जसमा आदिवासी जनजातिहरूले कुल जनसङ्ख्याको करिब ३५% हिस्सा रहेको छ। यी समुदायहरूले ऐतिहासिक रूपमा सामाजिक, आर्थिक र सांस्कृतिक विभेदको सामना गर्दै आएका छन्। नेपालले विभिन्न अन्तर्राष्ट्रिय सन्धि र घोषणापत्रहरूमा हस्ताक्षर गरेको छ। जसले आदिवासी जनजातिको अधिकारलाई संरक्षण गर्छ। संयुक्त राष्ट्रसंघको आदिवासी जनजातिको अधिकार सम्बन्धी घोषणापत्र, २००७ मा नेपालले यो घोषणापत्र अनुमोदन गरेको छ। जसले आदिवासी जनजातिको आत्मनिर्णयको अधिकार, जमिन, स्रोत, र सांस्कृतिक पहिचानको अधिकारलाई मान्यता दिएको छ। यो घोषणापत्रले आदिवासी समुदायलाई आफ्नो परम्परागत जमिन र स्रोतमाथिको स्वामित्व र सांस्कृतिक संरक्षणको अधिकार प्रदान गरेको भने अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ नेपालले सन् २००७ मा यो महासन्धि अनुमोदन गरेको छ।

यस्तै मानव अधिकार संरक्षण र संवर्धनको लागि नेपालको संविधानले आदिवासी जनजातिहरूलाई समानता, सामाजिक न्याय, र सांस्कृतिक पहिचानको अधिकार प्रदान गरेको छ। धारा १८ (समानताको हक), धारा ४२ (सामाजिक न्यायको हक), र धारा ५६ले आदिवासी जनजातिहरूलाई विशेष संरक्षण र सशक्तीकरणको प्रावधान गरेको छ। आदिवासी जनजाति आयोग नेपालको संविधानको धारा २६१ बमोजिम स्थापित यो आयोगले आदिवासी जनजातिको हकहित संरक्षण, संवर्धन, र सशक्तीकरणका लागि नीतिगत सिफारिस र अनुसन्धान गर्ने, शिक्षा र रोजगारीमा आरक्षण आदिवासी जनजातिहरूलाई सरकारी सेवामा समानुपातिक समावेशी प्रतिनिधित्व र शिक्षामा विशेष व्यवस्था गरिएको छ। सांस्कृतिक संरक्षण आदिवासी जनजातिको भाषा, संस्कृति र परम्पराको संरक्षणका लागि विभिन्न कार्यक्रम र नीतिहरू लागु गरीएको अवस्था छन्।

## ५.४. वातावरण र विकासको अधिकार

नेपालको संविधान धारा ३० मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्ने अधिकार सुनिश्चित गरेको छ। वातावरणीय प्रदूषण वा ह्रासबाट पीडित व्यक्तिलाई कानूनबमोजिम क्षतिपूर्तिको हकको व्यवस्था गरिएको छ। यस्तै धारा ३५ मा स्वच्छ खानेपानी र सरसफाइमा पहुँचको अधिकारलाई मौलिक हकको रूपमा मान्यता दिएको अवस्थामा सुदूरपश्चिम प्रदेशमा वातावरणको अधिकार र कानूनी व्यवस्थालाई नेपालको संविधान, राष्ट्रिय नीति र प्रदेशस्तरीय कानूनहरूले निर्देशित गरेको छ। संविधानले वातावरण संरक्षण र दिगो विकासलाई राज्यको दायित्वको रूपमा उल्लेख गरेको छ भने वातावरण संरक्षण ऐन, २०७६ ले वातावरण संरक्षण, प्रदूषण नियन्त्रण र दिगो विकासलाई प्राथमिकता दिएको छ। राष्ट्रिय वातावरण नीति, २०७६ वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन र जैविक विविधता संरक्षणलाई जोड दिएको छ। सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण ऐन, २०७७ प्रदेश सरकारले वातावरण संरक्षणका लागि स्थानीय कानून बनाएको छ।

जसमा वन संरक्षण, जलस्रोत व्यवस्थापन, र प्रदूषण नियन्त्रण समावेश छ। स्थानीय तहलाई समेत वातावरण संरक्षण, फोहोर व्यवस्थापन, र जलवायु अनुकूलनका लागि जिम्मेवारी दिइएको छ भने नेपालले पेरिस सम्झौता (२०१५), स्थानीय तहको (कार्य विभाजन) नियमावली, २०७४ न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन महाशाखा को (ख) न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन उपशाखामा मानव अधिकारको संरक्षण तथा प्रवर्द्धन गर्ने भनी उल्लेख गरिएको छ। सुदूरपश्चिममा ग्रामीण र हिमाली क्षेत्रमा स्वच्छ हावा र पानीको अवस्था तुलनात्मक रूपमा राम्रो छ, तर शहरी क्षेत्रमा बाढी, पहिरो, र खडेरी जस्ता प्राकृतिक प्रकोपले वातावरणीय अधिकारमा असर पारेको अवस्था छ। विशेष गरी चुरे क्षेत्रको वन विनाश र अवैध उत्खननले वातावरणीय जोखिम बढाएको छ जसको कारण जलवायु परिवर्तनको असरहरु देखा परिरहेको अवस्था छ। यस सम्बन्धमा आयोगबाट यस विषयमा संचारमाध्यममा आएको समाचारलाई लिएर स्वयम् उजुरी ग्रहण गरी अनुसन्धान तथा अनुगमन गरी नेपाल सरकारलाई सिफारिस गरेको अवस्था छ।

**५.५. सबै किसिमका जातीय भेदभावको अवस्था**

सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्न तथा जातीय भेदभावका कारण पीडित भएका व्यक्ति वा समूहको अधिकारको संरक्षण र संवर्धन गर्नका लागि बनेको अन्तर्राष्ट्रिय महासन्धि नै सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ हो। यो महासन्धि संयुक्त राष्ट्रसङ्घको महासभाबाट सन् १९६५ डिसेम्बर २१ मा पारित भई सन् १९६९ जनवरी ४ देखि लागु भएको हो। नेपालले यो महासन्धिलाई सन् १९७१ जनवरी ३० मा अनुमोदन गरेको थियो। नेपालको संविधान मौलिक हक अन्तर्गत सम्मानपूर्वक बाँच्न पाउने हक धारा १६, भेदभाव विरुद्धको हक धारा २४ र दलितको हक धारा ४० व्यवस्था गरिएको छ। जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८, नेपाल संन्धि ऐन, २०४७ तथा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ भने सुदूरपश्चित प्रदेश सरकारले समेत सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्न तथा कार्यन्वय गर्नको लागि दलित सशक्तिकरण ऐन, २०७८ बनाएर लागु गरेको अवस्था छ। मुलुकी अपराध, फौजदारी कसुरको परिच्छेद १० को दफा १६६ मा भेदभावजन्य व्यवहार गर्न नहुने तथा जातिपातीको आधारमा भेदभाव गरेमा तीन वर्ष कैद वा तीस हजार जरिवाना वा दुवै सजाय रहेको छ। मुलुकी अपराध संहिता २०७४ परिच्छेद १० को फौजदारी कसुर बमोजिम भेदभाव तथा अन्य अपमानजनक व्यवहार सम्बन्धी कसुर तथा जातिपातीको आधारमा छुवाछुत वा अन्य भेदभावपूर्ण व्यवहार गर्न नहुने उल्लेख भए बमोजिम कारबाही हुने व्यवस्था रहेको छ।

सुदूरपश्चिम प्रदेशः-हालको अवस्थामा समेत यी यावत सबैधानिक तथा कानूनी व्यवस्था रहँदा रहदै समेत जातीय विभेद तथा जातीय छुवाछुतका घटनाहरु घटने गरेको पाईएको छ। जातीय विभेद तथा छुवाछुतका घटनाको जानकारी आयोगको यस कार्यालयमा आउने गरेको अवस्था रहेको छ। यो विषयमा आयोगले विभिन्न प्रबर्द्धनात्मक कार्यक्रमहरु गरिनै रहेको अवस्था छ भने अनुगमन तथा

अनुसन्धानको काम निरन्तर भईनै रहेको अवस्था रहेको छ। यस विषयमा आयोगमा प्राप्त जानकारीलाई आयोगले गम्भिर रुपमा लिई सरोकारवालासँग समन्वय र सहकार्य गरिनै रहेको अवस्था छ।

**५.६.ज्येष्ठ नागरिकको अधिकार**

ज्येष्ठ नागरिक ऐन, २०६३ को दफा २ (क) अनुसार ६० उमेर पुरा भएको नेपाली नागरिकलाई ज्येष्ठ नागरिकका रुपमा लिइन्छ। कुनैपनि व्यक्ति निश्चित उमेर पार भएपछि शारीरिक वा मानसिक रुपमा निजलाई पूर्ववत रुपमा सक्रिय हुन कठिन हुनसक्ने भए तापनि यस्ता व्यक्तिको अनुभव, ज्ञान र योगदानका कारण समाजले उनीहरूलाई सम्माजनक रुपमा स्वीकार गरेको अवस्था छ।

सार्वजनिक यातायातमा अनिवार्य रुपमा छुट्टै सीटको व्यवस्था हुनु तथा सार्वजनिक यातायात प्रयोग गर्दा तिर्नुपर्ने भाडा र स्वास्थ्य सेवा लगायतमा ५० प्रतिशत छुट दिने व्यवस्था समेत भएको ज्येष्ठ नागरिकहरुको सम्मान तथा संरक्षण गर्नका लागि पहिलोपटक ज्येष्ठ नागरिकको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ। नेपालको संविधानको धारा ४१ मा ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुने भनी ज्येष्ठ नागरिकको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ। यसका साथै धारा १८ को उपधारा (३) को समानताको हकमा उल्लेख भएको प्रतिबन्धात्मक वाक्यांशमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, शारीरिक वा मानसिक रूपले अशक्त व्यक्तिको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने भनी समावेशी सिद्धान्तका आधारमा पहुँचको हकलाई सुनिश्चित गरेको छ।ज्येष्ठ नागरिकको संवैधानिक हकलाई ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले विस्तृत रुपमा उल्लेख गरेको छ भने दफा ३ मा ज्येष्ठ नागरिकको सम्मान गर्नु सबैको कर्तव्य हुने तथा ज्येष्ठ नागरिकको हेरविचार, स्याहारसुसार तथा सामाजिक सुरक्षाको लागि केन्द्रीय, प्रदेश र स्थानीय स्तरमा ज्येष्ठ नागरिक समितिहरुको गठन गर्ने, परिचयपत्र तथा सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने भनी ज्येष्ठ नागरिकको जीवनस्तर, पहिचान र सेवामा पहुँचको विषयलाई सम्बोधन गरेको छ।

कैद सजाय भोगिरहेका ज्येष्ठ नागरिकलाई उमेर र कसूरको अवस्था हेरी कैद सजायमा छुट हुने व्यवस्था समेत ऐनले गरेको छ।सामाजिक सुरक्षा ऐन, २०७५ ले ज्येष्ठ नागरिकको ७० वर्षको उमेर पूरा गरेपछि सामाजिक सुरक्षा भत्ता पाउने व्यवस्था गरेको भए तापनि दलित र एकल महिला ज्येष्ठ नागरिकले ६० बर्ष उमेर पूरा गरेपछि नै भत्ता पाउने व्यवस्था गरेको छ। मुलुकी देवानी संहिता, २०७४ को दफा १९ मा सकारात्मक विभेद तथा दफा १२२ मा छोराछोरीको आमाबाबुप्रतिको कर्तव्य समेत उल्लेख गरी ज्येष्ठ नागरिकप्रति राज्य र परिवारको दायित्वलाई उल्लेख गरिएको छ। सुदूरपश्चिम प्रदेश सरकार र स्थानीय तहबाट ज्येष्ठ नागरिकको सम्बन्धमा छुट्टै नीति तथा कार्यक्रम बनाएको देखिदैन। यस बारेमा नीतिगत व्यवस्था गर्ने भनी सुदूरपश्चिम

प्रदेश सरकारले ज्येष्ठ नागरिकहरुको मानव अधिकारको विषयलाई महत्वपूर्ण विषयको रुपमा लिएको देखिन्छ। ज्येष्ठ नागरिकहरुको स्वास्थ्य समस्याहरुको समयमै उचित व्यवस्थापन गर्नका लागि स्थानीय तहसँगको समन्वय र सहकार्यमा विशेष कार्यक्रम सञ्चालन गरीने नीति सुदूरपश्चिम सरकारले दिएको देखिन्छ। ज्येष्ठ नागरिकहरुको स्वास्थ्य सेवामा पहुँच विस्तारको लागि प्रादेशिक अस्पतालमा जेरियाट्रीक इकाईको व्यवस्था गरिएकोमा उक्त इकाईको स्तरोन्नति गरी सेवामा पहुँच विस्तार गरेको देखिन्छ तर प्रयाप्त रहेको देखिदैन।

**५.७. न्याय प्रशासन र सेवा प्रवाह**

स्थानीय तहको (कार्य विभाजन) नियमावली, २०७४ न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन महाशाखा को (ख) न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन उपशाखामा मानव अधिकारको संरक्षण तथा प्रवर्द्धन गर्ने भनी उल्लेख गरिएको छ। प्रदेशका ९ वटा जिल्लाहरुको भौगोलिक विकटताको विद्यमानताका साथै कानूनी साक्षरताको कमी हुनुले यस प्रदेशमा बसोवास गर्ने आम नागरिकको सहजपूर्ण तरिकाले न्यायमा पहुँचको सुनिश्चितता हुन नसकेको देखिन्छ। कुनैपनि व्यक्तिको बाँच्न पाउने अधिकारलाई आधारभूत मानव अधिकारको रूपमा स्वीकार गरिएपनि नागरिकप्रति राज्यले निर्वाह गर्नुपर्ने भूमिका प्रचलित ऐन, कानूनहरुले उल्लेख गरे बमोजिम प्रभावकारी हुन नसक्दा कुनैपनि व्यक्तिको नागरिक तथा राजनैतिक अधिकार कुण्ठित हुन जाने देखिन्छ। जसको परिणाम स्वरुप राज्यप्रति जनविश्वासमा कमी आउने सम्भावनाको बृद्धि हुन्छ भने मानव अधिकार प्रचलनमा समेत प्रश्नचिन्ह खडा हुन जान्छ। नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा ६ ले प्रत्येक व्यक्तिको जीवनको अधिकारलाई प्रत्याभूति गर्दै स्वेच्छाचारी ढङ्गले कसैको पनि जीवन हरण गर्न नपाइने कुरामा जोड दिइएको छ।

यसका साथै विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार, गोपनीयताको अधिकार, प्रेस स्वतन्त्रताको अधिकार, सङ्गठित हुन र भेला हुन पाउने अधिकार, स्वच्छ सुनुवाईको अधिकार, कैदीबन्दीका अधिकार, न्याय पाउने अधिकार, मतदान गर्न तथा निर्वाचनमा सहभागी हुन पाउने अधिकार लगायतका विभिन्न अधिकारहरु नागरिक तथा राजनीतिक अधिकारसँग जोडिएका विषयहरुका रुपमा उल्लेख गरेको पाइन्छ। थुनुवा केन्द्र वा कारागारमा रहेका थुनुवा कैदी वन्दीहरुको स्वतन्त्रताको हकलाई केही हदसम्म प्रचलित कानून बमोजिम नियन्त्रित गरिए तापनि मानव अधिकारका विभिन्न हकबाट बञ्चित गरीनु हुँदैन।

त्यसैगरी नेपालको संविधानको धारा १६ ले सम्मानपूर्वक बाँच्न पाउने अधिकार र धारा १७ ले स्वतन्त्रताको हकलाई नागरिकको मौलिक हकको रुपमा स्वीकार गरेको छ। त्यस्तै धारा २० ले गरीब, अशक्त, महिला, बालबालिका, अपाङ्ग, दलित, जनजाति, पिछडिएको क्षेत्रका नागरिकलाई प्राथमिकतामा राखी निःशुल्क वा सस्तो कानूनी सहायता उपलब्ध गराउने; ग्रामीण तथा दुर्गम क्षेत्रका नागरिकहरूलाई समेत न्यायसम्म पहुँचको सुनिश्चितता गर्नुपर्ने भनी उल्लेख गरेको छ। कुनैपनि

व्यक्तिको वैयक्तिक स्वतन्त्रतालाई कानून बमोजिम बाहेक हरण नगरिने र सुरक्षा नियन्त्रणमा रहेका व्यक्तिलाई कानून व्यवसायी तथा निजको परिवारसँग भेट गराउनुपर्ने भनी उल्लेख भएको छ। प्रहरी ऐन, २०१२, यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३, मुलुकी अपराध संहिता, २०७४ लगायतका कानूनहरूमा उनीहरूका अधिकार र उनीहरूप्रति गरिनुपर्ने न्यूनतम मानवोचित व्यवहारका सम्बन्धमा व्यवस्था गरिएको पाइन्छ। कारागारलाई सजाय गृहको रूपमा होइन, सुधार गृहको रूपमा विकास गर्नुपर्दछ भन्ने मान्यताको विकास हुँदै आएको देखिन्छ। कारागार ऐन, २०७९ अनुसार महिला र पुरूष छुट्याई यथासम्भव अलग-अलग घरमा र त्यसो हुन नसकी एउटै घरमा राख्नुपर्ने भएमा आपसमा भेटघाट वा कुराकानी गर्न नपाउने गरी सो घरको भिन्नाभिन्नै भागमा राख्नुपर्दछ। यस प्रदेशमा डोटीमा एक मात्र बाल सुधार गृह रहेको र त्यहाँ पनि बालिकाहरुलाई राख्ने व्यवस्था भएको देखिदैन।

साथै अपराध पीडित संरक्षण ऐन, २०७५; वैयक्तिक गोपनियता सम्बन्धी ऐन, २०७५; सामाजिक सुरक्षा ऐन, २०७५; राष्ट्रिय सभा निर्वाचन ऐन, २०७५; रोजगारीको हक सम्बन्धी ऐन, २०७५; राजनीतिक दल सम्बन्धी ऐन, २०७३ स्थानीय तहको (कार्य विभाजन) नियमावली, न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन महाशाखा को (ख) न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन उपशाखामा मानव अधिकारको संरक्षण तथा प्रवर्द्धन गर्ने भनी उल्लेख गरिएको छ। स्थानीय तहले आफ्नो वस्तुस्थिति र सामाजिक परिवेशका आधारमा विभिन्न निर्देशिका तथा कार्यविधि बनाई लागु गर्ने गरेको छ। नागरिकको सेवा प्रवाह र न्यायमा पहुँचको सुनिश्चितताका लागि वर्तमान अवस्थामा यस प्रदेशमा रहेको ८८ वटै स्थानीय तहहरुमा न्यायिक समिति भएको देखिन्छ। स्थानीय तहबाट पीडितमैत्री सेवा प्रवाह हुने कुराको सुनिश्चिततालाई ध्यान दिएको देखिन्छ भने न्यायिक समितिले स्थानीय तहमा उठान हुने विवाद समाधानमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने देखिन्छ। तर स्थानीय तहको न्यायिक प्रक्रियाको बारेमा आम नागरिकलाई आपेक्षित रुपमा जानकारी हुन नसकेको भन्ने सरोकारवालाको भनाई रहेको छ।

### ५.८. महिलाको मानव अधिकार

सुदूरपश्चिम प्रदेशमा पुरुषहरुको सङ्ख्या १२,८७,९९० र महिलाको सङ्ख्या १४,२३,२७३ रहेको छ भने लैङ्गिक अनुपात ९०.४९% रहेको देखिन्छ। यस प्रदेशको महिला अधिकारको अवस्थालाई सुदृढ गर्नको लागि सुदूरपश्चिम प्रदेश सरकार मातहतका निकायहरुबाट कानूनी तथा नीतिगत आधारहरु निर्माण गरिनुका साथै कार्यान्वयनलाई समेत जोड दिएको देखिन्छ भने स्थानीय तहहरुमा महिलाको सहज पहुँच हुने हुनाले हक अधिकार संरक्षणका साथै प्रवर्द्धन समेतका कार्यमा महत्वपूर्ण भूमिका निर्वाह हुँदै आएको देखिन्छ। महिलाहरुको मानव अधिकारसँग जोडिएका विभिन्न विषयहरुको सम्मान गरी आवश्यक संरक्षणात्मक तथा प्रवर्द्धनात्मक कार्यहरु सञ्चालन गर्ने जिम्मेवारी नेपालको संविधानले राज्यका तीन वटै तहका सरकारको जिम्मेवारी हो। आयोगको यस कार्यालयले

महिला/लैङ्गिक हिंसाविरुद्धका क्रियाकलाप आफै र संघ, प्रदेश र स्थानीय तहसँग सहकार्य गर्दै मानव अधिकारको संरक्षण तथा प्रवर्द्धन गर्ने कार्य गर्दै आइरहेको छ।

सुदूरपश्चिम प्रदेशको स्थानीय तहमा रहका न्यायिक समितिले पनि निवेदन लिने र सो निवेदन उपरको विवाद समाधानमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। यस्ता विभिन्न जिम्मेवारीहरुमध्ये महिला अधिकारसँग सम्बन्धित विभिन्न विषयहरुमा यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी कार्यक्रममा सबैको पहुँच सुनिश्चित गर्ने, सुरक्षित मातृत्व तथा प्रसुति सेवामा सुधार गर्ने, गर्भवती महिलालाई आवश्यक खोप प्रदान गर्ने र प्रत्येक जिल्लामा लैङ्गिक हिंसा पीडितका लागि अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना गरी लैङ्गिक हिंसा पीडितको लागि उपचार सुविधाको विस्तार गर्ने जस्ता कार्यहरुमा प्रदेश तथा स्थानीय सरकारलाई जिम्मेवार बनाइएको र उक्त निकायहरुले कानून बमोजिम काम गर्दै आइरहेको अवस्था रहेको छ।

### ५.९. आप्रवासी कामदार र शरणार्थीको अधिकार

आप्रवासी कामदारहरूको हक र अधिकारको सम्बन्धमा अन्तर्राष्ट्रिय र राष्ट्रिय रूपमा विभिन्न व्यवस्थाहरू गरिएको पाइन्छ। आप्रवासी कामदारलाई विभेद विरूद्धको अधिकार; राष्ट्रियताको अधिकार; यातना, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरूद्धको अधिकार; दासत्व, दासव्यापार र जबर्जस्ती श्रम विरूद्धको अधिकार; गैरकानूनी पक्राउ विरूद्धको अधिकार; स्वच्छ, निष्पक्ष सुनुवाई; स्वतन्त्रता र सुरक्षा; स्वेच्छिक गिरफ्तारी वा थुना विरूद्धका अधिकारहरू कुरालाई आप्रवासी कामदार र उनीहरूका परिवारका सदस्यहरूको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९० ले गरेको छ। यसका साथै आप्रवासी कामदारका परिवारका सदस्यहरुलाई समेत जीवन, सुरक्षा र स्वतन्त्रताको हकको सुनिश्चितता गरेको छ। आई.एल.ओ. महासन्धि, १९३० (नं. २९) ले अनिवार्य वा जबर्जस्ती श्रमलाई रोक लगाएको छ। रोजगारीका लागि आप्रवासन (परिमार्जित) महासन्धि, १९४९ (नं. ९७), घरेलु कामदारहरूका लागि मर्यादित काम सम्बन्धी महासन्धि, २०११ (नं. १८९), संगठन स्वतन्त्रता र संगठित हुन पाउने अधिकारको संरक्षण सम्बन्धी महासन्धि, १९४८ (नं. ८७), आप्रवासी कामदार (स्थानीय तहको (कार्य विभाजन) नियमावली, २०७४ न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन महाशाखा को (ख) न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन उपशाखामा मानव अधिकारको संरक्षण तथा प्रवर्द्धन गर्ने भनी उल्लेख गरिएको छ।

प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्ने तथा उचित श्रम अभ्यास गर्ने हक हुने कुरालाई नेपालको संविधानले मौलिक हकको रुपमा उल्लेख गरेको छ। वैदेशिक रोजगारीलाई थप सुरक्षित, मर्यादित बनाउँदै आकर्षक सेवा सुविधा भएका नयाँ गन्तव्य मुलुकहरुको पहिचान गरी श्रम सम्झौता रहेको र बाध्यात्मक रुपमा वैदेशिक रोजगारमा जाने अवस्थाको अन्त्य गर्न वैदेशिक रोजगारीसँगै प्राप्त विप्रेषण आय, ज्ञान, सीप, अनुभव, कुशलता, कार्य संस्कृति, प्रविधि, उद्यमशीलता र आत्मविश्वासलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्न राज्यको तीनवटै तहको सरकारबीचको समन्वयमा चालु

आवधिक योजनाले समेत औंल्याएको छ। वर्तमान समयमा नेपालमा आन्तरिक र बाह्य रोजगारीको सुरक्षित व्यवस्थापन गरी नागरिकको मानव अधिकारको प्रत्याभूति गर्नका लागि विभिन्न कानुनी तथा नीतिगत व्यवस्थाहरु गरिएको छ। त्यस्ता कानुनी तथा नीतिगत व्यवस्थाहरुमा बोनस ऐन, २०३०; ट्रेड यूनियन ऐन, २०४९; वैदेशिक रोजगार सम्बन्धी ऐन, २०६४; योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४; श्रम ऐन, २०७४; रोजगारीको हक सम्बन्धी ऐन, २०७५; वैदेशिक रोजगार नीति, २०६८; राष्ट्रिय रोजगार नीति, २०७१; सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९ कार्यान्वयनमा रहेका छन्। यसका साथै मौसमी कामदार व्यवस्थापन निर्देशिका, २०७९ समेत कार्यान्वयनमा रहेको छ भने श्रम आप्रवासन नीति, २०८१ को मस्यौदा छलफलको चरणमा रहेको देखिन्छ। हाल नेपालमा वैदेशिक रोजगार व्यवसायलाई प्रवर्द्धन गर्दै सो व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउनुका साथै यस्ता कामदारहरुको अधिकार संरक्षण गर्ने उद्देश्यले वैदेशिक रोजगार सम्बन्धी कार्य गर्नको लागि विभिन्न संयन्त्रहरुको स्थापना गरिएको छ। जसमध्ये वैदेशिक रोजगार विभाग एक महत्वपूर्ण निकाय हो। यस अन्तर्गत वैदेशिक रोजगार काठमाडौं कार्यालय, वैदेशिक रोजगार मलेसिया शाखा, वैदेशिक रोजगार कतार शाखा र वैदेशिक रोजगार साउदी अरव शाखा रहेको देखिन्छ। यस विभागले वैदेशिक रोजगार सम्बन्धी नीतिगत, नियमनकारी कार्यहरुका साथै प्रवर्द्धनात्मक तथा अनुसन्धानात्मक कार्यहरु गर्ने गर्दछ। हाल नेपाल सरकारले १११ मुलुकहरुलाई वैदेशिक रोजगारीको लागि सूचीकृत गरिएकोमा १०९ मुलुक खुल्ला गरिएको र २ वटा मुलुकहरु अफगानिस्तान र लिवियामा रोक लगाएको छ। त्यसैगरी आ.व. २०८१/८२ मा वैदेशिक रोजगारीमा पठाउने १६७० म्यानपावर कम्पनीलाई श्रमिक पठाउन इजाजतपत्र प्रदान गरिएको, वैदेशिक रोजगारीमा गएका नेपाली आप्रवासी कामदार र तिनका परिवारलाई लक्षित गरी विभिन्न् कल्याणकारी कार्यक्रम सञ्चालन हुँदै आएको छ। वैदेशिक रोजगार सम्बन्धी कसूरहरुमा शुरु कारबाही र किनारा गर्नको लागि वैदेशिक रोजगार न्यायाधीकरणको समेत गठन गरिएको छ। यसैगरी वैदेशिक रोजगार व्यवसायलाई प्रवर्द्धन गरी सुरक्षित, व्यवस्थित र मर्यादित वनाउन तथा वैदेशिक रोजगारमा जाने कामदार र वैदेशिक रोजगार व्यवसायीको हकहित संरक्षण कार्य गर्ने प्रयोजनको लागि वैदेशिक रोजगार बोर्डको समेत स्थापना गरिएको छ। यस बोर्डले मुख्यतः उद्दार सम्बन्धी कार्य, अङ्गभङ्गलाई आर्थिक सहायता, कामदारका परिवारलाई स्वास्थ्य उपचार सहयोग, मृतक कामदारको नजिकका हकवालालाई आर्थिक सहायता प्रदान गर्ने र शव व्यवस्थापन आदि कार्य गर्दछ। वैदेशिक रोजगारमा जाने व्यक्तिहरुका लागि नेपाल सरकारको डिजिटल माध्यमबाट सञ्चालित निबन्धन प्रणालीका रुपमा Foreign Employment Information Management System (FEIMS) को व्यवस्था गरेको छ। जसले वैदेशिक रोजगारसँग सम्बन्धित विषयहरु समेटेको हुन्छ तर भारतमा मौसमी कामदारको रुपमा जाने व्यक्तिहरुको एकिकृत रुपमा तथ्याङ्क राख्ने गरेको भेटिंदैन।

## ५.१०. कैदीबन्दीहरुको अधिकार

कानून विपरितको कार्य गरी सजाय भुक्तान गरिरहेका तथा कानूनी कारबाहीको लागि पुर्पक्षमा रहेका व्यक्तिहरु कैदीबन्दीको रुपमा कारागारमा रहँदा त्यस्तो व्यक्तिको स्वतन्त्रताको हक बाहेक अन्य मानव अधिकार प्रचलनमा कानूनले रोक लगाएको पाइदैन। यसप्रकार अनुसन्धानको सिलसिलामा हिरासतमा रहेको व्यक्ति पक्ष रहेको मुद्दा, पुर्पक्षको लागि थुनामा रहेको व्यक्ति पक्ष रहेको मुद्दा, कैदमा रहेको पक्षको मुद्दा, अपाङ्गता भएका व्यक्ति तथा बालबालिका पक्ष रहेको मुद्दा, शारीरिक अशक्तता भएका वा पचहत्तर वर्षभन्दा वढी उमेरका व्यक्ति पक्ष रहेका मुद्दा, महिला विरुद्धको हिंसा सम्बन्धी मुद्दा, नाता कायम सम्बन्धी मुद्दा, माना चामल सम्बन्धी मुद्दा, सम्बन्ध विच्छेद सम्बन्धी मुद्दा र मुद्दा दर्ताको क्रमबाट पहिले दर्ता भएको मुद्दा आदिलाई प्राथमिकतामा राखेर अदालतले मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ३ ले प्रत्येक व्यक्तिलाई जीवनको स्वतन्त्रता र सुरक्षाको अधिकार हुने, धारा ७ ले विना भेदभाव कानूनको समान संरक्षणको हक हुने, धारा ८ ले मौलिक हक प्रचलनमा राष्ट्रिय न्यायधिकरणबाट प्रभावकारी उपचार पाउने हक हुने, धारा ९ ले स्वेच्छाचारी पक्राउ विरुद्धको हक हुने व्यवस्था गरेको छ। सोही घोषणापत्रको धारा ११ ले दोषी प्रमाणित नभएसम्म निर्दोष भएको अनुगमन गरी पाउने हक र कानून बमोजिम दण्डनीय कसूर गर्दा तोकिएको सजाय भन्दा वढी सजाय पाउनबाट समेत संरक्षण पाउने हकको समेत व्यवस्था गरेको छ। थुनुवा केन्द्र वा कारागारमा रहेका थुनुवा कैदी वन्दीहरुको स्वतन्त्रताको हकलाई केही हदसम्म प्रचलित कानून बमोजिम नियन्त्रित गरीएतापिन मानव अधिकारका विभिन्न हकबाट बञ्चित गरीनु हुँदैन। यसलाई सन् १९९० मा संयुक्त राष्ट्र संघले पारित गरेको सिद्धान्तले समेत आत्मसाथ गरेको पाइन्छ। यस सिद्धान्तले हरेक थुनुवा, कैदी र बन्दीलाई मानवीय मूल्य र मर्यादा अनुसार आदरपूर्वक व्यवहार गरिनुपर्ने; लिङ्ग, जातजाति, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै हैसियतका आधारमा भेदभाव गर्न नहुने र उनीहरूको समुदायका धार्मिक आस्था वा सांस्कृतिक आचरणको सम्मान गर्नुपर्ने विषयमा जोड दिएको छ। कुनैपनि व्यक्तिको वैयक्तिक स्वतन्त्रतालाई कानून बमोजिम बाहेक हरण नगरिने र सुरक्षा नियन्त्रणमा रहेका व्यक्तिलाई कानून व्यवसायी तथा निजको परिवारसँग भेट गराउनुपर्ने भनी उल्लेख भएको छ। प्रहरी ऐन, २०१२, यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३, फौजदारी संहिता २०७४ लगायतका कानूनहरूमा उनीहरूका अधिकार र उनीहरूप्रति गरीनुपर्ने न्यूनतम मानवोचित व्यवहारका सम्बन्धमा व्यवस्था गरिएको पाइन्छ। कारागारलाई सजाय गृहको रूपमा होइन, सुधार गृहको रूपमा विकास गर्नुपर्दछ भन्ने मान्यताको विकास हुँदै आएको देखिन्छ।

त्यस्तै कानूनको विवादमा परेका बालबालिकालाई राखेर सुधार र पुनःर्स्थापना गर्नको लागि बाल सुधार गृहको स्थापना समेत गर्ने कानूनी व्यवस्था रहेको देखिन्छ जस अनुरुप सुदूरपश्चिम प्रदेशको

डोटीमा बाल सुधार गृहको स्थापना गरिएको छ। तर उक्त बाल सुधार गृहमा बालिकाहरुलाई राख्ने व्यवस्था भने नभएको देखिन्छ। आयोगबाट सो विषयलाई गम्भिरताका साथ लिई सम्बन्धित निकायसँग भएको समन्वय र छलफलको परिणाम स्वरुप सुदूरपश्चिम प्रदेश सरकारको २०८२/८३ को बजेट, नीति तथा कार्यक्रममा कारागार सुधार र बालिकाका लागि बाल सुधार गृहको व्यवस्था गर्ने भनी समेटेको थियो। प्रदेश सरकारको कार्यविभाजन नियमावली, २०८१ बमोजिम गठित आन्तरिक मामिला तथा कानून मन्त्रालयले सीमा सुरक्षा, नागरिक स्वतन्त्रताको रक्षाका साथै कारागार तथा हिरासत व्यवस्थापन समेतको लागि कार्य गर्ने गर्दछ। स्थानीय तहबाट पीडितमैत्री सेवा प्रवाह हुने कुराको सुनिश्चिततालाई ध्यान दिएको देखिन्छ भने न्यायिक समितिले स्थानीय तहमा उठान हुने विवाद समाधानमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने देखिन्छ। साथै आयोगबाट विभिन्न समयमा भएको अनुगमन तथा पत्राचारबाट प्राप्त जवाफबाट सुदूरपश्चिम प्रदेशमा गरेका जिल्ला कारगार कार्यालयहरुमा क्षमताभन्दा वढी सङ्ख्यामा कैदीबन्दीहरु राख्नुपर्ने अवस्था रहेको, कारागारमा दरबन्दी अनुसार कर्मचारीहरुको व्यवस्था नभएको, बजेट र स्रोतसाधनको अभाव रहेको पाइयो। यसका साथै उक्त कारागारहरुमा रहेका कैदीबन्दीहरुलाई सीपमूलक तालिम तथा व्यवहारमा सुधार ल्याउने प्रकारको मनोसामाजिक परामर्शको लागि समेत उचित र पर्याप्त व्यवस्था नभएको पाइयो। प्रहरी हिरासतमा राख्नुपर्ने अवस्थामा समेत महिला, ज्येष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्ति र यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुका लागि छुट्टै राख्ने व्यवस्था हुनुपर्ने देखिन्छ। डोटी स्थित बाल सुधार गृहमा भवन तथा खेल मैदानको अभाव, पढाउने शिक्षकहरुको अभाव हुनुका साथै बालकहरुलाई अदालत वा उपचारको लागि लैजान, ल्याउन सवारी साधनको समेत अभाव रहेको देखिन्छ।

### ५.११. यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको अधिकार

यौनिक तथा लैङ्गिक अल्पसंख्यक भन्नाले यस्ता व्यक्तिहरूलाई जनाइन्छ जसको यौनिक अभिविन्यास वा लैङ्गिक पहिचान मुख्यधार समाजबाट फरक हुन्छ जस्तै Lesbian, Gay, Bisexual, Transgender, Intersex, Queer आदि (LGBTIQ+), Third Gender (तेस्रो लिङ्ग) र Gender non-conforming व्यक्तिहरू। मानव अधिकार सबै व्यक्तिका लागि जन्मसिद्ध, सार्वभौमिक, अविभाज्य र समान हुन्छन् भने यौनिक तथा लैङ्गिक अल्पसंख्यक (Sexual and Gender Minorities – SGM) का व्यक्तिहरू पनि यी अधिकारका हकदार हुन्। तर सामाजिक संरचना, परम्परा, धार्मिक मान्यता र पूर्वाग्रहका कारण उनीहरू अनेक प्रकारका विभेद, हिंसा र बहिष्करणमा पर्ने गरेको छ। नेपालमा जम्मा २९२८ अर्थात कुल जनसङ्ख्याको ०.०१% यौनिक तथा लैंङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरुको देखिन्छ भने सुदूरपश्चिम प्रदेशको सङ्ख्या खुल्न सकेको देखिदैन। तसर्थ न्यून सङ्ख्यामा रहेको कारण समेत यौनिक तथा लैङ्गिक अल्पसंख्यकका व्यक्तिहरुको अधिकारको संरक्षण हुन नसक्नुका साथै निजहरु सामाजिक तथा पारिवारिक वहिष्करण र हिंसाको सिकार हुन पुगेको देखिन्छ। मानव

भएकै नाताले प्राप्त हुने अहरणीय, अभिभाज्य र अन्तरसम्बन्धित अधिकारहरु नै मानव अधिकार हुन्। यसै सन्दर्भमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुले समेत यस्ता अधिकारहरु निशर्त रुपमा प्राप्त गरेको हुन्छ। पछिल्लो समयमा विश्व समुदायका साथै नेपालमा रहेका यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरुको हकहितका साथै पहिचान सहितको मानव अधिकारको प्रत्याभूति हुनुपर्ने विषयमा विभिन्न समयमा बहस पैरवी हुने गरेको छ भने न्यायपालिकाले पनि यस समुदायको मानव अधिकारको विषयलाई सम्बोधन गरेको देखिन्छ। यौनिक तथा लैङ्गिक समुदायको अधिकारलाई विस्तृतरुपमा उल्लेख नगरिएको भएतापनि विभिन्न अन्तर्राष्ट्रिय कानूनहरुले लिङ्गको आधारमा गरीने विभेदलाई मानव अधिकार उल्लङ्घनको विषयका रुपमा लिएको छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २ ले लिङ्गको आधारमा हुने भेदभाव विना प्रत्येक व्यक्तिलाई स्वतन्त्रताको हक हुने भनी उल्लेख गरिएको छ। यस घोषणापत्रले उल्लेख गरेको विषयलाई नागरिक तथा राजनीतिक अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६; आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र र सबै प्रकारका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिले पनि उल्लेख गरेको छ। महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ को लिङ्गको आधारमा हुने विभेद, बहिष्कार वा प्रतिबन्धलाई परिभाषित गरेको छ। यौनिक तथा लैङ्गिक अल्पसंख्यक अधिकारको मार्गदर्शक दस्तावेजको रुपमा रहेको Yogyakarta Principle, २००६ ले यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको जीवन, स्वतन्त्रता, सुरक्षा, समानता, स्वास्थ्य, शिक्षा, रोजगारी, आवास लगायतका मानव अधिकारको विविध विषयहरु समेटेको छ भने त्यस्ता अधिकारहरुको प्रतिरक्षा गर्ने र प्रत्याभूति गर्ने राज्यको कर्तव्य हुने भनी उल्लेख गरेको छ। यस सिद्धान्तले विशेष गरी यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको मानव गरिमाको अधिकारलाई समेटेको छ।

नेपालमा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको पहिचान, संरक्षण लगायतका विषयमा न्यायपालिकाले नजीर स्थापना गरेको छ। महिला र पुरुष बाहेकका लैङ्गिक पहिचान र यौन अभिमुखीकरण भएको व्यक्ति पनि नेपाली नागरिक एवं प्राकृतिक व्यक्ति भएको कारण उनीहरुले पनि आफ्नै पहिचानमा संविधान, कानून र मानव अधिकार सम्बन्धी सन्धि/महासन्धिहरुले दिएका सम्पूर्ण अधिकारहरु उपभोग गर्न पाउनुपर्ने तथा त्यसको लागि कानूनी व्यवस्था गर्ने र वातावरण सिर्जना गर्ने दायित्व राज्यको हुन्छ भनी न्यायपालिकाले व्याख्या गरेको देखिन्छ। साथै यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरुले आफ्नो अधिकार उपभोग गर्न पाउने गरी उपयुक्त कानून बनाउन वा भईरहेको कानून संशोधन गरी आवश्यक प्रबन्ध गर्नु भनी सम्मानीत सर्वोच्च अदालतबाट समेत निर्देशनात्मक आदेश जारी भएको देखिन्छ। नेपालको संविधानको धारा १२ ले लैङ्गिक पहिचान सहित वंशीय आधारमा नागरिकता दिनुपर्ने भनी यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको पहिचानको अधिकारको संरक्षण गरेको छ भने धारा १८ (३) मा यौनिक तथा लैङ्गिक अल्पसंख्यक

समूहलाई विशेष संरक्षण दिने तथा धारा ४२ को उपधारा (१) ले समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको निकायमा सहभागिताको हक सुनिश्चित गरेको छ। संवैधानिक व्यवस्था अनुरुप नेपाली नागरिकको लागि नागरिकताको प्रमाणपत्र जारी गर्दा लैङ्गिक पहिचान खुलाई दिनुपर्ने भनी व्यवस्था भएको छ।

### ५.१२.अपाङ्गता भएका व्यक्तिहरुको अधिकार

शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रीय सम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सिमितता (फङ्सनल इम्पेरिमेन्ट) वा विद्यमान अवरोधको कारण अन्य व्यक्तिसरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्तिलाई अपाङ्गता भएको व्यक्ति भनिन्छ। शारीरिक, मानसिक तथा बौद्धिक रूपमा अपाङ्गता भएका व्यक्तिहरू अरू सामान्य व्यक्तिहरू सरह जीवन निर्वाह गर्न पाउनु पर्छ र त्यसको व्यवस्था गर्ने जिम्मेवारी राज्यको हो भन्ने अवधारणा अनुसार यो अधिकारको सुरू भएको हो। अपाङ्गता भएका व्यक्तिहरूलाई समाजका हरेक क्षेत्रमा पूर्ण तथा सार्थक सहभागिता, सम्मान र अवसर प्रदान गर्ने उद्देश्यले विकसित भएको हो। नेपाल अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धिको स्वेच्छिक प्रोटोकल, २००६ लाई सन् २०१० मे ७ मा अनुमोदन गरेको छ। अपाङ्गताको अधिकारको सुनिश्चतताको लागि नेपालले संवैधानिक, कानूनी, नीतिगत तथा कार्यक्रमगत व्यवस्था गर्दै आएको छ।

नेपालमा ६,४७,७४४ जना कम्तिमा अपाङ्गता भएका व्यक्तिहरू रहेका छन्। सुदूरपश्चिम प्रदेशमा ६९६७७ जना अपाङ्गता भएका व्यक्तिहरू रहेका छन्। यो भनेको प्रदेशको कुल जनसङ्ख्याको २.६% हो। यस प्रदेशमा नेपाल सरकार, सुदूरपश्चिम प्रदेश सरकार, स्थानीय तह, गैर सरकारी संस्था, अन्तर्राष्ट्रिय संस्था, संयुक्त राष्ट्रसंघीय निकाय र विभिन्न सामाजिक संस्थाहरूले अपाङ्गताको क्षेत्रमा काम गर्दै आइरहेका छन्। सुदूरपश्चिम प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सुनिश्चितताको विषयलाई समेटेको पाइन्छ। अपाङ्गता भएका व्यक्तिहरूले भोग्नु परेका सामाजिक तथा सांस्कृतिक विभेद, आधारभूत सेवा सुविधामा न्यून पहुँच, भौतिक संरचना र सूचना प्रणालीमा सहज पहुँचको अभाव, विभिन्न प्रकारका हिंसा र दुर्व्यवहारको शिकार, महत्वपूर्ण निर्णय प्रक्रियामा न्यून सहभागिता आदि समस्याहरूको न्यूनीकरण गर्नकालागि सुदूरपश्चिम प्रदेश सरकारले अपाङ्गता सम्बन्धी छुट्टै नीतिको आवश्यकता महसुश गरी सुदूरपश्चिम प्रदेश सरकारले अपाङ्गता सम्बन्धी प्रादेशिक निति, २०८१ जारी गरेको छ। अपाङ्गता सम्बन्धी कानूनहरू हेर्दा नेपालको संविधानमा उल्लिखित मौलिक हक, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन, २०७४, जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८, अपाङ्गता सम्बन्धी नीति तथा कार्ययोजना, २०६३, इन्च्योन रणनीति, २०१२, अपाङ्गता परिचयपत्र वितरण निर्देशिका, २०७५, अपाङ्गता ग्राम निर्माण तथा सञ्चालन कार्यविधी, २०७८, अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९, अपाङ्गता भएका व्यक्तिलाई हवाई यात्रामा दिइने

छुट तथा सहुलियत सम्बन्धी कार्यविधी आदि रहेका छन्। सुदूरपश्चिम प्रदेशमा अपाङ्गता भएका व्यक्तिहरूका सम्बन्धमा देखिएका प्रमुख समस्या हरुमा अपाङ्गता भएका व्यक्तिका लागि रोजगारी र आयआर्जनका अवसरमा सहज पहुँच नहुनु, अपाङ्गता भएका व्यक्तिहरूप्रति विभिन्न विभेद र असमान व्यवहारको अवस्था हुनु, सामाजिक, प्रशासनिक तथा राजनीतिक क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता न्यून हुनु, भौतिक संरचना अपाङ्गता मैत्री नहुनु, सूचना प्रविधि र सञ्चारमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच नहुनु, अपाङ्गता सहायक सामाग्री उत्पादन, मर्मत तथा वितरण केन्द्र नहुनु, न्यून प्रतिनिधित्व भएका वर्गका सवाललाई मूल प्रवाहीकरणमा ल्याउन नसक्नु, अपाङ्गता भएका बालबालिकालाई पठनपाठनममा कठिनाई हुनु, अपाङ्गता भएका कतिपय बालबालिकाहरू विद्यालय बाहिर रहनु रहेका छन् भने चुनौतीहरूमा अपाङ्गता भएका व्यक्तिका सवालहरूको सम्बोधनका लागि पर्याप्त दक्ष जनशक्ति र स्रोत साधनको व्यवस्था गर्नु, सेवा प्रवाह गर्ने सबै सार्वजनिक निकायहरूमा अपाङ्गता भएका व्यक्तिहरूको सहज पहुँच सुनिश्चित गर्नु, दुर्गम स्थानमा अपाङ्गता भएका व्यक्तिहरूलाई सहजरूपमा सेवा सुविधाको व्यवस्थापन गर्नु, शिक्षा, स्वास्थ्य, खेलकुद तालिम र अपाङ्गताको विविधता अनुसार रोजगारी उपलब्ध गराउनु र अपाङ्गता भएका व्यक्तिहरूको खण्डिकृत तथ्याङ्क उपलब्ध गराउनु आदि रहेका छन्।

### ५.१३. पेशा व्यवसाय र रोजगारीको अधिकार

सुदूरपश्चिम प्रदेशमा पेशा, व्यवसाय र रोजगारीको अधिकारको अवस्था नेपालको संविधानको धारा १६, १७ र १८ ले प्रत्याभूत गरेको मौलिक हक अन्तर्गत पर्छ। यी धाराहरूले प्रत्येक नागरिकलाई स्वतन्त्रतापूर्वक पेशा, व्यवसाय सञ्चालन गर्न र रोजगारी प्राप्त गर्ने अधिकार सुनिश्चित गरेका छन्। सुदूरपश्चिम प्रदेशबाट हरेक वर्ष ठूलो सङ्ख्यामा युवाहरू श्रम बजारमा प्रवेश गर्छन्। सुदूरपश्चिममा रोजगारीको अधिकांश हिस्सा अनौपचारिक क्षेत्रमा छ, जस्तैः कृषि, साना व्यापार, र दैनिक ज्यालादारी। यस्ता क्षेत्रमा श्रमिकको सामाजिक सुरक्षा, न्यूनतम ज्याला, र श्रम अधिकार सुनिश्चित हुन कठिनाइ छ। सुदूरपश्चिमका धेरै युवाहरू रोजगारीका लागि भारत र खाडी मुलुकहरूमा निर्भर छन्। वैदेशिक रोजगारीमा जानेहरूको सङ्ख्या उल्लेख्य छ। तर आप्रवासी कामदारहरूले श्रम शोषण र असुरक्षित कार्य वातावरणको सामना गर्नुपर्छ। नेपालको संविधानको धारा १७ मा स्वतन्त्रताको हक अन्तर्गत प्रत्येक नागरिकलाई कुनै पनि पेशा, व्यवसाय, उद्योग वा व्यापार गर्ने स्वतन्त्रता प्रदान गरिएको छ। धारा १८ ले समानताको हकले समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक र सामाजिक सुरक्षामा भेदभाव गर्न निषेध गरेको छ। धारा ३३ ले रोजगारीको हकले प्रत्येक नागरिकलाई रोजगारीको अवसर र उचित श्रम अभ्यासको अधिकार सुनिश्चित गरेको छ। धारा ३४ ले श्रमको हकअन्तर्गत प्रत्येक श्रमिकलाई मर्यादित काम, उचित ज्याला, सामाजिक सुरक्षा, र ट्रेड युनियन गठनको अधिकार प्रदान गरेको छ। सुदूरपश्चिम प्रदेशमा औद्योगिक गतिविधि सीमित छ। सुदूरपश्चिम प्रादेशिक औद्योगिक व्यवसाय ऐन, २०७५ ले उद्योग र व्यवसाय प्रवर्द्धन गर्न नीतिगत आधार प्रदान

गरेको छ। तर पूर्वाधारको अभाव र लगानीको कमीले यो क्षेत्र सुस्त छ। धनगढी, महेन्द्रनगर जस्ता सहरहरूमा साना व्यापार र सेवा क्षेत्रमा केही गतिविधि देखिन्छ। कृषि क्षेत्र रोजगारीको प्रमुख स्रोत हो। पर्यटन क्षेत्रमा सम्भावना भए पनि (जस्तैः खप्तड, बडीमालिका, शुक्लाफाँटा, टीकापुर पार्क, कर्णाली पुल, घोडाघोडी ताल, रामारोसन), पूर्वाधार र प्रचारप्रसारको अभावले यो क्षेत्र पूर्ण उपयोग भएको छैन। यस्तै श्रम ऐन, २०७४, वैदेशिक रोजगार ऐन, २०६४, श्रम तथा रोजगार नीति, २०६२, सुदूरपश्चिम प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५ तथा अन्तर्राष्ट्रिय श्रम सङ्गठन (ILO) र मानव अधिकारको विश्वव्यापी घोषणापत्रले यी अधिकारहरुलाई सम्बोधन गरेको अवस्था छ।

**५.१४. विचार र अभिव्यक्तिको स्वतन्त्रताको अधिकार**

आफ्नो अभिव्यक्ति स्वतन्त्रताको उपभोग गर्न पाउने अधिकार नेपालको संविधानमा उल्लेख भएको छ। त्यसबाट कोही पनि बञ्चित हुनु हुँदैन। यदि त्यसो भयो भने त त्यो समाज स्वतन्त्र र प्रजातान्त्रिक समाज नै हुँदैन। मानव अधिकार लोकतन्त्रको रक्षा र विकासका लागि समेत महत्वपूर्ण भूमिका खेल्छ। विचार तथा अभिव्यक्ति स्वतन्त्रताको प्रयोग, संरक्षण र संवर्धनका लागि प्रेस यस्तो माध्यम हो जसले शरीरमा रक्तसञ्चारले खेलेको भूमिका सरह समाजमा भूमिका निर्वाह गरीरहेको हुन्छ। नेपालको संविधानको धारा १७ ले विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकारलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। धारा १९ मा सञ्चारको हकअन्तर्गत कुनै पनि सञ्चारमाध्यमलाई सेन्सर गर्न नपाइने र सूचना प्रसारणमा प्रतिबन्ध लगाउन नपाइने व्यवस्था छ। धारा २७ मा सूचनाको हकले नागरिकलाई सार्वजनिक निकायबाट सूचना माग्ने र प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ। यो अवस्था हेर्दा पछिल्लो अवस्थामा संगठित हुने, मनमा लागेका कुरा खुलेर नै बोल्ने, सञ्चार माध्यम लेख, रचना तथा विचार प्रकाशनमा रोक लागेको पाइदैन। विचार र अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक, प्रेस स्वतन्त्रतालगायत नागरिकका आधारभूत अधिकारको संरक्षण, संवर्धन र प्रचलनका लागि पत्रकारिताका सिद्धान्त, अन्तर्राष्ट्रिय मूल्य-मान्यताका आधारमा पत्रकारिताको व्यावसायिक अभ्यासलाई उच्च पेशागत, मर्यादित, जवाफदेही एवं उत्तरदायी बनाउन प्रेस काउन्सिल ऐन, २०४८ जारी गरेको अवस्था छ। सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले नागरिकलाई सार्वजनिक निकायबाट सूचना प्राप्त गर्ने अधिकार प्रदान गरेको छ ।संविधानले संवैधानिक हक प्रदान गरेको छ। प्रेस तथा प्रकाशन ऐन, २०४८ ले प्रेस स्वतन्त्रता र पत्रपत्रिकाको प्रकाशनलाई नियमन गर्छ। राष्ट्रिय प्रसारण ऐन, २०४९ रेडियो र टेलिभिजन प्रसारणलाई नियमन गर्छ।

यसले प्रसारण अनुमति, सामग्री नियमन र सञ्चारमाध्यमको स्वतन्त्रताको पक्षलाई समेट्छ। साइबर अपराधसम्बन्धी व्यवस्था विद्युतीय कारोबार ऐन, २०६३ ले अनलाइन सामग्री, सामाजिक सञ्जाल र डिजिटल पत्रकारितालाई नियमन गरेको छ। नेपाल पत्रकार महासंघ र प्रेस काउन्सिल नेपालद्वारा जारी पत्रकार आचारसंहिता, २०७३ ले पत्रकार र सञ्चारमाध्यमलाई स्वतन्त्र, निष्पक्ष र जवाफदेही पत्रकारिता गर्न मार्गदर्शन गरेको छ। यसले अभिव्यक्ति स्वतन्त्रताको उपयोगलाई नैतिक र व्यावसायिक बनाउन जोड दिएको पाइन्छ।

### ५.१५.उपयुक्त बासस्थान तथा आवासको अधिकार

सुदूरपश्चिम प्रदेशमा उपयुक्त बासस्थान तथा आवासको अधिकारको अवस्था नेपालको संविधान २०७२ को धारा ३७ ले प्रत्याभूत गरेको मौलिक हक अन्तर्गत पर्छ। यो धाराले प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक सुनिश्चित गर्छ र कसैलाई पनि बिना मुआब्जा आफ्नो आवासबाट हटाउन नपाइने व्यवस्था गरेको छ। नेपालको संविधानको धारा ३७ ले प्रत्येक नागरिकलाई सुरक्षित, स्वच्छ, र मर्यादित आवासको हक छ। राष्ट्रिय आवास नीति, २०६८ नीतिले किफायती, सुरक्षित, र वातावरणमैत्री आवास सुनिश्चित गर्न जोड दिएको छ। भूमिसम्बन्धी ऐन, २०२१ यो ऐनले सुकुम्बासी र भूमिहीनहरूलाई आवास र जमिनको व्यवस्था गर्न नीतिगत आधार प्रदान गरेको छ। सुदूरपश्चिममा सुकुम्बासी समस्यालाई सम्बोधन गर्न यो ऐन महत्त्वपूर्ण छ।

सुदूरपश्चिममा अधिकांश जनसङ्ख्या लगभग ग्रामीण क्षेत्रमा बस्छ। धनगढी र महेन्द्रनगर जस्ता सहरी क्षेत्रमा पक्की आवासको सङ्ख्या बढ्दै छ। तर बस्तीहरू अव्यवस्थित छन्। सहरी गरिबी र अनौपचारिक बस्तीहरू (जस्तैः सुकुमबासी बस्ती) ले उपयुक्त आवासको चुनौती थपेका छन्। सुदूरपश्चिममा ठूलो सङ्ख्यामा सुकुमबासी र भूमिहीन परिवारहरू छन्। यी परिवारहरूलाई उपयुक्त आवास र जमिन उपलब्ध गराउन सरकारले प्रयास गरिरहेको छ।

सुदूरपश्चिममा बाढी, पहिरो, र डडेल्धुरा जस्ता क्षेत्रमा हिमपातले आवासमा क्षति पुऱ्याउँछ। प्रदेश सरकारले जनता आवास कार्यक्रम अन्तर्गत सुदूरपश्चिमका सीमान्तकृत समुदायहरूलाई पक्की घर निर्माण गर्न सहयोग गर्छ। तर बजेट अभाव र स्थानीय स्तरमा समन्वयको कमीले यो कार्यक्रम पूर्ण प्रभावकारी भएको छैन। सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत यस प्रदेशको विभिन्न स्थानीय तहहरुले कार्यक्रम सञ्चालन गरेको अवस्था छ। यो कार्यक्रमले कच्ची घर भएका परिवारलाई पक्की घर निर्माण गर्न अनुदान प्रदान गर्छ। सुदूरपश्चिममा गरिबीको दर उच्च छ, जसले परिवारहरूलाई उपयुक्त आवास निर्माण गर्न कठिन बनाउँछ। किफायती आवास योजनाहरूको अभावले समस्या थपिएको छ। बाढी, पहिरो, र डुबानले आवासमा बारम्बार क्षति पुऱ्याउँछ। जलवायु परिवर्तनले यो जोखिमलाई थप बढाएको छ। महिलाहरू, एकल महिला र सीमान्तकृत समुदायहरूलाई आवासमा स्वामित्व र पहुँच कम छ। स्वच्छ खानेपानी, बिजुली, र ढल व्यवस्थापन जस्ता आधारभूत सुविधाहरूको अभावले उपयुक्त आवासको मापदण्ड पूरा गर्न कठिनाइ रहेको छ।

सुदूरपश्चिममा अधिकांश जनसङ्ख्या लगभग ग्रामीण क्षेत्रमा बस्छ। धनगढी र महेन्द्रनगर जस्ता सहरी क्षेत्रमा पक्की आवासको सङ्ख्या बढ्दै छ, तर बस्तीहरू अव्यवस्थित छन्। सहरी गरिबी र अनौपचारिक बस्तीहरू (जस्तैः सुकुमबासी बस्ती) ले उपयुक्त आवासको चुनौती थपेका छन्। सुदूरपश्चिममा ठूलो सङ्ख्यामा सुकुमबासी र भूमिहीन परिवारहरू छन्। यी परिवारहरूलाई उपयुक्त आवास र जमिन उपलब्ध गराउन सरकारले प्रयास गरीरहेको छ। सुदूरपश्चिममा बाढी, पहिरो र डडेल्धुरा जस्ता क्षेत्रमा हिमपातले आवासमा क्षति पुऱ्याउँछ। प्रदेश सरकारले जनता आवास कार्यक्रम अन्तर्गत सुदूरपश्चिमका सीमान्तकृत समुदायहरूलाई पक्की घर निर्माण गर्न सहयोग गर्छ। तर बजेट अभाव र स्थानीय स्तरमा समन्वयको कमीले यो कार्यक्रम पूर्ण प्रभावकारी भएको छैन।

### ५.१६. बालबालिकाको अधिकार

अठार वर्ष उमेर पुरा नभएको व्यक्तिलाई बालबालिका भनिन्छ। बालबालिकाको नाम र राष्ट्रियताको अधिकार, आमाबाबुसँग बसोबास गर्ने अधिकार, पारिवारिक पुनर्मिलनको अधिकार, विचार तथा अभिव्यक्तिको स्वतन्त्रताको अधिकार, बाल संगठन खोल्ने र सहभागी हुने अधिकार, स्वास्थ्यको अधिकार, शिक्षा प्राप्त गर्ने अधिकार, सामाजिक सुरक्षाको अधिकारका साथै अपाङ्गता भएका बालबालिकाका लागि विशेष व्यवस्थाको अधिकार जस्ता बालबालिकाको जीवन, सुरक्षा, संरक्षण पाउने अधिकारहरुको पहिचान तथा संरक्षण विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनहरुले गरेको पाइन्छ। बालबालिकाका जीवन, पहिचान, संरक्षण, सहभागिता, स्वतन्त्रता र अविभेदको अधिकारलाई प्रादेशिक कानूनले पनि समेटेको छ। बालबालिकाहरुको उल्लिखित अधिकारहरुको प्रत्याभूति गर्ने दायित्व आमाबाबु रहन्छ भने राज्यले समेत यस्ता विषयहरुमा नीति, कानून तथा कार्यक्रमहरु मार्फत प्रत्याभूत गर्नुपर्ने हुन्छ। बालबालिकामाथि हुने भेदवभाव अन्त्य गरी उनीहरुहरुको विकास गर्ने तथा लागुऔषध, ओसारपसार तथा बेचबिखन जस्ता अपराधिक घटनाबाट सुरक्षा प्रदान गर्ने दायित्व समेत राज्य वा राज्यको सम्बन्धित निकायहरुमा निहित रहन्छ।

बालबालिकाको संरक्षण, सुरक्षा, विकास र सहभागिताको विषयलाई अन्तर्राष्ट्रिय कानूनले मानव अधिकारको रुपमा उल्लेख गरेको छ। बालबालिकालाई जीवन, समानता, सुरक्षाका साथै विभेद विरुद्धको अधिकार हुनेछ। त्यसैगरी प्रत्येक बालबालिकाको जीवन र विकासको अधिकार, विचार र अभिव्यक्तिको स्वतन्त्रताको अधिकारको सुनिश्चितता हुनुका साथै बालबालिकालाई कुनैपनि किसिमको भेदभावबाट सुरक्षित हुने हक हुने आदि अन्तर्राष्ट्रिय कानुनी प्रावधानहरु रहेको देखिन्छ। सशस्त्र संघर्षमा बालबालिकाको प्रयोग र बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति र अश्लिल चित्रणविरूद्धको अधिकारलाई बाल अधिकारको रुपमा स्थापित गरिएको छ। बालबालिकाहरुलाई श्रममा लगाउने विषयलाई समेत अन्तर्राष्ट्रिय कानूनले रोक लगाएको छ। बालबालिकाको सर्वोत्तम हित, विकास, सहभागिता र विना भेदभाव पहुँचको अधिकारलाई विभिन्न् क्षेत्रीय महासन्धिहरूले समेत समेटेको छ। दक्षिण एसियामा रहेको सार्क महासन्धि, २००२ बालबालिकाको हित र कल्याणलाई प्रवर्द्धन गर्नका लागि विशेष जोड दिएको पाइन्छ।

अन्तर्राष्ट्रिय र क्षेत्रीय कानूनहरुमा भएको बालबालिका सम्बन्धी व्यवस्थालाई नेपालको राष्ट्रिय कानूनहरूले समेत समेटेको छ। बालबालिकाको पहिचान सहित नाम र जन्मदर्ताको हक, पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा, शारीरिक, मानसिक वा अन्य कुनैपनि किसिमको शोषणविरूद्ध संरक्षण पाउने हकलाई नेपालको संविधानको धारा ३९ ले मौलिक हकको रूपमा उल्लेख गरिएको छ भने असहाय, अनाथ, अपाङ्गता भएका, संघर्षपीडित, विस्थापित एवं जोखिममा परेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा हुने तथा कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन वा सेना, प्रहरी वा संघर्षमा बालबालिकाको प्रयोगलाई निषेध गरेको पाइन्छ। वर्तमान

अवस्थामा बालबालिका सम्बन्धी ऐन, २०७५, बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६, कमैया श्रम (निषेध गर्ने सम्बन्धी) ऐन, २०५८, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ कार्यान्वयनमा भएका कानूनहरु हुन्। यसका साथै बालबालिका माथिको दुर्व्यवहार अन्त्य गर्न तथा तीनै तहका सरकार लगायतको साझेदारी र व्यवस्थापनमा बालगृह, बालग्राम र बाल सुधार गृहहरुको भौतिक पूर्वाधार विकास गरिने लक्ष्य नेपाल सरकारले लिएको छ। बाल न्याय प्रणालीलाई थप प्रभावकारी बनाउने, बाल उद्दार तथा पुनःस्थापना कार्यक्रम सञ्चालन गर्ने र सोको लागि प्रदेश तथा स्थानीय तहमा आपतकालीन बाल उद्दार कोषको व्यवस्था गर्ने समेत नेपाल सरकारको नीति रहेको देखिन्छ। बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बाल विकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउने उद्देश्यले राष्ट्रिय शिक्षा नीति २०७६ ल्याएको छ भने प्रत्येक बालबालिकाको उच्चतम हितलाई ध्यानमा राख्दै सर्वाङ्गीण विकास तथा अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गरी बालमैत्री राष्ट्र निर्माण गर्नका लागि राष्ट्रिय बालबालिका नीति, २०८० लागु गरिएको छ। नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धीहरुमा उल्लेख गरे बमोजिमको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने दायित्व पूरा गर्नका लागि नेपाल सरकारले मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना तर्जुमा गरी बाल अधिकार र बाल न्यायका लागि संघ, प्रदेश र स्थानीय तहको जिम्मेवारी उल्लेख गरेको छ। यस कार्ययोजनाले बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ मा आवश्यकतानुसार सुधार गरी प्रभावकारी कार्यान्वयन गर्ने तथा बाल सहभागिता अभिवृद्धि गर्ने, बालबालिका विरुद्ध हुने सबै किसिमका हिंसाको अन्त्य गर्ने, बालबालिकाको आपतकालीन उद्दारको व्यवस्था गर्ने, विशेष संरक्षण भएका बालबालिकालाई सेवा र सहयोग उपलब्ध गराउने, अपाङ्गता भएका बालबालिकाको पहिचान गरी अनुकुल शैक्षिक अवसरको सिर्जना गर्ने जस्ता उद्देश्य लिई सोको लागि प्रदेश तथा स्थानीय सरकारलाई जिम्मेवार वनाइएको छ। यसका साथै नेपालको संविधानको धारा १७४ को उपधारा (१) र धारा २९६ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी सुदूरपश्चिम प्रदेशमा प्रदेश स्तरीय र स्थानीय सरकारको जिम्मेवारी निर्धारण गरिएको छ।यसले मानव अधिकारका विभिन्न विषयहरुलाई सम्बोधन गर्नका लागि प्रदेश सरकार र स्थानीय सरकारलाई विभिन्न प्रकारको जिम्मेवारी दिएको देखिन्छ।त्यस्ता मानव अधिकारका विषयहरु मध्ये एक महत्वपूरण विषयको रुपमा रहेको बाल अधिकारसँग जोडिएको जीवन, सुरक्षा, स्वतन्त्रता र संरक्षणको विषयहरु समेत पर्दछन्।तसर्थ बालबालिकाको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा तथा कार्यान्वयन गरी बालमैत्री शासकीय प्रणाली सञ्चालन गर्ने; बाल उद्दार कोष व्यवस्था गर्ने तथा बाल सुधार र पुनःस्थापना गर्ने समेतको लागि सामाजिक विकास मन्त्रालयलाई जिम्मेवार बनाइएको छ। कानूनी विवादमा परेका बालबालिकाको सुधार र पुनर्स्थापना गर्नको लागि नेपालमा छुट्टै बाल सुधार गृहको स्थापना गर्ने कानूनी व्यवस्था रहेको देखिन्छ। सोही कानूनी व्यवस्था अनुरुप सुदूरपश्चिम प्रदेशको डोटीमा बाल सुधार गृहको स्थापना गरिएको भएतापनि

उक्त बाल सुधार गृहमा बालिकाहरु राख्ने व्यवस्था भने नभएको देखिन्छ। बाल सुधार गृहमा रहेका बालबालिकाको सो गृहमा रहनुपर्ने अवधि बाँकी हुँदाको अवस्थामा निजको उमेर १८ वर्ष पुगेमा निजको बानी व्यहोरामा आएको सुधार, आर्जन गरीरहेको सीप तथा शिक्षाको निरन्तरता लगायतलाई ध्यानमा राखी बाँकी अवधिसम्मका लागि बाल सुधार गृहमा अन्य बालबालिकासँग अलग हुने गरी राख्नुपर्ने कानूनी प्रावधान रहेको छ । सूर्ति, मदिरा र लागु पदार्थजन्य वस्तुको मापदण्ड, नियन्त्रण तथा नियमन समेत सोही मन्त्रालयको कार्यक्षेत्र पर्ने हुनाले क्याम्पस र विद्यालय जस्ता शैक्षिक संस्थाहरुको नजिक यस्ता सामग्रीको बिक्री वितरणलाई नियन्त्रित गरी बालबालिकालाई कुलतमा फस्नबाट बचाउने दायित्व समेत रहन्छ। विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद लगायतका पारिवारिक मामिला सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमनको जिम्मेवार निकायको रुपमा आन्तरिक मामिला र कानून मन्त्रालय; लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धनका लागि भौतिक पूर्वाधार विकास मन्त्रालय; खोप र परिवार नियोजन, लैङ्गिक हिंसा, मानव बेचविखन तथा ओसारपसार सम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय एवं पुनःस्थापना, महिला सशक्तिकरण तथा लैङ्गिक समानता सम्बन्धी अध्ययन/अनुसन्धान र लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक परिक्षण गर्नुका साथै महिला सम्बन्धी कार्यहरुको अनुगमन र मुल्याङ्कन समेतको लागि सामाजिक विकास मन्त्रालयको व्यवस्था गरिएको छ। सुदूरपश्चिम प्रदेशको प्रत्येक स्थानीय तहमा रहेको बाल विकास केन्द्रलाई नमूना बाल विकास केन्द्रको रुपमा विकास गर्ने, विद्यालय नर्स कार्यक्रमलाई क्रमिक रुपमा विस्तार गर्ने, स्थानीय उत्पादमा आधारित विद्यालय दिवाखाजा कार्यक्रमलाई प्रोत्साहन गरी आवश्यक सहयोग गर्ने तथा पूर्ववत् रुपमा सञ्चालित "बादी उत्थान छात्रवृत्ति कार्यक्रम" लाई निरन्तरता दिई उनीहरुको प्राविधिक र उच्च शिक्षामा पहुँच विस्तार गर्न छात्रवृत्तिको व्यवस्था गर्ने समेतको नीति सुदूरपश्चिम प्रदेश सरकारले लिएको देखिन्छ। यसका साथै अपाङ्गता भएका र सीमान्तकृत वर्गका बालबालिकालाई लक्षित गरी शैक्षिक पूर्वाधार निर्माण गर्ने तथा बालबालिकामा हुने कुपोषण न्यूनीकरण गर्ने समेतको नीति सुदूरपश्चिम सरकारको रहेको देखिन्छ। बाल विवाह विरुद्धको रणनीति तर्जुमा गर्ने उद्देश्यले तत्कालीन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले सरकारी तथा गैर सरकारी सरोकारवाला निकायहरुको सहभागितामा सन् २०१४ मा बाल विवाह दर उच्च रहेका ६ जिल्लाहरुमा खोजमूलक अनुसन्धान गरिएकोमा सुदूरपश्चिम प्रदेशको बझाङ र बैतडी जिल्ला समेत रहेको देखिन्छ। जसले सन् २०३० सम्ममा नेपालमा बाल विवाह अन्त्य गर्ने लक्ष्य लिई बालिका र किशोरीको सशक्तीकरण, गुणस्तरीय शिक्षा, सहभागिता, सेवा प्रवाह, कानून र नीतिको सुदृढीकरण तथा कार्यान्वयन गर्ने विषयहरुमा केन्द्रीत रहेको देखिन्छ। यस प्रदेशमा बालविवाहको अवस्थालाई हेर्दा १० बर्षमुनि विवाह हुने पुरुष ०.१२ प्रतिशतर महिला ०.७७ प्रतिशत गरी जम्मा ०.४९ प्रतिशत रहेको; १०-१४ वर्षको पुरुष ३.९७ प्रतिशत र महिला १२.१४ प्रतिशत गरी जम्मा

९.२४ प्रतिशत; १५-१७ वर्षको पुरुष १५.११ प्रतिशत र महिला ३१.८२ प्रतिशत गरी जम्मा २४.७१ प्रतिशत रहेको छ। बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने सबै प्रकारका हिंसाको अन्त्य गर्न बालबालिका सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुका साथै हिंसा र जोखिममा पर्का बालबालिकाको लागि प्रदेश बालकोष स्थापना गर्ने र बालबिवाह न्यूनीकरण र निर्मूलीकरणका लागि "सानै छु म, बढ्न देउ, बाल विवाह होइन पढ्न देउ" भनी अभियान सञ्चालन गरी जनचेतना फैलाउने समेतको नीति सुदूरपश्चिम प्रदेश सरकारले लिएको देखिन्छ। यसको लागि प्रदेश सरकारका साथै स्थानीय तहहरुले निकै महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ। बालबालिकाको अधिकारसँग जोडिएका विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनहरूले बालबालिकाको सर्वोत्तम हित र अधिकारमा पहुँचको सुनिश्चितता गरेका छन्। यस्ता कानूनहरुले उल्लेख गरेका अधिकारहरुको सम्मान, संरक्षण र सम्बर्द्धनका लागि राज्यको तीनवटै तहमा कार्यान्वयन संयन्त्रहरुको समेत व्यवस्था गरिएको छ। यस्ता संयन्त्रहरुबाट बालबालिका लक्षित अनिवार्य र निःशुल्क शिक्षा, विद्यालय दिवाखाजा, सेनिटरी प्याड वितरण, छात्रवृत्ति आदिका साथै सचेतनामूलक कार्यक्रममा सहभागिता गराउँदै आएका छन्। तर यस्ता कार्यक्रमहरुका बावजुद पनि यस प्रदेशमा बालबालिकाको सम्मान र संरक्षणसँग जोडिएका धेरै समस्या तथा समाधानका लागि चुनौतीहरु विद्यमान रहेको अवस्था छ। यस प्रदेशको प्रायःजसो भागमा भौगोलिक विकटता, गुणस्तरीय शिक्षाको अभाव, स्वास्थ्य र पोषण सम्बन्धी चेतनाको कमी, गरिबी,असमान पहुँच र अवसरका साथै आर्थिक, सामाजिक,लैङ्गिक तथा जातीय विभेदजस्ता समस्याहरू विद्यमान छन्। नेपालको संविधानको धारा २४९ ले निर्दिष्ट गरेको कार्यादेश अनुरुप आयोगको सुदूरपश्चिम प्रदेश कार्यालयले बालबालिकाको अधिकारको सम्मान, संरक्षण र त्यसको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नको लागि बाल अधिकारको अवस्था अनुगमन, बाल अधिकारको प्रवर्द्धन र बालबालिका विरुद्धका मानव अधिकार उल्लघंनका घटनाहरुको अनुसन्धान गरी न्यायमा पहुँचको अधिकारको सुनिश्चितता गर्दै आएको छ।

### ५.१७. मुक्त कमैया, कम्लहरी, हलिया र भूमिहिन सुकुम्वासीहरुको अवस्था

सुदूरपश्चिम प्रदेशमा मूक्त कमैया, कम्लहरी, हलिया र भूमिहिन सुकुम्वासीहरुको समस्या नौलो होईन। पहिले पहाडमा पुर्खाको घर जमिन भएको र जीविकोपार्जन सिमित भएकाले तराई-मधेशमा बसाईसराई गर्दा, वाढी पहिरोले भएको घरखेत बगाउदा सुकुम्वासीकोरुपमा ऐलानी पर्ती जग्गा, आरक्ष तथा वन क्षेत्र, सार्वजनिक बाझो जग्गामा बर्षौं देखि बसोवास गरी आएका, आफ्नो जग्गा जमिन नहुने अरुको खेत जोती मालिकले दिएको अन्नपातबाट गुजारा गर्ने हलिया, कमैया र कमल्लहरी प्रथा चलि आएकोमा नेपाल सरकारले कमैया, कम्लहरी र हलिया प्रथा उन्मूलन गरे पनि अझै पनि उनीहरुको आधारभूत मानव अधिकारहरू जस्तै शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक समानताको पूर्ण उपभोग गर्न सकिरहेका छैनन्। भूमिहिन सुकुम्वासीहरुको समेत समयमै पहिचान गरी स्थायी समाधान गर्नुपर्नेमा सो नभइ समाधान गर्ने नाममा राजनैतिकरुपमा विभिन्न आयोगहरु बनेतापनि समस्या अझै

पूर्णरुपमा समाधान हुनसकिरहेको छैन। सुदूरपश्चिम प्रदेशमा मुक्त कमैयाहरूको मानव अधिकारको अवस्थालाई हेर्दा करिव २५ वर्ष विति सक्दा समेत अझै पनि मुक्त कमैयाहरुको माग पुरा हुन सकेको छैन्। कमैया र हलिया मुक्ति पछि सरकारले पुनर्वास र जमिन वितरणको नीति ल्याए पनि कार्यान्वयन प्रभावकारी छैन। धेरैजसो अझै पनि भूमीहीन रहेको गुनासो आईरहेको छ। जमिन पाएकाले पनि नदी, कटान हुने क्षेत्र र बन्जर जमिन प्राप्त गरेकोले सधै जोखिम र जिविकोपार्जन गर्न कठिनाई भएको पाईएको छ। फलस्वरुप पुनःस्थापनाका लागि दिएको जग्गा नदी कटान, वन्यजन्तुको आतङ्क र बजारबाट टाढा भएका हुने हुँदा  जीविकोपार्जनमा कठिनाइ रहेको अवस्था छ। कतिपय घरपरिवार नदी कटानले फेरी पनि भूमिहीन भएका छन् भने कतिपय वन क्षेत्र नजिक पुनःस्थापना भएपछि वन्यजन्तुको डरमा बस्न बाध्य रहेको अवस्था रहेको छ। कतिपयले लालपुर्जा पाएका छन् तर स्थानीय तथा सामुदायिक वनको अवरोधका कारण जग्गा चिन्न र चलन-भोग गर्न नसकेको अवस्था रहेकोले सुदूरपश्चिम प्रदेशमा मुक्त कमैया, कम्लहरी, भूमिहीन, सुकुम्वासी, हलीयाहरूको मानव अधिकारको सुनिश्चितता गर्नु जटिल र चुनौतीपूर्ण रहेको छ। सबै प्रकारको जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ नेपालले सन् १९७१ मा यो महासन्धिलाई अनुमोदन गरेको छ। यो महासन्धिले जातीय भेदभाव र छुवाछूतलाई निषेध गर्छ, जसले कमैया समुदायमाथि हुने सामाजिक र आर्थिक शोषणलाई सम्बोधन गर्छ। नेपालले यो महासन्धिका प्रावधानलाई राष्ट्रिय कानूनमार्फत कार्यान्वयन गर्ने दायित्व स्वीकार गरेको छ। सन्धि ऐन, २०४७ को दफा ९ अनुसार यो महासन्धि नेपालको कानूनसरह लागु हुन्छ। अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) महासन्धि नं. २९ (जबरजस्ती श्रम, १९३०) नेपालले यो महासन्धिलाई अनुमोदन गरेको छ, जसले जबरजस्ती श्रम र बँधुवा श्रमलाई निषेध गर्छ। मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ४ ले कसैलाई पनि दासता वा बँधुवा श्रममा राख्न नपाइने व्यवस्था छ, जसले कमैया प्रथालाई निषेध गर्छ। धारा २३ ले सबैलाई स्वतन्त्र रूपमा रोजगारी छनोट गर्ने र उचित पारिश्रमिक प्राप्त गर्ने अधिकार छ, जसले मुक्त कमैयाहरूलाई रोजगारी र सामाजिक सुरक्षाको अवसर प्रदान गर्नुपर्ने दायित्व सिर्जना गर्छ। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ नेपालले सन् १९९१ मा यो प्रतिज्ञालाई अनुमोदन गरेको छ। यसले व्यक्तिगत स्वतन्त्रता, समानता र शोषणविरुद्धको अधिकार सुनिश्चित गरेको छ। जसले कमैया समुदायको संरक्षणमा सहयोग गर्छ।

सुदूरपश्चिमको ग्रामीण क्षेत्रमा बाढी, पहिरो, र अन्य प्राकृतिक प्रकोपले मुक्त कमैया कम्लहरी, हलिया र भूमिहिन सुकुम्वासीहरुहरूको जीवनलाई थप कठिन बनाएको छ। उनीहरूको बस्तीहरू प्रायः जोखिमयुक्त क्षेत्रमा छन्, जसले उनीहरूको जीवन र सम्पत्तिको अधिकारलाई प्रभावित पार्छ। सुदूरपश्चिम प्रदेशमा उनीहरुको मानव अधिकारको अवस्था सुधारको लागि संघ र प्रदेश सरकारले उपयुक्त नीतिगत र सामाजिक सुधारको खाँचो छ। जमिन वितरण, शिक्षा, स्वास्थ्य, र रोजगारीका अवसरहरूमा पहुँच बढाउनुका साथै सामाजिक भेदभाव र लैङ्गिक हिंसाविरुद्ध कडा कदम चाल्नु आवश्यक छ। साथै, स्थानीय सरकार र गैरसरकारी संस्थाहरूको समन्वयमा प्रभावकारी पुनर्वास कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ।

### ५.१८. मानव अधिकार रक्षकहरुको अधिकार

मानव अधिकार रक्षक भन्नाले पत्रकार, मानवअधिकारकर्मी, मानवअधिकारका विविध क्षेत्रमा रही वकालत, पैरवी अध्ययन, अध्यापन, अनुसन्धान,पिडीतको न्यायको लागि अग्रसरहुने गैरराजनैतिक प्रकृतिको जुनसुकै व्यक्ति वा समूहलाई सामान्य अर्थमा मानव अधिकार रक्षक जनाउदछ। संयुक्त राष्ट्रसंघको मानव अधिकार रक्षकको अधिकार र दायित्व सम्बन्धी घोषणा" (१९९८) जारी गर्यो। यसलाई छोटकरीमाः "Declaration on Human Rights Defenders" भनिन्छ। सन् ९ डिसेम्बर १९४८ संयुक्त राष्ट्रसंघको महासभा (UN General Assembly) ले विश्व मानव अधिकार घोषणा पत्र (1948) को १० डिसेम्बरका दिनमा ५० औं वार्षिकोत्सवको सन्दर्भमा जारी भएको थियो। यसले मुख्यरुपमा मानव अधिकार रक्षकहरुको राज्यले प्रदान गर्नुपर्ने सुरक्षा र स्वतन्त्ररुपमा नागरिकको अधिकारको पक्षमा काम गर्ने वातावरण श्रृजना गर्नुपर्ने व्यवस्था रहेको छ। आफ्नो अभिव्यक्ति स्वतन्त्रताको उपभोग गर्न पाउने अधिकार नेपालको संविधानमा उल्लेख भएको छ त्यसबाट कोही पनि वञ्चित हुनु हुँदैन। यदि त्यसो भयो भने त त्यो समाज स्वतन्त्र र प्रजातान्त्रिक समाज नै हुँदैन। सबैभन्दा बढी जोखिम क्षेत्र प्रेस हो। प्रेसले लोकतन्त्रको रक्षा र विकासका लागि समेत महत्वपूर्ण भूमिका खेल्छ र अग्रपंतीमा हुन्छ। नेपालको संविधानको धारा १७ ले विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकारलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। धारा १९ मा सञ्चारको हकअन्तर्गत कुनै पनि सञ्चारमाध्यमलाई सेन्सर गर्न नपाइने र सूचना प्रसारणमा प्रतिबन्ध लगाउन नपाइने व्यवस्था छ। धारा २७ मा सूचनाको हकले नागरिकलाई सार्वजनिक निकायबाट सूचना माग्ने र प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ। विचार र अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक, प्रेस स्वतन्त्रतालगायत नागरिकका आधारभूत अधिकारको संरक्षण, संवर्द्धन र प्रचलनका लागि पत्रकारिताका सिद्धान्त, अन्तर्राष्ट्रिय मूल्य-मान्यताका आधारमा पत्रकारिताको व्यावसायिक अभ्यासलाई उच्च पेशागत, मर्यादित, जवाफदेही एवं उत्तरदायी बनाउन प्रेस काउन्सिल ऐन, २०४८ जारी गरेको अवस्था छ। सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले नागरिकलाई सार्वजनिक निकायबाट सूचना प्राप्त गर्ने अधिकार प्रदान गरेको छ। पत्रकार र सञ्चार माध्यमले यो ऐन अन्तर्गत सूचना माग्न सक्छन् भनी उल्लेख गरिएको छ। प्रेस तथा प्रकाशन ऐन, २०४८ ले प्रेस स्वतन्त्रता र पत्रपत्रिकाको प्रकाशनलाई नियमन गर्छ। राष्ट्रिय प्रसारण ऐन, २०४९ रेडियो र टेलिभिजन प्रसारणलाई नियमन गर्छ। यसले प्रसारण अनुमति, सामग्री नियमन र सञ्चारमाध्यमको स्वतन्त्रताको पक्षलाई समेट्छ। साइबर अपराधसम्बन्धी व्यवस्था विद्युतीय कारोबार ऐन, २०६३ ले अनलाइन सामग्री, सामाजिक सञ्जाल र डिजिटल पत्रकारितालाई नियमन गरेको छ। यस्तै संयुक्त राष्ट्रसंघको मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १९ मा प्रत्येक व्यक्तिलाई विचार र अभिव्यक्ति स्वतन्त्रताको अधिकार छ। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा, १९६६ को धारा १९ मा सबैलाई विचार र अभिव्यक्ति स्वतन्त्रताको अधिकार छ। नेपालमा अभिव्यक्ति स्वतन्त्रता र सञ्चारसम्बन्धी कानुनी व्यवस्थाहरू संविधानद्वारा संरक्षित छन्, तर तिनको कार्यान्वयनमा कमजोरी, अस्पष्ट प्रावधानहरू र राजनीतिक दबाबले चुनौती खडा गरेका छन्। पत्रकार आचारसंहिता र सूचनाको हकले स्वतन्त्र

पत्रकारितालाई प्रोत्साहन गरे पनि, डिजिटल मिडिया र साइबर कानूनहरूको दुरुपयोगले अभिव्यक्ति स्वतन्त्रतामाथि जोखिम बढाएको छ। सुदूरपश्चिम प्रदेशमा सञ्चारकर्मीहरूको मानव अधिकारको अवस्था समग्रमा जटिल र चुनौतीपूर्ण छ।

नेपालमा मानव अधिकारको संरक्षण र संवर्धनका लागि राष्ट्रिय मानव अधिकार आयोगले यो विषयमा काम गरीरहेको भएता पनि सञ्चारकर्मीहरूले विभिन्न जोखिम र दबाबको सामना गर्नुपरेको अवस्था रहेको आयोगको विभिन्न अनुगमन तथा संचार अनुगमनले देखाउदछ। सुदूरपश्चिम प्रदेशमा सञ्चारकर्मीहरूले प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताको हक अन्तर्गत समाचार संकलन, प्रकाशन, र प्रसारणको काम गरीरहेको अवस्था छ। स्थानीय नेताहरू, प्रशासन, र प्रभावशाली व्यक्तिहरूबाट समाचार लेखनमा हस्तक्षेप वा धम्कीको सामना गर्नुपरेको छ। सुदूरपश्चिमका अधिकांश सञ्चारमाध्यम साना र सीमित स्रोतमा सञ्चालित छन्, जसले सञ्चारकर्मीहरूको आर्थिक सुरक्षा र स्वतन्त्रतामा असर पार्छ। आर्थिक समस्याले गर्दा यस प्रदेशमा रहेका केही छापा पत्रपत्रिका तथा एफएमहरु बन्द भएको अवस्था छ। न्यून तलब र असुरक्षित रोजगारीले उनीहरूको स्वतन्त्र पत्रकारितामा बाधा पुर्याएको देखिन्छ जसको कारण यस क्षेत्रमा टिक्न समस्या देखिएको छ। सुदूरपश्चिम प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गृह मन्त्रालयले पनि मानव अधिकार संरक्षणमा समन्वय गर्छ, तर मानव अधिकार रक्षकहरुको विशिष्ट समस्यालाई सम्बोधन गर्ने स्पष्ट नीति र कार्यान्वयनको अभाव रहेको देखिएको छ। सुदूरपश्चिममा सञ्चारकर्मीहरूको श्रम अधिकारको अवस्था कमजोर छ। धेरैजसो मानव अधिकार रक्षकको रुपमा पत्रकारहरु न्यून तलबमा काम गर्छन्, र कतिपयलाई नियमित तलब पनि प्राप्त हुँदैन। श्रमजिवी पत्रकार ऐन को कार्यान्वयन प्रभावकारी नहुँदा सञ्चारकर्मीहरूले सामाजिक सुरक्षा, स्वास्थ्य बिमा, र अन्य सुविधाहरूबाट वञ्चित छन्।

### ५.१९. विपद् र मानव अधिकार

कुनै स्थानमा आपतकालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकुल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद सम्झनु पर्छ भनी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ मा विपद्लाई परिभाषित गरिएको छ। विपद्ले मानवीय जनजीवनलाई प्रभावित पार्दछ भने प्राकृतिक भौगोलिक भुबनोटमा फेरवदल ल्याइदिन गर्छ। नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकार सूची र अनुसुची ९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा अधिकारको सूचीमा विपद् व्यवस्थापन उल्लेख भएको छ। विपद्बाट सुरक्षित रहनु प्रत्येक व्यक्तिको अधिकार हो भने सुरक्षित राख्नु राज्यको कर्तव्य हो। उक्त व्यवस्थालाई दृष्टिगत गरी विपदबाट हुने क्षती न्यूनीकरण गर्ने हेतुका साथै विपद् व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पति, प्राकृतिक एवं सांस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित प्रचलित कानूनलाई संसोधन र एकीकरण गर्नका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ लागु गरिएको छ। आयोगबाट विपद व्यवस्थापनका सम्बन्धमा आवश्यक

पूर्व तयारी गर्न भनी सुदूरपश्चिम प्रदेश सरकार, सुदूरपश्चिम प्रदेशका ९ जिल्ला प्रशासन कार्यालय र ८८ वटै स्थानीय तहलाई पत्राचार गरिएको थियो।

**५.२०. मानव अधिकार राष्ट्रिय कार्ययोजना र विश्वव्यापी आवधिक पुनरावलोकन**

सन् १९९३ मा अष्ट्रियाको भियानामा सम्पन्न संयुक्त राष्ट्र सङ्घीय विश्व मानव अधिकार सम्मेलनले संयुक्त राष्ट्र सङ्घका सदस्य सदस्य राष्ट्रहरूलाई विश्वमा मानव अधिकार संस्कृतको विकासका लागि सहकार्य गर्न एवं मानव अधिकारको संरक्षण र प्रवर्द्धनको लागि राष्ट्रिय कार्ययोजना तयार गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न आह्वान गरेको थियो।

